# बुद्धोपदेशित-धर्म

[ बुद्ध-धर्म ]



लेखक :

भिक्षु जगदीश काश्यप

अनुवादक :

दोलेन्द्ररत्न शाक्य

Downloaded from http://dhamma.digital/

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

*भिक्षु जगदीश काश्यप एम. ए. द्वारा लिखित*
*'The Buddha - Dhamma' को*
*नेपाली भाषामा रुपान्तरण (अनुवाद)*

# बुद्धोपदेशित-धर्म

## (बुद्ध-धर्म)

*प्रकाशकहरु*

१. जयराम ताम्राकार
निर्मला ताम्राकार
२. बेखाकृष्ण श्रेष्ठ
सरस्वती श्रेष्ठ
३. कृष्णबहादुर नकर्मी
चन्द्रमाया नकर्मी

*अनुवादक*

दोलेन्द्ररत्न शाक्य
चाकुपाट, लपु.
५२९२०४

Downloaded from http://dhamma.digital/

**प्रकाशकवर्ग :**

**जयराम ताम्राकार - निर्मला ताम्राकार**
**बेखाकृष्ण श्रेष्ठ - सरस्वती श्रेष्ठ**
**कृष्णबहादुर नकर्मी - चन्द्रमाया नकर्मी**

बुद्ध सम्बत - २५४५
नेपाल सम्बत - ११२२
विक्रम सम्बत - २०५८
ईश्वी सम्बत - २००२

**निःशुल्क धर्मदान**

पहिलो संस्करण - १५०० प्रति

**(सर्वाधिकार प्रकाशकहरुमा सुरक्षित)**

**मुद्रक :**

**बागमती छापाखाना**
वनबहाल, ल.पु.
५३३८४७

Downloaded from http://dhamma.digital/

*नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स*

# 'बुद्धोपदेशित-धर्म' बारे

## अनुवादकको मन्तव्य

आजभन्दा करीब १५ वर्षअघि अंग्रेजी भाषामा लेखिएको ३ x ५ साइजको एउटा लघु पुस्तिका एकजना विद्यार्थीमार्फत मेरो हातमा परेको थियो। सानो आकारको हुनाले पुस्तिका भनेको हुँ। त्यस पुस्तिका त्यतिखेर सरसरति पढेको पनि थिएँ, राम्रो लागेको पनि थियो। त्यसैले त्यस विद्यार्थीले सो पुस्तिका मलाई नै राख्न दिएको थियो। कालान्तरमा त्यस पुस्तिका कता हरायो कता! त्यसलाई मैले बिर्सिसकेको थिएँ। तर केही महिनापूर्व किताब र पत्रपत्रिकाको थुप्रोबीच ढुँगा खोज्दा देउता मिलेझैं त्यस पुस्तिका भेट्टियो। खुसीको ठेगान रहेन। कुन सालमा प्रकाशित भएको रहेछ भनेर वल्टाई पल्टाई हेरें। प्रकाशित भएको साल रहेन छ। यसमा "परोपकार सुर पुस्तकालय २०११" को छाप छ त्यसैले यो पुस्तिका अवश्य परोपकार संस्थाअन्तर्गतको हुनुपर्छ। द पेडन्याङ बुद्धिष्ट एसोशियसन भनेर प्रकाशकमा लेखिएको छ। यस पुस्तिकाको शिर्षक लेखकले "बुद्ध धम्म" राखिएको छ तर यसलाई "बुद्धोपदेशित-धर्म" राखेर मुनितिर बुद्ध-धर्म राखिदिएको छु। शिर्षक "बुद्ध धम्म" मात्र भन्नुभन्दा "बुद्धोपदेशित-धर्म" सुहाउने र आकर्षक देखिने हुँदा यसो गरेको हुँ। यसमा कसैलाई अन्यथा लागेमा क्षमाप्रार्थी छु। पुस्तिका साह्रै पुरानो र फुस्रिएको देखिइसकिएको छ। त्यसलाई अहिले बजारमा भेट्टाउन मुश्किलै होला जस्तो लाग्यो। अझ मुश्किल मात्र होइन असम्भव नै होला भन्ने प्रतीत भयो। त्यसैले मनमा एक्कासी विचार आयो– यसलाई अनुवाद गरेर यसको संरक्षण एवं प्रचार प्रसार गर्नुपर्छ, नत्रभने यसको अस्तित्व मेटिने छ।



Downloaded from http://dhamma.digital/

यस पुस्तिकाका लेखक जगदीश काश्यप महास्थविर हुनुहुन्छ। पुस्तिका सानासाना पेजहरुमा छन् । अनुवाद गर्दै जाँदा अभ्रु प्रष्ट भयो, पुस्तिका साह्रै उपयोगी र ज्ञानवर्द्धक छ । आजकलको व्यस्त जीवनमा बुद्ध-धर्मबारे थोरै समयमा धेरै ज्ञान पाउन यो पुस्तिकाले प्रमख भूमिका खेल्न सक्छ। बुद्धको आगमनभन्दा पहिलेको आध्यात्मिक अवस्थाको चर्चादेखि शुरु गरिएको त्यस पुस्तिकामा बुद्धको जन्म, बाल्यावस्था, विवाह, महाभिनिष्क्रमण, सम्बोधि लाभ, धर्मचक्र-प्रवर्तन, चतुरार्य सत्य, प्रतीत्यसमुत्पाद, बौद्ध-वाङ्मय, अभिधम्मका कुरा, बुद्ध-धर्मसँग अरु धर्म र दर्शनको तुलनात्मक अध्ययन इत्यादिको संक्षेपमा तर सारगर्भितरुपमा दृष्टान्तसहित व्याख्या गरिएको छ। यसमा जम्मा ६ परिच्छेद छन् र एक एक परिच्छेदको प्यारागाफहरुमा व्याख्या नभई प्वाइन्ट प्वाइन्टमा भट्ट बुभ्न सकिने गरी, तुरुन्त टिप्न सकिने गरी र आवश्यक बुँदा आवश्यक समयमा भेट्टाउन सकिने गरी लेखिएको शैली प्रशंसनीय छ । यसरी लेखिएको पुस्तक अन्त कहीं कतै विरलै पाइन सकिएला। यो कुरा यस पुस्तिकाको एक विशेषता नै ठहरिएको महसुस गरेको छु। अति व्यस्त जीवन बिताइरहेकाहरुका लागि, मोटा पुस्तकहरु पढ्न फुर्सत नहुने र नचाहनेहरुका लागि र बुद्ध-धर्मका कुराहरु पढ्ने र बुभ्ने जिज्ञासा राख्नेहरुको लागि यो पुस्तक अति उपायोगी र मार्ग-निर्देशक ठहरिने छ।

यस पुस्तिकामा "चार आर्य-सत्य" बारे पहिलो आर्य-सत्यमा दुःख, दोस्रो आर्य-सत्यमा दुःखको कारण, तेस्रो आर्य-सत्यमा दुःख निरोधको मार्ग अनि चौथो आर्य-सत्यमा दुःख निरोधबारे व्याख्या गरिएको छ। अन्यत्र दुःख निरोधलाई तेस्रोमा र दुःख निरोधको मार्गलाई चौथोमा राखिएको पाउँछौं। मैले यसमा लेखकको रोजाइलाई नै स्वीकार गरी जस्ताको तस्तै राखिदिएको छु।



Downloaded from http://dhamma.digital/

अनुवाद सिद्धिने पूर्वसंध्यामा बुद्धरत्न शाक्य भाइलाई यसबारे चर्चा गरेको थिएँ । उनले यसको प्रकाशन हुनुपर्छ, प्रकाशक भेट्टिने बित्तिकै खबर दिउँला भने । उनले खबर दिनुपूर्व नै जयराम ताम्राकार र सरस्वती श्रेष्ठले अरु कोही प्रकाशकले यसको जिम्मा नलिइसकेको भए हामी यसलाई प्रकाशन गर्ने अनुमति चाहन्छौं भन्नुभयो । पछि कृष्णबहादुर नकर्मीले पनि प्रकाशन कार्यमा सरिक हुने सदिच्छा व्यक्त गर्नुभयो । यसरी तीनजना प्रकाशक महानुभावहरु मिलेर यस "बुद्धोपदेशित-धर्म" ले पुस्तकाकार लिन्न सफल भएको छ । "सब्बदानं धम्मदान जिनाति" अर्थात सबै दानहरुलाई धर्मदानले नै जित्दछ भन्ने भगवान बुद्धको अमृतोपदेश बमोजिम पनि उहाँहरुले बुद्ध-धर्मबारे अत्युत्तम पुस्तक प्रकाशन गरी निःशुल्करुपमा धर्मदान गर्नुभएको छ । यसबाट उहाँहरुलाई महत पुण्य प्राप्त भएको छ । उहाँहरुलाई म हृदयदेखिनै मुरीमुरी साधुवाद दिन चाहन्छु । यस पुण्यद्वारा उहाँहरुको वरत्र र परत्रको जीवन सफल होस् र अन्ततोगत्वा निर्वाणरुपी अक्षय सुख शिघ्र प्राप्त गर्न सकून् भन्ने शुभेच्छा पनि व्यक्त गर्दछु । साथै अन्तमा यस पुस्तिका प्रकाशन कार्यमा रुचि लिएर प्रुफ ल्याइदिने लगिदिने बुद्धरत्न शाक्य भाइलाई र पहिलो प्रुफ हेर्नमा सघाइदिने बहिनी प्रतिभा शर्मालाई पनि धन्यवाद दिन चाहन्छु । साथै छिटो छरिटोसित कम्प्यूटर टाइप गरिदिने भाइ बालकृष्ण महर्जनलाई पनि धन्यवाद दिन चाहन्छु ।

अस्तु !

भवतु सब्ब मंगलं ।

विनीत

**दोलेन्द्ररत्न शाक्य**

चाकुपाट, ल.पु.

५२९२०४

२०५८ पुष २०



Downloaded from http://dhamma.digital/

# 'बुद्धोपदेशित-धर्म' बारे

## प्रकाशकीय निवेदन

आजभन्दा २६२५ वर्षपूर्व नेपालको लुम्बिनीमा जन्मनु भई भारतको बुद्धगयामा सम्बोधि लाभ गरी विश्वकै ज्योतिस्वरुप सम्यक सम्बुद्ध हुनुभएका शाक्यमुनि बुद्धको धर्म सूक्ष्मातिसूक्ष्म र गम्भीर ातिगम्भीर छ। बुद्धद्वारा उपदेशित धर्म नै जन्म, जरा, व्याधि र मर णबाट मुक्त रहेको निर्वाण मार्गमा निश्चितरुपले पुऱ्याउने धर्म हो भनी प्रशंसित छ। विश्वमा सर्वत्र अशान्ति फैलिरहेको वर्तमान युगमा भगवान बुद्धको धर्मको अध्ययन, धारण र पालन गर्नुपर्ने खाँचो दिनानुदिन बढ्दै गइरहेको छ। तसर्थ गौतम बुद्धले दिनुभएको यथार्थ धर्मको बारेमा सबै नेपालीहरुलाई जानकारी रहनु नितान्त आवश्यक भएको छ।

ल.पु. चाकुपाट निवासी कल्याणमित्र श्री दोलेन्द्ररत्न शाक्यज्यू समीप प्रत्येक शनिवार सामुहिक विपश्यना ध्यान भावना अभ्यास गर्दै आइरहेका छौं। एक घण्टाको सामुहिक ध्यान पश्चात् बुद्ध-धर्म सम्बन्धि जिज्ञासाहरु शान्त गर्न धर्म-साकक्षा गर्ने गर्दछौं। त्यसै सिलसिलामा एकदिन उहाँले एउटा सानो आकारको अंग्रेजीमा लेखिएको बुद्ध-धर्म सम्बन्धि पुस्तकको बारेमा चर्चा गर्नुभयो। उक्त पुस्तक श्रद्धेय भिक्षु जगदीश काश्यपद्वारा लेखिएको थियो।

उक्त पुस्तकको संक्षेपमा व्याख्या सुनेपछि त्यस पुस्तक हामीले



Downloaded from http://dhamma.digital/

साह्रै उपयोगी भएको महसुस गऱ्यौं । हामीले उहाँ कल्याणमित्र श्री दोलेन्द्र रत्न शाक्यलाई भन्यौं - "यसलाई नेपालीमा अनुवाद गरि दिनुहोस् ताकि बहुसंख्यक नेपालीहरुले बुद्धद्वारा उपदेशित धर्म सही अर्थमा जान्ने बुझ्ने अवसर पाऊन् । हामी यसलाई प्रकाशित गर्नेछौं ।"

हाम्रो अनुरोधलाई उहाँले सहर्ष स्वीकार गर्नु भई नेपाली भाषामा अनुवाद गरिदिनुभयो ।

'सब्ब दानं धम्मदान जिनाति' भन्ने बुद्ध-वाक्यले धेरै अगाडिदेखि हाम्रो मनमा जरो गाडिसकेको थियो । हामी केवल अवसरको प्रतिक्षामा थियौं । बुद्ध-धर्म सहीरुपमा प्रचार प्रसार गर्ने अभियानमा हामी पनि सरिक हुने इच्छा उब्जिइसकेको थियो । यो पुस्तकको प्रकाशन गरिदिन पाएकोमा केही हदसम्म भए पनि हाम्रो इच्छा पूर्ण भएको महसुस गरेका छौं । प्रस्तुत पुस्तकमा बुद्धको आगमनअधिको अवस्था, बुद्धको संक्षिप्त जीवनीका साथै बुद्धका मूल उपदेशहरु - चतुरार्य सत्य, त्रिलक्षण सूत्र, प्रतीत्यसमुत्पाद, बुद्ध-धर्मका विशिष्ट पक्षहरु, बौद्ध वाङमय इत्यादिलाई ६ परिच्छेदमा विभक्त गरी सविस्तार सरल भाषामा विश्लेषण गरिएको छ । पुनर्जन्म र निर्वाणजस्ता गम्भीर विषयहरुलाई दृष्टान्तसहित राम्ररी व्याख्या गरिएको हुँदा प्रस्तुत पुस्तक बुद्ध-धर्मका जिज्ञासुहरुको लागि पठनीय, मननीय र उपयोगी हुने आशा हामीले लिएका छौं । साथै सरल तरिकाले नेपालीमा अनुवाद गरिएकोले यसको अध्ययन गर्न र बुद्ध-धर्म सम्बन्धि यथार्थ ज्ञान लाभ गर्न सबैलाई सजिलो पर्ने विश्वास पनि लिएका छौं ।

अन्त्यमा पुस्तक अनुवाद गरिदिनु हुने र प्रुफसमेत हेरिदिनु



Downloaded from http://dhamma.digital/

हुने अनुवादक कल्याणमित्र श्री दोलेन्द्ररत्न शाक्यज्यूप्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद पनि दिन चाहन्छौं । साथै तन मन लगाई छिटो र सुन्दर ढंगले प्रकाशन कार्य सम्पादन गर्नमा प्रत्यक्ष वा अप्रत्यक्षरुपले सहयोग गर्नुहुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

अस्तु !

भवतु सब्ब मंगलं ।

दिनाङ्क
२०५८ पुष २०

विनीत
प्रकाशकवर्ग

१) श्री जयराम ताम्राकार
श्रीमती निर्मला ताम्राकार } कुमारीपाटी, ल.पु. ५२५४८७

२) श्री बेखाकृष्ण श्रेष्ठ
श्रीमती सरस्वती श्रेष्ठ } झतापोल, ल.पु. ५३४४५०

३) श्री कृष्णबहादुर नकर्मी
श्रीमती चन्द्रमाया. नकर्मी } सानेपा, ल.पु. ५२५०६०



Downloaded from http://dhamma.digital/

# बुद्धोपदेशित - धर्म

## विषय - सूचि

### परिच्छेद - १

**बुद्ध हुनुअघि**

- ब्राम्हणहरुको अन्धविश्वास ..................... १
- चार्वाकको भौतिकवाद ..................... २
- फकिरवाद ..................... ३

### परिच्छेद - २

**राजकुमार सिद्धार्थ**

- जन्म ..................... ५
- महर्षि असितको भविष्यवाणी ..................... ५
- बूढो, रोगी र मृत व्यक्ति देखे ..................... ६
- सिद्धार्थले सन्यासी देखे ..................... ८
- नर्तकीहरु ..................... ८
- महाभिनिष्क्रमण ..................... ९
- राजगृहमा अचम्मको साधु ..................... १०
- राजा बिम्बिसारको अर्पण ..................... १०
- सिद्धार्थको कठोर तप ..................... ११
- बुद्धत्व प्राप्ति ..................... ११

Downloaded from http://dhamma.digital/

# परिच्छेद - ३

**बुद्ध**

१. प्रतीत्यसमुत्पाद ........ १३
- प्रतीत्यसमुत्पाद नियमले प्रकृति संचालित ........ १३
- प्रतीत्यसमुत्पाद नियमअन्तर्गत कार्य-सम्पादन ........ १४
- विज्ञानले के काम गर्दछ ........ १४
- कार्य र कारणको प्रवाह ........ १४
- पहिलो कारण कुन हो भन्ने प्रश्न ........ १५
- प्रतीत्यसमुत्पाद र एरिस्टोटलको नियम ........ १६
- आकस्मिक कारण वा प्रभाव होइन ........ १६
- क्लेश निवारणार्थ प्रतीत्यसमुत्पादको प्रयोग ........ १७

२. पहिलो धर्मदेशना (धर्मचक्र प्रवर्तन) ........ २२
- बनारसमा ........ २२
- उपकसँगको भेट ........ २३
- पाँच भद्रवर्गीय ब्राम्हणहरुको साथमा ........ २३
- बुद्धले भन्नुभयो ........ २४
- वास्तविक मुक्ति के हो ? ........ २६
- औषधि विज्ञानसँग तुलना गर्दा ........ २६
- विकारको पूर्ण उन्मूलन गर्ने लक्ष्य ........ २६

(क) दु:ख : पहिलो आर्य-सत्य ........ २८
  - सुख के हो ? ........ २८

(ख) दु:खको कारण : दोस्रो आर्य-सत्य ........ ३०
  - तृष्णाले नै पुनर्जन्म दिन्छ ........ ३१

(ग) दु:खबाट मुक्त हुने उपाय : तेस्रो आर्य-सत्य ........ ३३
  अ) शील ........ ३४

Downloaded from http://dhamma.digital/

आ) समाधि ........ ३४
इ) प्रज्ञा ........ ३६
(घ) निर्वाण : चौथो आर्य-सत्य ........ ३७
- संघको संगठन ........ ३८
- कपिलबस्तुतिर ........ ४०
- बुद्धको अन्तिम दिन ........ ४१

## परिच्छेद - ४

**बौद्ध वाङमय**

- सुत्त पिटक ........ ४२
- विनय पिटक ........ ४३
- अभिधम्म पिटक ........ ४३

## परिच्छेद - ५

**बुद्ध - धर्मका विशिष्ट पक्षहरु**

- कालाम सूत्र ........ ४५
- 'ईश्वर' भन्ने अवधारणाको प्रादुर्भाव ........ ४६
- ईश्वर समाहित धर्मको असफलता ........ ४७
- असफलताका कारणहरु ........ ४८
- बुद्ध-धर्ममा बुद्धको स्थान ........ ४९
- फूल चढाइनु ........ ५०
- जाति-प्रथा ........ ५०

## परिच्छेद - ६

**धर्म**

१. तीन मूल सत्य

- सबै अनित्य छन् ........ ५२
- समय ........ ५४

Downloaded from http://dhamma.digital/

- परिवर्तन ........................................ ५६
- सारतत्व छैन ........................................ ५८
- आत्मा ........................................ ५९
- त्यही नै हो कि भिन्दै ? ........................................ ६१
- आँखिर 'मानिस' के हो ? ........................................ ६३
- पञ्चस्कन्ध ........................................ ६४
- पुनर्जन्म ........................................ ६५
- जीवन-निर्देशक सिद्धान्त ........................................ ६८
- मनको स्वभाव ........................................ ६८
- बिर्सिएको कुरा हराएको हुँदैन ........................................ ७०
- अर्द्धचेतन मन साह्रै सक्रिय हुन्छ ........................................ ७०
- सबै दुःखमय हुन् ........................................ ७२

२. मुक्ति के हो अथवा निर्वाण के हो ? ........................................ ७५
- तृष्णालाई उपादानले पछ्याउँछ ........................................ ७६
- उपादानलाई भवले पछ्याउँछ ........................................ ७६
- भवलाई जन्म, जरा, मरणले पछ्याउँछ ........................................ ७६
- अर्हतको जीवन ........................................ ७७
- एउटा वाहियात प्रश्न ........................................ ७८
- उच्छेद-वाद ........................................ ७८
- के निर्वाण शाश्वत अवस्था हो ? ........................................ ७९
- के निर्वाण सर्वोच्च सुख हो ? ........................................ ८०

३. दश वन्धनहरु ........................................ ८१

Downloaded from http://dhamma.digital/

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

# बुद्धोपदेशित – धर्म

## (बुद्ध – धर्म)

## परिच्छेद - १

### बुद्ध हुनुअघि

बुद्धको आगमनअघि भारतवर्षमा दार्शनिक, धार्मिक र नैतिक अवस्था वा परिस्थिति अत्यन्त गएगुज्रेको र कहालीलाग्दो थियो ।

### ब्राम्हणहरुको अन्धविश्वास

१. ब्राम्हणहरुको लहैलहैमा लागेका मानिसहरु बलि चढाउँथे । यज्ञादि पनि गर्दथे जसमा बोका, गाई, घोडा इत्यादि अनेक पशुहरुको विभिन्न वैदिक देवदेवीहरुको सम्मुख धेरै संख्यामा बलि चढाउँथे । त्यति मात्र होइन मानिसहरुलाई समेत अग्निमा होम्दथे ।

२. जसले यस्ता बलि चढाउने काम गर्दथे तिनीहरुलाई ती धूर्त पुरोहितहरुले विश्वास दिलाउँथे कि विभिन्न देवदेवीहरु र भूतप्रेतहरु उनीहरुदेखि खुशी भएका छन् र बलिकर्मबाट उनीहरुको भलो हुने कुरा



Downloaded from http://dhamma.digital/

सुनिश्चित छ। यसरी प्रशन्न भएका ती पुरोहितहरुले यजमानहरुलाई सांसारिक समृध्दि दिलाइदिने र मृत्युपश्चात् स्वर्ग लगिदिने आश्वासन पनि दिन्थे।

३. प्रारम्भमा यस्ता अन्धविश्वासयुक्त कुरामा र वाहियात कर्मकाण्डमा ती अज्ञानी भुच्चुकहरुले पत्याउने गर्दथे र राजादेखि रङ्कसम्मका मानिसहरुले यी कर्मकाण्डको अभ्यास गर्दथे। यस्ता बलिप्रथा भारतवर्षभरिमा आम थियो र धर्मको नाममा दिनदिनै रगतको खोलो पनि बगाइन्थ्यो।

४. तर मानिसहरुले क्रमशः बलिप्रथाको उपयुक्तता माथि शंका गर्न थाले किनभने उनीहरुले बुझे - यस्ता कर्मकाण्डले मानिसको कल्याण गर्दैन। पछि यस्ता बुझक्कड मानिसहरु पनि निस्के जसले ब्राम्हणहरुको एकाधिकारलाई लत्याए र स्वतन्त्ररुपले आफ्नै दर्शन र धर्मको प्रतिस्थापन गरे।

## २. चार्वाकको भौतिकवाद

१. ती बुझक्कडहरुमध्ये एकजना चार्वाक थिए जसले मृत्युपछिको जीवन, स्वर्ग, नरक र पुनर्जन्ममा विश्वास गरेनन्। ती पूर्णतया भौतिकवादी थिए जसको विचारमा मानिस एकबाजी मात्र जन्मिन्छ र एक बाजी मात्र मर्दछ।

२. उनी भन्दथे - कुमालेले माटाको भाँडो बनाउँछ, केही समयसम्म काम दिन्छ र अन्त्यमा फुट्छ अनि कता हराउँछ कता! त्यस माटोको भाँडोझैं प्राणी पनि एक बाजी मरेपछि फर्केर आउँदैन। त्यस्तै मानिस पनि जन्मिन्छ, अलि वर्ष बाँच्दछ र पछि मर्दछ अनि कता हो कता बिलाएर जान्छ। त्यही मानिस पुनः फर्केर कहिल्यै आउँदैन। मानिसले जीवनमा गरेका पुण्य र पाप उसको मृत्युको साथै



Downloaded from http://dhamma.digital/

समाप्त भएर जान्छन् किनभने मृत्युपश्चात् प्राणीहरु पुनः अस्तित्वमा आउन सक्दैनन् ।

३. जीवनप्रतिको यस्तो विचारले स्वाभाविकरुपले जीवन मोजमज्जाको लागि हो भन्दै खाने, पिउने, मोजमस्ति गर्ने काममा व्यतीत गर्दछन् । अर्को जीवन नै छैन भने पुण्य किन गर्ने, धर्म के को लागि गर्ने र आफ्नो जीवनको सुखलाई तिलाञ्जली दिई किन परोपकारी बन्ने ? त्यसैले चार्वाकको सिद्धान्तमा नैतिकता पटक्कै थिएन । उनको विचार अनुसार त जसरी हुन्छ बढीभन्दा बढी सुख भोग्नु नै जीवनको एक मात्र उद्देश्य थियो ।

४. सुखको पछाडि अन्धाधुन्ध दौड्ने ती दार्शनिकहरुले आफ्नो अनुयायीहरुलाई नराम्ररी प्रभाव पार्न सफल भए र ती अनुयायीहरुले पापकर्ममा खुल्ला आचरण समेत गर्न थाले । उनीहरुको सामाजिकता र नैतिकता यति गिरेको थियो कि मनुष्य जीवन र यसको सुरक्षा खतरामा पर्नथाल्यो । यो एक हद थियो ।

## ३. फकिरवाद

१. अर्को हदमा त्यहाँ लकीरका फकिरहरु पनि थिए । तिनीहरुलाई तिर्थङ्कर भनिन्थ्यो । तिनीहरुले सुखको पछाडि भाग्ने कुरामा खतरा देखे । उनीहरुले नैतिकताको वकालत गरे र समाजमा नैतिक जीवनको आवश्यकता महसुस गराए ।

२. चार्वाकको सिद्धान्त विपरित उनीहरुले स्थायी र सुखी आत्माको अवधारणा दिए । उनीहरुको विचार अनुसार आत्मा विभिन्न शरीरमा प्रवेश गर्दछ । चाहे मानिसको, चाहे पशुको, चाहे पंछीको वा चाहे अन्य प्राणीको होस् आत्मा एक शरीरबाट अर्को शरीरमा प्रवेश गर्दछन् र उनको पुनर्जन्म भइरहन्छ । हाम्रो सच्चा आत्मा सदैव



Downloaded from http://dhamma.digital/

हामीभित्र रहिरहन्छ। हाम्रो शरीर र इन्द्रियहरु हाम्रा होइनन् किनकि तिनमा आत्मा हुँदैन। आत्मा त फेरि फेरि जन्मिरहन्छ। शरीर र इन्द्रियको बन्धनमा बाँधिइएको कारणले यसले विभिन्न शरीर धारण गरी दुःख पाइरहन्छ। हाम्रा इन्द्रियहरुले संसारको विभिन्न प्रलोभनहरुमा हामीलाई फसाइरहन्छ र पापकर्ममा उद्यत गराइरहन्छ त्यसैले हामी पापी बन्दछौं र दुःखी हुन्छौं।

३. उनीहरुको भनाइ मुताबिक सच्चा सुख भनेको शारीरिक इन्द्रियहरुको पूर्ण उच्छेदमा निहित हुन्छ। किनकि ती इन्द्रियहरु आत्मासँग सम्बन्धित छैनन्। आत्मासितै सच्चा सुख गाँसिएको हुन्छ। त्यस कारणले उनीहरले अनेक युक्ति गरेर भए पनि आफ्ना इन्द्रियहरुलाई निष्क्रिय र सुस्त पार्ने कार्यमा उद्यत हुन्थे।

४. ती साधुहरु धेरै दिनसम्म व्रतउपवास गर्दथे। घाँस वा भुस खाएर पनि निर्वाह गर्दथे। ताकि उनीहरुको रगतमा काम वासनाको उष्णता नरहोस्। समाजमा बस्दा अरुसँग कुराकानी गर्दा भूठ पनि बोलिन्छ त्यसैले उनीहरु धेरै वर्षसम्म वा जीवनभरसम्म पनि मौन रहन्थे। लुगा पनि खस्रो र नराम्रो लगाउँदथे र स्पर्शको प्रलोभन नष्ट गर्न काँढाले पनि शरीरमा घोच्दथे। यसरी उनीहरु आफूलाई विभिन्न उपक्रम-द्वारा सास्ति दिन्थे। यसो गर्नुको तात्पर्य शरीरलाई दुःख दिई आत्मिक सुख प्राप्त गर्नु थियो। यो अर्को हद थियो। तिनीहरुको विचार पनि चार्वाकको भन्दा कम मूर्खतापूर्ण थिएन।

यी दुई प्रकारका दार्शनिकहरुले समाजलाई कि त अनैतिकता-द्वारा कि त अनुपयुक्त क्रियाकलापद्वारा गति दिन खोजेका थिए। ती दुवै अति 'extremes' हुन्।



Downloaded from http://dhamma.digital/

# परिच्छेद - २

## राजकुमार सिद्धार्थ

### जन्म

१. यशुखीष्ट जन्मनुभन्दा पाँचसय वर्ष पहिले नेपालको सिमानामा शाक्यहरुको राज्यमा राजा शुद्धोदनले राज्य गर्दथे । उनकी रानी महामायादेवी साह्रै धर्मात्मा र गुणी स्त्री थिइन् ।

२. एक दिन ती रानी आफ्नी सहचरीहरुका साथ लुम्बिनी वनमा गएकी थिइन् । त्यसै उद्यानमा साल वृक्षमुनि तिनले एक सुन्दर सुकुमार र तेजिलो (ओजश्वी) बालकलाई जन्म दिइन् ।

३. रानी महामाया कपिलबस्तु फर्किन् । आफ्ना नयाँ उत्तराधिकारीको रुपमा नवोजात शिशु राजकुमार जन्मिएको समाचारले नगरबासी सबै हर्षित भइरहेका थिए ।

### महर्षि असितको भविष्यवाणी

४. जब महर्षि असितले बालक जन्मेको समाचार पाए, उनी हस्याङ फस्याङ गर्दै दरबार पुगे र बालकको दर्शन गर्ने इच्छा व्यक्त गरे । राजा शुद्धोदन आफैले बालकलाई बोकी त्यहाँ ल्याए । महर्षिले त्यस बालकलाई आदर गौरव राखी दण्डवत गरे । उनले बालकको ग्रह नक्षत्र लक्षण विचार गरे । अनि उनले भने - यो बालक ठूलो भएपछि बुद्ध हुनेछ र संसारलाई सांसारिक दुःख मुक्त हुने मोक्षको बाटो देखाउने छ ।

५. तर रानी महामाया बालक जन्मेको सात दिनपछि स्वर्गारोहण भइन् ।



Downloaded from http://dhamma.digital/

६. बाबुको हृदय न ठहरियो, त्यो बालक ठूलो भएपछि दरबार त्यागी सन्यासी हुनेछ भन्ने कुरा सुनेर राजाको हृदय कुँठित भयो। त्यसैले राजाले त्यस बालकलाई सानैदेखि राजसी सुखसयलमा हुर्काए। राम्रा राम्रा भवनहरु र उद्यानहरु बनाइदिए जहाँ सुन्दर युवतीहरुलाई मात्र राजकुमारको सेवाटहल गर्न र आवत जावत गर्न दिइन्थ्यो।

७. दक्ष एवं योग्य शिक्षकहरु राजकुमारहलाई शिक्षा दिक्षा दिन नियुक्त गरिए। राजकुमार सिद्धार्थमा दैवी प्रतिभा र योग्यता भएको कारणले विज्ञान र कला विषयमा शिघ्र पारंगत भए र अध्यापकहरुलाई समेत माथ गरे।

८. जब राजकुमार १९ वर्षमा पदार्पण गरे राजा शुद्धोदनले तिनको विवाह अति योग्य र सुशील कन्यासँग गरिदिए। तिनको नाम यशोधरा थियो। यसले राजाको अस्थिर मनलाई केही सान्त्वना दियो। अब राजकुमार सन्यासी हुँदैन भन्ने राजालाई लाग्यो किनभने उसलाई विवाहको डोरीले सांसारिक बन्धनमा बाँधिसकिएको थियो।

## सिद्धार्थले बुढो, रोगी र मृत व्यक्ति देखे

९. एकदिन सिद्धार्थले सहरको वरिपरि घुम्न जाने इच्छा गरे। उनले सहरमा मानिसहरु कसरी जीवन निर्वाह गर्दछन् भन्ने हेर्न चाहन्थे। सुन्दर ढंगले सिंगारिएको रथ तयार गरिए जसमा छन्दक सारथि बनेका थिए। सिद्धार्थ रथमा सवार भए।

१०. दरबारको मुख्यद्वारबाट धेरै टाढा पुगका पनि थिएनन्, उनले सडकको किनारामा एउटा कुप्रो बूढो मान्छे देखे। ती बूढो आफ्नो उमेरभन्दा बढी नै कुप्रिएको थियो। उनको कपाल सेताम्य थियो। उनका आँखा निष्तेज थिए। उनको कृश शरीर हाड छाला मात्रको थियो। लट्ठीको सहाराले थरथर काम्दै अगाडि बढ्दै थियो।



Downloaded from http://dhamma.digital/

११. अचम्म मानेर राजकुमारले सोधे - "त्यो मान्छे को हो ? यसलाई के भएको छ ?" छन्दकले भन्यो - "उ बूढो मान्छे हो । उ साह्रै कमजोर भएको छ । उनका अवयवहरु उमेरले गर्दा शिथिल भइसकेका छन् । अब उनको छिटै मृत्यु हुनेछ ।"

"के म पनि ऊ जस्तै बूढो हुनुपर्छ र मर्नुपर्छ ?"

"हो, जन्मेजति सबै बूढो हुनैपर्छ र मृत्यु हुनैपर्छ । मृत्युले कसैलाई छाड्दैन - चाहे अदना गरिब होस् वा सम्राट" छन्दकले भन्यो ।

१२. यति नै राजकुमार सिद्धार्थको निमित्त संसारको वास्तविकता बुझ्न पर्याप्त थियो । उनले भने - "ती मूर्ख हुन् जो संसारको भौतिक सुखको पछाडि अन्धाधुन्द दौड्छन् । जीवन अस्थिर र अनित्य छ । धन-सम्पत्ति, शाही शक्तिहरु, ठूलठूला महलहरु, राम्री सुन्दर केटीहरु सबै एकैछिनका पाहुना हुन् , छायाँसरि हुन् । यसमा मानिसहरु मूर्ख बालकझैं आकर्षित हुन्छन् तर जब ती छुट्छन् , दुःख र पीडा सिवाय अरु केही प्राप्त हुँदैन । मानिसहरु अन्धा भएर सुखको पछाडि दौडन्छन् तर अन्त्यमा दुःखको कहालीलाग्दो खाल्डोमा पछारिन पुगिन्छन् । सबै अनित्य रहेछन् र दुःखमय रहेछन् ।"

१३. सो कुरा सुनेर राजा साह्रै चिन्तित भए । उनले भविष्यमा राजकुमारको हृदय विचलित हुने खालको यस्तो घटना दोहरिन नदिन होसियार रहनु भन्ने हुकुम दिए । राजाका भारदारहरुले निकै प्रयास गर्दागर्दै पनि, त्यस्तै घुम्ने क्रममा जाँदा एउटा बिरामी र एक मृतक देखे । पहिलेभन्दा बढी गहिरोसित दुःखको अनिवार्यतालाई राजकुमारले बुझे ।

१४. सावधानीका बाबजूद पनि यी सबै निमित्तहरु राजकुमारले देखेकोमा र संसारको असारता बुझेर राजकुमारलाई सन्यासी हुन प्रेरणा प्राप्त भएकोमा राजा शुद्धोदनलाई अत्यधिक दुःख लाग्यो ।



Downloaded from http://dhamma.digital/

## सिद्धार्थले सन्यासी देखे

१५. चार महिनाजति पछि राजकुमार सिद्धार्थले फेरि पहिलेभैँ घुम्न जाने इच्छा व्यक्त गरे। राजाले छोरालाई बाहिर पठाउन नचाहंदा नचाहदै पनि उनले चौथो पल्ट गह्रुंगो मनले बाहिर जान स्वीकृति दिए। उनले छोराको इच्छामा बाधक बन्न चाहेनन्।

राजकुमारले त्यस्ता कुनै अप्रिय एवं अनिष्ट दृष्य नदेखून् भनी पहिलेभन्दा पनि कडा निगरानी र होसियारी अपनाएका थिए।

१६. यसपाली राजकुमारले पहेंलो वस्त्र लगाएका, हातमा भिक्षापात्र लिएका अनि अति सौम्य र शान्त मुहार भएका एक सन्यासीलाई देखे। राजकुमारले यसभन्दा पहिले त्यति तेजिलो एवं आकर्षक मान्छे देखेको थिएन। उनले रथ रोक्न लगाए अनि उत्सुकतापूर्वक सोधे - "यो मान्छे के हो र को हो, छन्दक ? म उसको बारेमा थाहा पाउन लालयित छु।"

१७. रथ रोकियो। असाधारण व्यक्तित्व भएका ती साधु आफै नजिक आएर भन्यो - "राजकुमार ! म त्यागी हुँ, सन्यासी हुँ। संसार दुःखले व्याप्त भएको देखेर शान्ति र सत्यको खोजमा मैले संसार त्याग गरेको छु।" यति भन्दै उ फनक्क फर्केर त्यहाँबाट ओझेल भयो।

सिद्धार्थले जे खोजेका थिए त्यही पाए। उनले आफूमा एक प्रकारको सन्तोष र शान्तिको संचार भएको महसुस गरे।

## नर्तकीहरु

१८. सदाभैँ साँझपख नर्तकीहरुको एक डफ्फा राजकुमारलाई मनोरञ्जन दिन आए। नाना प्रकारका वाद्य बजाइए, नाना प्रकारका सुन्दर मनमोहक गीत गाइए, सुन्दरतम नृत्य प्रस्तुत गरिए। राजकुमार सिद्धार्थले तिनीहरुलाई सुने, हेरे तर आफू तन्मयताबाट कति पनि



Downloaded from http://dhamma.digital/

विचलित भएनन् । उनी आफैमा हराएका थिए । उनी आफू बसिरहेको आसनमै निदाए ।

ती नर्तकीहरुले आफ्ना संगीत, गीत र नृत्य रोके अनि तल भुईंमै विश्राम गरे । रात गहिरिंदै गयो र उनीहरु पनि बिस्तारै भुईंमा ढल्दै गए र गहिरो निन्द्रामा डुबे ।

१९. मध्यरातमा राजकुमार एक्कासी निन्द्राबाट बिउँझे । दियोहरु अझै टिमटिमाइरहेका थिए । उनले आँखा खोले अनि यताउति हेरे ।

२०. अहो ! उनले यो के देखे ? ती सुन्दर नर्तकीहरु भुईंमा लाश ढलेझैं यताउति छरिएर ढलिरहेका थिए । कसैका आँखा पूरै बन्द थिए भने कसैका आधा बन्द थिए । कसैको मुखबाट र्‍याल बग्दै थियो । कसैका नाक बज्दै थियो र कोही घुरिरहेका थिए । उनीहरुका साडी ठीक ठाउँमा थिएन । कसैका दाँत बज्दै थिए भने कोही सपनामा बरबराइरहेका थिए । सिद्धार्थको निम्ति यी सबै दृष्य घीनलाग्दो र मसानघाटको जस्तो प्रतीत भइरहेको थियो ।

## महाभिनिष्क्रमण

२१. राजकुमार सिद्धार्थ जुरुक्क उठे र बाहिर गए । उनी सरासर अश्व-रक्षक छन्दककहाँ गए । छन्दकलाई बिउँझाए अनि भने - "मेरो घोडा तयार पार । म दरबारबाट निक्लन चाहन्छु ।" छन्दक तुरुन्त तबेलामा गयो, सबभन्दा तेज घोडामा लगाम कस्यो र राजकुमार भए ठाउँ लिएर आयो ।

२२. राजकुमार घोडा चढी चूपचाप नगर बाहिर पुगे । रातभरि घोडा कुदाइ नै रहे । उनले अनोमा नदी पार गरेपछि आफ्नो शरीरमा धारण गरेका सबै गहना, हीरामोति, मणीमाणिक्यादि, तरवार लुगादि



Downloaded from http://dhamma.digital/

उतारे, आफ्ना लामा लामा कपाल काटेर फाले, पहेंलो वस्त्र धारण गरे, पिण्डपात्र समाए अनि सत्य र शान्तिको खोजमा घोर जंगलभित्र पसे ।

## राजगृहमा अचम्मको साधु

२३. उनी सातदिनसम्म अनोमा नदीको किनारामा स्थित अनुप्रिय आम्रवनमा बसे । आफूलाई सारा जिम्मेदारीबाट स्वतन्त्र भएको पाएर उनलाई सुखानुभूति भयो र आफूलाई मुक्त बातावरणमा पाए । त्यसपछि उनी शक्तिशाली मगधदेशको राजधानी राजगृह गए जहाँ राजा बिम्बिसारले राज्य गर्दै थिए ।

२४. राजगृहको सडकमा सिद्धार्थ हिंड्दै गर्दा, सामान्य चीवर धारण गरिरहेको भए पनि राजकुमारको आकर्षक शरीर र व्यक्तित्वको कारणले मानिसहरु उनलाई हेर्न टाढा टाढाबाट आएका हुन्थे र सिद्धार्थलाई लालयित आँखाले हेर्थे । नगरभरि नै अचम्मको साधु देखियो भनेर ठूलो हल्ला फैलेको थियो ।

## राजा बिम्बिसारको अर्पण

२५. राजा बिम्बिसारले पनि उनको आगमनको कुरा सुनेर उनी को हुन्, कुन उद्देश्य लिएर आएका हुन् भन्ने कुरा जान्न उत्सुक भए । राजा आफै त्यस साधुलाई भेट्न महलबाट तल ओर्ले । त्यस साधुको व्यक्तित्व देखेर राजा पनि दंग परे ।

राजा बिम्बिसार उनको वंश र उद्देश्य बारेमा थाहा पाएर यति प्रभावित भए कि उनले सिद्धार्थलाई आफ्नो राज्यको भागीदार बन्न अनुरोध गरे। राजाले उनलाई साधुत्व छोडेर अनेक सुखभोग गरी राजगृहमै बस्न आग्रह गरे। तर संसारको कुनै पनि लोभ लालचले अब सिद्धार्थलाई आफ्नो गन्तव्य र उद्देश्यबाट विचलित गर्न सक्दैनथ्यो । उनले



Downloaded from http://dhamma.digital/

विनम्रतापूर्वक ती सबै सुख-सुविधालाई अस्वीकार गरे ।

अनि सिद्धार्थले धेरै गुरुहरुकहाँ गएर विद्याध्ययन गरे तर उनलाई कसैबाट पनि सन्तुष्टि मिलेन ।

## सिद्धार्थको कठोर साधुत्वको अभ्यास

२६. उरुबेल नजिकै उनले पाँचजना साधुहरु भेटे। तिनीहरुले उनलाई तिनीहरुसितै साधुत्वको अभ्यास गर्ने सल्लाह दिए । अनि सिद्धार्थले कठोर अभ्यासहरु गर्न थाले । महिनौं केही नखाएर ग्रीष्मको मध्यान्ह घाममा शरीरलाई तपाएर अनि हिउँदको रातमा पानीमा उभिएर समेत अभ्यास गरे । यसबाट उनी साह्रै कमजोर हुन पुगे र शरीरमा हाड छाला मात्र बाँकी रह्यो । रगतको कमीले गर्दा कपाल सबै झरे अनि बूढोकोझैं छाला चाउरी परे । एकदिन त उनी हिड्न समेत सकेनन् र अचेत भई भुईंमा ढले तर उनले चाहेको ज्ञान पाउन सकेनन् ।

२७. अनि उनलाई लाग्यो कि यो साधुत्वको अभ्यास पनि उचित होइन । बरु शरीरलाई स्वस्थ राखेर मात्र केही पाउन सकिन्छ। यो सोचेर उनले खाना खान थाले र बिस्तार बिस्तारै शरीरमा शक्तिको संचार हुन थाल्यो । त्यतिखेर ती पाँचजना साधुहरुले खान थाले भनेर उनीसँग रिसाए र उनलाई छोडी अन्तै गए ।

## बुद्धत्व प्राप्ति

२८. अब सिद्धार्थ एक्लो परे । उनैले खुब मिहिनेत गरी ध्यान समाधिको अभ्यास गर्न थाले । एकदिन उनी बोधिबृक्षमुनि निरञ्जना नदीको किनारामा (जसलाई आजकल फाल्गु पनि भनिन्छ) जुन ज्ञान प्राप्तार्थ उनले दरबार त्याग गरेथे सो ज्ञान प्राप्त नभएसम्म त्यहाँबाट



Downloaded from http://dhamma.digital/

उठ्दै नउठ्ने अधिष्ठान गरी ध्यानस्थ भए । उनले चाहेको ज्ञान दुःखमुक्ति नै थियो । उनी एउटै आसनमा एक सातासम्म दृढताका साथ ध्यानमा बसे । सातौं दिनमा उनलाई बोधिज्ञान (समाधान) मिल्यो । उनलाई महसुस भयो - उनले बुद्धत्व प्राप्त गरे, उनी बुद्ध भए, सम्यक सम्बुद्ध बने ।

२९. उनले थाहा पाए - अबिद्या वा अज्ञानता नै सम्पूर्ण दुःखको मूल रहेछ । त्यस मूललाई छेदन गरेपछि मात्र मानिसलाई दुःखबाट मुक्ति मिल्ने रहेछ । उनले दुःखका कारणहरुलाई वैज्ञानिक ढंगले विश्लेषण गरी बाह्र कडीमा राखी ब्याख्या गरे । यसलाई बाह्र निदान पनि भनिन्छ । बुद्धले यस ज्ञानलाई 'प्रतीत्यसमुत्पाद' भन्नुभयो ।



Downloaded from http://dhamma.digital/

# परिच्छेद - ३

## बुद्ध

### पटिच्चसमुप्पाद (प्रतीत्यसमुत्पाद)

१. 'प्रतीत्यसमुत्पाद' को शाब्दिक अर्थ हो - कार्य-कारणको सिद्धान्त । यसलाई यसरी पनि व्यक्त गरिन्छ - 'त्यसमा भर परेर यसको उत्पत्ति हुन्छ' अथवा 'त्यो भएमा यो हुन्छ' ।

### प्रकृति यसै प्रतीत्यसमुत्पादको सिद्धान्तद्वारा संचालित छ

### दृष्टान्त

२. आकाशमा कालो बादल भएको कारणले पांनी पर्छ। पानी परेको कारणले बाटो चिप्लो हुन्छ। बाटो चिप्लो भएकै कारणले बटुवा लड्छ। बटुवा लडेकै कारणले उसलाई चोटपटक पनि लाग्छ।

३. यहाँ पानी परेको कारण आकाशमा बादल भएरै हो, बाटो चिप्लो भएको कारण पानी परेकोले नै हो। मानिस लडेको कारण बाटो चिप्लो भएरै हो र मानिस घाइते भएको कारण लडेरै हो।

४. त्यसैले यदि आकाशमा बादल नभएको भए पानी पर्ने नै थिएन अनि बाटो चिप्लो हुने नै थिएन, त्यो मान्छे बाटोमा लड्ने नै थिएन अनि ऊ घाइते हुने नै थिएन ।



Downloaded from http://dhamma.digital/

## यस सिद्धान्तले यसरी कार्य सम्पादन गर्दछ

५. यस कार्य-कारणको श्रृङ्खलामा हामी देख्दछौं कि कुनै एउटा घटना त्यसभन्दा अगाडिको घटनामा आधारित हुन्छ र यसले पछि आउने कुनै अर्को घटना घट्न मद्दत पुऱ्याउँछ। संसारका जुनसुकै कुरालाई यही कारण र कार्यको श्रृङ्खलाअनुसार हेर्न सकिन्छ। अगाडिको कारणको आधार विना कुनै पनि घटना उत्पन्न हुन सक्दैन र त्यस उत्पन्न घटनाले अर्को घटनालाई उत्पन्न गर्न सक्दैन भन्ने कुरा असम्भवप्रायः छ। यसरी यो कारण र कार्यको श्रृङ्खला क्रमशः अगाडि बढि नै रहन्छ। कुनै पनि कुरा जहाँबाट शुरु भएको हो माथितिर बढेको हुन्छ र आफू पनि पछिल्लो घटनाको कारण बनी तलतिर बढिरहेको हुन्छ।

## विज्ञानले के काम गर्दछ?

६. विज्ञानले कुनै सम्बन्धित घटनाको माथिल्तिर र पछिल्तिर को कामलाई इंगित गर्दछ। वनस्पति शास्त्रले हामीलाई बताउँछ - एउटा रुख राम्रोसित बृद्धि हुने काम उचित मलजलमा निर्भर गर्दछ र उचित मल पनि यसको गुणमा निर्भर गर्दछ इत्यादि। भौतिक शास्त्रले भन्दछ - इन्जिनको गति वाष्पशक्तिमा निर्भर हुन्छ र वाष्प शक्ति पानी र अग्निमा निर्भर हुन्छ।

## कार्य-कारणको प्रवाह

७. यसरी हामी सानोभन्दा सानो बस्तुलाई लिएर हेर्न सक्दछौं र त्यसको माथि र तलको गतिक्रमलाई नियाल्न सक्दछौं किनभने प्रकृति नै प्रतीत्यसमुत्पादमा आधारित छ अथवा 'त्यस कुरामा आधारित हुनाले यो उत्पन्न हुन्छ।' यस कार्य-कारणको श्रृङ्खलाको बीचमा कहीं टूट हुँदैन। यस श्रृङ्खला एकले अर्कोलाई प्रभावित पार्दै नरोकिकन



Downloaded from http://dhamma.digital/

अगाडि बढिरहन्छ । जसरी पोखरीमा ईटाको टुक्रा फाल्दा चक्कामाथि चक्का उत्पन्न हुन्छ र एक चक्काले अर्कोलाई उत्पन्न गर्न मद्दत दिन्छ। त्यसरी नै यस कार्य-कारण र कारण-कार्यको सिद्धान्त पनि अगाडि बढ्दै जान्छ ।

## पहिलो कारण कुन हो भन्ने प्रश्न

८. अब यहाँ प्रश्न उठ्न सक्छ - कुन चाहीँ कारण पहिलो हो र कहाँ गएर यस कार्य-कारणको प्रवाहको अन्त्य हुनसक्छ ?

वास्तवमा विज्ञानले पहिलो कारण र अन्तिम प्रभावबारेमा कहिल्यै पनि सरोकार राख्दैन । ज्ञानको विकास त हाम्रै दक्षता वा क्षमता वा अन्वेषणमा निर्भर गर्दछ ।

९. जब हामीमा सत्य-ज्ञानको प्रकाश हुँदैन, हामी अन्धविश्वासको शरण लिन पुग्दछौँ । प्राचीन मानवले प्रकृतिको खुबी र महत्वलाई नजिकबाट देखेका थिए । तिनीहरुले सन्तोषजनक र बैज्ञानिक ढंगले ब्याख्या गर्न सकेनन् । किनकि उनीहरुलाई कार्य-कारणको सिद्धान्तको ज्ञान थिएन । त्यसैले उनीहरुले स्वाभाविकरुपले अन्धविश्वासको आडमा देवदेवीहरुको कल्पना गर्न थाले । तर अहिले आएर हामीले देख्दछौँ कि ज्ञान विज्ञानको विकास भएपछि यस्ता अन्धविश्वासहरु स्वतः गलत साबित भइसकेका छन् । हावा बहेको कारण वायु देवता बिवाहको जन्तमा सामेल भएको हो भनी प्राचीन मानिसहरुले विश्वास गर्दथे यदि विज्ञानले यस कुरालाई कार्य-कारणको सिद्धान्त अनुकुल बुझ्ने कोशिस नगरेको भए हामीलाई कदापि थाहा हुने थिएन कि हावाको गति भनेको वातानुकूल दवाबको कारणले उत्पन्न हुने प्राकृतिक घटना हुन् ।

१०. यदि व्याख्या अन्धविश्वासयुक्त भएमा ज्ञानका र सत्यका



Downloaded from http://dhamma.digital/

सबै ढोकाहरु बन्द हुन्छन् । देवदेवीलाई कसले रचना गरे अथवा के का आधारमा रचना गरे त्यो हामी भन्न सक्दैनौं । यस्ता वाहियात कुराको पछि लागेमा ज्ञान र सत्यको उन्नति ठप्प हुनेछ ।

११. प्रतीत्यसमुत्पादले पहिलो कारणको तलाश गर्ने काम गर्दैन किनकि पहिलो कारणको धारणाले ज्ञानको प्रगतिमा नै पूर्ण बिराम लाग्दछ ।

## प्रतीत्यसमुत्पादको र एरिस्टोटलको नियम उही होइन

१२. एरिस्टोटलले अघि सारेको कारणको नियम, प्रतीत्यसमुत्पादको नियम होइन जुन कसै कसैले उस्तै हो भनी गलत ढंगले व्याख्या गर्दछन् । एरिस्टोटलले आफ्नो नियमअनुसार कारण र प्रभावलाई एकले अर्कोलाई उत्पन्न गर्ने दुई भिन्दै घटना हुन् भनेका छन् ।

१३. तर राम्ररी परीक्षण गरी हेरेमा एरिस्टोटलको भनाइ अमान्य साबित हुन्छ । प्रतीत्यसमुत्पादको सिद्धान्तअनुसार दुवै घटनालाई भिन्दाभिन्दै रुपमा लिन सकिंदैन किनकि ती दुवै प्रक्रिया एक अर्कोमा अन्योन्याश्रित छन् । ती छुट्टिन्छन् वा अलग्गिन्छन् भन्ने कुरा नै हुँदैन । कुनै पनि घटना एक्लै घट्न सक्दैन । त्यसैले कारण वा कार्य एक्लै/अलग्गै जीवित हुनै सक्दैन ।

## आकस्मिक कारण वा प्रभाव होइन, प्रतीत्यसमुत्पाद नै वैज्ञानिक व्याख्या हो

१४. माटो भाँडोको हेतु हो भन्ने कुरा मध्ययुगीन तर्कशास्त्रीहरु पनि मान्दछन् । हो, माटो नै भाँडोको सच्चा हेतु हो तर भाँडो बन्न माटो मात्र भएर पुग्दैन । यदि पानी नभएको भए, घुमाउने पाङ्ग्रा



Downloaded from http://dhamma.digital/

नभएको भए, कुम्हाले नभएको भए, कुम्हालेको मनमा भाँडो बनाउने विचार नआएको भए त्यो माटोको भाँडो बनिने थिएन। भाँडो बन्नको निमित्त यी कुराहरु अपरिहार्य छन्। यदि ती तत्वहरुमध्ये कुनै एक मात्र पनि नभएको भए त्यो भाँडो बन्ने नै थिएन। अब माटो नै भाँडोको हेतु हो भन्न हामीलाई के अधिकार छ ? विभिन्न तत्वहरु मध्ये एकलाई छान्नु र त्यसैलाई कारण भन्नु हाम्रो एकाङ्गी मान्यता मात्र हो। त्यसैले माटोलाई नै भाँडो बन्नुको कारण हो भन्नु उचित छैन। सबभन्दा उचित तरिका माटोकै आधार लिई त्यस भाँडो उत्पन्न भयो। त्यसैले वैज्ञानिक र न्यायोचित व्याख्या भनेको प्रतीत्यसमुत्पाद नै हो।

## क्लेश निवारण गर्न प्रतीत्यसमुत्पादको प्रयोग

१५. भगवान बुद्धले जरा व्याधि मरणको कारण के हो भन्ने कुरा पत्ता लगाउन ध्यान गर्नुभयो। त्यसबेलाका अन्धविश्वासी मानिसहरुलेझैं उहाँले हाम्रो दुःखको कारण विभिन्न देवदेवीहरुको कोप नै हो भन्ने कुरालाई स्वीकार गर्नुभएन। उहाँको खोज अन्धविश्वासमा आधारित नभई वैज्ञानिक एवं समुचित विधिमा आधारित थियो। उहाँले प्रतीत्यसमुत्पादको क्रममा क्रमशः माथितिर सर्दै दुःखको मूललाई पक्रन प्रयत्न गर्नुभयो।

१६. जरा-मरण के हो ? दुःख के मा आधारित छ ? कुन पूर्वकर्म हेतुले यसमा काम गर्दछ ?

(क) **दुःख, जन्ममा आधारित हुन्छ** भन्ने कुराको उहाँलाई ज्ञान भयो किनभने जन्मेपछि मात्र सबै प्रकारका दुःख मानिसले भोग्नुपर्छ। त्यसैले जन्म नै दुःखको आधार हो।

(ख) **जन्म, भव वा अस्तित्व बोधमा आधारित हुन्छ** – केही



Downloaded from http://dhamma.digital/

नभई केही हुँदैन । कुनै कुराबाट मात्र कुनै कुरा सम्भव हुन आउँछ । त्यसैले पहिलेको कुनै कारण विना जन्म सम्भव हुँदैन । व्यक्ति वा व्यक्तित्व, शून्यबाट उत्पन्न हुँदैन । जस्तोसुकै पूर्वकर्मको वीज होस् त्यसमा विश्वास गरिनैपर्छ ।

मानिसको व्यक्तित्व विकासमा उसका आकांक्षाहरु, सफलता, असफलताहरु, आशा, निराशाहरु समावेश भएका हुन्छन् । यी कुराहरु जन्मदेखि मात्र आरम्भ हुँदैनन् किनकि शुरुवात भनेको सदैव पूर्व अस्तित्वको आधार लिएर मात्र हुन्छ । यो हाम्रो वर्तमान जीवन पूर्णतः नयाँ सामाग्रीबाट मात्र बनेको छैन वा हुँदैन, यो त पहिलेको कुनै न कुनै कर्मबीजको वा घटनाको आधारमा गतिशील भई प्रकट हुन आएको हुन्छ ।

भव केमा आधारित हुन्छ ?

(ग) **भव, उपादानमा आधारित छ** – हाम्रो जीवन तृष्णा/उपादानको कडीले बनेको वा संचालित छ । तृष्णा वा उपादानको तृप्तिबाट नै हामी आफूलाई संसारमा स्थापित गर्न चाहन्छौं । खाने, पिउने, हिंड्ने, डुल्नेदेखि लिएर हामीद्वारा गरिने सानातिना क्रियाकलापमार्फत हामी संसारमा प्रतिस्थापित हुन उद्यत भई कार्य सम्पादन गरिरहेका हुन्छौं । हामी यस्तो व्यक्तित्वको कल्पना गर्न सक्दैनौं जसमा उपादान नै छैन वा हुँदैन । त्यसैले हामीमा उपादान हुन्छ जसमा चर्को प्रतिक्रिया गर्नाले भव वा अस्तित्व सम्भव हुन्छ ।

उपादान के मा आधारित हुन्छ ?

(घ) **उपादान, तृष्णामा आधारित हुन्छ** – तृष्णा नभइदिएको भए कसरी उपादान सम्भव हुन्थ्यो ? कुनै व्यक्तिले जीवनमा विजयी वा सफल बन्न इच्छा गर्छ, अनि त्यस इच्छापूर्तिको लागि लालयित रहन्छ र सफलताको प्राप्ति खातिर प्रयत्न वा संघर्षरत रहन्छ । त्यसैले



Downloaded from http://dhamma.digital/

इच्छा वा तृष्णामा नै उपादान आधारित हुन्छ ।

तृष्णा के मा आधारित हुन्छ ?

(ङ) **तृष्णा, संवेदनामा आधारित हुन्छ** – जब हामीमा सुखद संवेदना जाग्दछ अनि मात्र त्यसलाई भोग्ने तृष्णा जाग्दछ । सुखद स्पर्श वा सुन्दर दृष्यले तृष्णा जगाउँछ । त्यसैले संवेदनामा नै तृष्णा आधारित हुन्छ ।

संवेदना के मा आधारित हुन्छ ?

(च) **संवेदना, स्पर्शमा आधारित हुन्छ** – जब हाम्रा इन्द्रियहरु बाहिरी आलम्बनको स्पर्शमा आउँछन्, अनि मात्र ती आलम्बनहरुलाई अनुभव गर्न सक्दछौं । त्यसैले स्पर्शमा नै संवेदना आधारित हुन्छ ।

स्पर्श के मा आधारित हुन्छ ?

(छ) **स्पर्श, हाम्रा ६ इन्द्रियहरु र तिनीहरुका आ-आफ्ना आलम्बनहरुमा आधारित हुन्छ** – यदि हाम्रो आँखा नै नभएको भए र देखिने दृष्य नै नभइदिएको भए कसरी देखिने कुराको स्पर्श हुन्थ्यो ? त्यसैले स्पर्श भनेको हाम्रो ६ इन्द्रियहरु र तिनीहरुका आ-आफ्ना आलम्बनहरुमा आधारित हुन्छ ।

६ इन्द्रियहरु के मा आधारित हुन्छ ?

(ज) **तिनीहरु नाम र रुपमा आधारित हुन्छन्** – ती ६ इन्द्रियहरु कि त नाम (चित्त) हुन् कि त रुप (शरीर) हुन् । प्रत्येक संवेदनशील ग्राह्य वा अग्राह्य वस्तु नाम र रुप दुवै हुन् । नाम वा आकार नभएको वस्तु थाहा पाउन सकिंदैन । त्यसैले ६ इन्द्रियहरु नाम र रुपमा आधारित हुन्छन् ।

नाम र रुप के मा आधारित हुन्छ ?

(झ) **नाम र रुप, विज्ञान (चेतना) मा आधारित हुन्छ** – नाममा (नाउँमा) कुनै अर्थ हुँदैन, शून्य मात्र हुन्छ । यदि 'कामी' भन्ने



Downloaded from http://dhamma.digital/

शब्दार्थको चेतना हामीमा नभएको भए ऊ को हो, के हो र उसको बारेमा केही थाहा पाउन सकिदैनथ्यो । त्यस्तै वस्तुप्रति चेतनशीलता नभइदिएको भए आकार पनि अर्थहीन सावित हुन्थ्यो । फलफूल कहिल्यै नखाएको भए त्यसको स्वाद थाहा पाइँदैनथ्यो र फलफूलको सुन्दर तस्वीरले हामीलाई लोभ्याउन सक्दैनथ्यो । ती पनि अर्थहीन नै हुन्थे । त्यसैले नाम र रुप विज्ञान (चेतना) मा आधारित हुन्छ ।

विज्ञान के मा आधारित हुन्छ ?

(ञ) **विज्ञान, संस्कारमा आधारित हुन्छ** – मेरो मित्र 'फर्नान्डिस' प्रति म सचेत छु । यसको अर्थ के हो त ? अँ, यसको मतलब उसले मलाई धेरै कुरामा प्रभाव पारेको छ । ऊ सिलोनबाट आएको हो , ऊ युवक हो, उसले रबरको रुखबारे अनुसन्धान गर्दैछ इत्यादि ।

यदि मैले ती प्रभावहरुलाई एक एक गर्दै हटाइदिएँ भने, अन्त्यमा, म मा 'फर्नान्डिस' प्रतिको संचेतना पूर्णतः लुप्त हुनेछ । त्यसैले संचेतनाका प्रभावमा छापहरु निहित हुन्छ । त्यसैले विज्ञान, संस्कारमा आधारित हुन्छ ।

संस्कार के मा आधारित हुन्छ ?

ट) **संस्कार अविद्या (अज्ञानता) मा आधारित हुन्छ** – कुनै बस्तु वा व्यक्तिलाई नित्य र स्थायी हो भनेर ग्रहण गर्नु अविद्या हो । लोकोत्तर दृष्टिले कुनै पनि वस्तु वा व्यक्ति दुई क्षणसम्म उही भएर रहंदैन । सबै कुराहरु आफ्नै गतिमा निरन्तर गतिशील भई अगाडि बढिरहन्छन् ।

'फर्नान्डिस' बारे मैले पाएका सबै प्रभावहरु (संस्कार) उनको संगतबाट पाएको हुँ । तर वास्तवमा उ त्यही व्यक्ति होइन जो हिजो थियो । उसँगको संगतबाट जुन प्रभाव मैले पाएको थिएँ, मैले पाएँ भनेर लिइराख्नुको के अर्थ रहन्छ र ? यसरी त्यही हो, भिन्दै होइन



Downloaded from http://dhamma.digital/

भनेर लिइराख्नु नै हाम्रो खास अज्ञानता हो किनभने सदा त्यस्तै भइरहने वा नित्य केही पनि छैन ।

संसारमा जे जति छन् , सबै अनित्य छन् । जसले यस उच्चतम प्रज्ञायुक्त कुरालाई यथार्थ अनुभव गर्दछ, उसले एकछिन अगाडिको र अहिलेको बस्तु वा व्यक्ति उही नै हो भन्ने कुरा स्वीकार गर्दैन । अब ऊ प्रभावहरुको वशमा परेर वा संस्कारको कारणले अब फेरी अज्ञानताको खाडलमा जाकिँदैन ।

१७. जब संस्कार नै हुँदैन, विज्ञान पनि हुँदैन । विज्ञान छैन भने नाम रुप पनि हुँदैन । नाम रुप छैन भने ६ इन्द्रियको पनि अस्तित्व हुँदैन । ६ इन्द्रिय छैनन् भने स्पर्श हुँदैन । स्पर्श छैन भने संवेदना हुँदैन । संवेदना छैन भने तृष्णा उत्पन्न हुँदैन । तृष्णा नै उत्पन्न नभए उपादान पनि हुँदैन । उपादान नभए जीवनको सम्भाव्यता हुँदैन । जीवनको सम्भाव्यता नै नभए जन्म हुँदैन । जन्म नै नभए जरा-व्याधि-मरण हुँदैहुँदैन ।

१८. यसरी बुद्धले प्रतीत्यसमुत्पादको श्रृङ्खलालाई बुद्धगयाको पवित्र बोधिवृक्षमुनि ध्यानस्थ भएर यथार्थ अनुभव गर्नुभयो। यो नै बुद्धत्व प्राप्ति थियो । यही नै बुद्धले प्राप्त गर्नुभएको सम्बोधि-लाभ थियो ।

१९. भगवान बुद्धले सम्बोधि लाभ गर्नुभएपछि अत्यन्त हर्षित हुनु भई यो उद्‌गार व्यक्त गर्नुभयो ।

(क) अनेक जाति संसारं सन्धाविसं अनिब्बिसं,
(ख) गह-कारक गवेसन्तो दुक्खा जाति पुनप्पुन,
(ग) गह-कारक दिट्ठोसि, पुन गेहं ना काहसि,
(घ) सब्बा ते फासुका भग्गा, गहकूतं विसंखतं,
(ङ) विसंखार गतं चित्त, तण्हानं खयमज्झगा,
(च) अनिच्चावत संखारा उप्पादवय धम्मिनो,



Downloaded from http://dhamma.digital/

(छ) उपज्झित्वा निरुज्झन्ति तेसं वुपसमोसुखो ।

"मैले धेरै जन्मसम्म बिश्रामै नलिइकन घर बनाइदिने (तृष्णा) को खाजीमा दौडिरहें तर दु:ख मात्रै हात लागिरह्यो । अब हे गृहकारक ! तिमीलाई मैले भेट्टाइसकें । तिमीले अब मेरो निम्ति नयाँ घर बनाइदिन सक्दैनौ । घर बनाउने सबै सामानहरु छिन्नभिन्न पारि सकें । बीमहरु भाँचिइसके । छाना पनि खसिसक्यो । मेरो मन सारा संस्कारबाट विमुक्त भइसक्यो । तृष्णा समूल नष्ट भइसक्यो ।

सबै संस्कारहरु अनित्य छन् । ती निरन्तर उत्पन्न हुन्छन् , नष्ट हुन्छन् । तिनीहरुको समूल नष्ट हुनुमा नै उच्चतम सुख छ ।"

संसारको असारत्वलाई हामीले बुझौं र यसमा तप गरौं । यही नै उच्चतम प्रज्ञा प्राप्तिको मार्ग हो ।

## २. पहिलो धर्मदेशना (धर्मचक्र प्रवर्तन)

### वनारसतिर प्रस्थान

१. तथागतले जुन धर्म प्राप्त गर्नुभयो त्यो उच्च र गम्भीर छ भन्ने कुरा भगवान बुद्धले महसुस गर्नुभयो । सामान्य पृथकजनहरु तृष्णाले प्रताडित छन् त्यसैले तिनीहरुले यस धर्मको गरिमा र गाम्भीर्यलाई बुझ्न सक्दैनन् । तर उहाँले पाँच भद्र वर्गीय ब्राम्हणहरुलाई जो उरुवेलमा सँगै थिए, सम्झनुभयो र शायद उनीहरुले यस धर्मलाई बुझ्लान् भनी विचार गर्नुभयो । ती ज्ञानका पिपासु छन् र बुद्धिमान पनि छन् भन्ने कुरा पनि सोच्नुभयो । त्यसैले तथागतले ती पाँच ब्राम्हणहरुलाई यो गहन धर्म बताउने निश्चय गर्नुभयो । तिनीहरु त्यसबेला वाराणसी नजिकै ऋषिपतन अथवा सारनाथमा बस्दथे । तथागत उतै प्रस्थान गर्नुभयो ।



Downloaded from http://dhamma.digital/

## उपकसँगको भेट

२. जब भगवान बुद्ध गयाबाट काशीतिर जानुभयो, उहाँको उपकसँग भेट भयो। उपक अर्कै धर्ममा दीक्षित थिए। उपकले बुद्धको शान्त, चहकिलो र प्रभावशाली व्यक्तित्वलाई देखेर सोधे - "मित्र, तपाई कहाँ जान लाग्नुभएको ?" तथागतले भन्नुभयो - "धम्मचक्कं पब्बनेतं गच्छं कसिनपुरं" अर्थात "म काशीमा धर्मचक्र प्रवर्तनको लागि जाँदैछु।" बुद्धले ऋषिपतन (काशी)मा सर्वप्रथम धर्मचक्र प्रवर्तन अथवा पहिलो धर्मदेशना गर्नुभयो जसलाई 'धम्मचक्क पवत्तन-सुत्त' अथवा धर्मचक्र चलाएको भनिन्छ।

यो सूत्रलाई महत्ता र गाम्भीर्यको दृष्टिले सम्पूर्ण त्रिपिटकमा अद्वितीय मानिन्छ। त्रिपिटकमा धर्मका विविध पक्षलाई संक्षेपमा तर स्पष्टसित वर्णन गरिएको छ।

३. यस धर्मदेशनालाई 'धर्म चक्र घुमाउने' भनिएको वा नामाकरण गरिएको कुरा अति महत्वपूर्ण छ। पालि शब्द 'चक्क पवत्तन' अथवा 'चक्र घुमाउनु' को अर्थ प्रवर्तन गर्नु हो। बुद्धले धर्मको व्याख्या नयाँ र अपूर्व किसिमले दिनुभयो। धर्मको क्षेत्रमा यस देशनाले एउटा अद्वितीय र नयाँ आयाम प्रदान गरेको छ।

## बनारसमा पाँच भद्रवर्गीय ब्राम्हणहरुको साथमा

४. जब ती पाँच ब्राम्हणहरुले बुद्धलाई उनीहरु भएठाउँ आइरहेको टाढैबाट देखे, उनीहरुले आपसमा यसरी सल्लाह गरे –

"हेर, सिद्धार्थ हामीतिरै आइरहेको छ। उनले ब्रत उपवास त्यागेर, सामान्य नागरिक सरह खान पान गरी, लुगा लगाई तपबाट विचलित भएको थियो। हामी उनलाई न त आदर गौरव नै राख्दछौं, न त स्वागत नै गर्दछौं, न त उठेर उनको आवभगत नै गर्दछौं। उनी



Downloaded from http://dhamma.digital/

चाहन्छन् भने हामीसित आएर बस्न सक्दछन् ।"

५. तर जब सिद्धार्थ उनीहरुको समीप आइपुगे, उनीहरु केही नगरी बस्न सकेनन् । ती सबै सिद्धार्थको सम्मान गर्न जुरमुराएर उठे । एकजनाले उनको भिक्षापात्र (पिण्डपात्र) लिए, अर्कोले चीवर उठाए, अर्कोले उनको लागि आसन तयार पारे र अर्को एकजनाले नुहाइ धुवाइ गर्न, पाउ धुन पानी ल्याए ।

६. बुद्ध आसनमा बस्नुभयो र भन्नुभयो - "साथी हो ! म अब बुद्ध भइसकें । मेरो कुरा ध्यान दिएर सुन - म तिमीहरुलाई मैले प्राप्त गरेको धर्मका कुरा सुनाउँछु । यदि तिमीहरुले जस्तो भनियो त्यस्तै गर्दछौं भने तिमीहरुले जुन ज्ञानको लागि साधु बनेका थियौ, सो प्राप्त गर्नेछौं ।"

ती पाँच ब्राम्हणहरुले भने - "सिद्धार्थ, जब तिमीले सन्यासी जीवन बिताई जपतप गरिरहेको थियौ त्यसबेला त तिमीले सत्य ज्ञान पाउन सकेनौ भने अहिले हामी कसरी विश्वास गरौं कि तिमी बुद्ध भयौ ? तिमीले त सामान्यजनलेझैं खान पीन र वस्त्र धारण गरेका थियौं ।"

बुद्धले भन्नुभयो - "यसभन्दा पहिले मैले तिमीहरुलाई कहिल्यै म बुद्ध भएँ भनेर भनेको थिएँ ? अब मलाई अनुभव भयो म बुद्ध भइसकें त्यसैले म बुद्ध हुं भनेर घोषणा गर्दैछु । म जे भन्छु , सुन । म तिमीहरुलाई धर्मका कुरा सुनाउंछु ।

७. त्यसपछि ती पाँच ब्राम्हणहरु बुद्धको कुरा सुन्न राजी भए ।

## बुद्धले भन्नुभयो

"हे भिक्षुहरु, कुनै पनि साधकले यी दुई अति (extremes) लाई त्यागनुपर्छ । ती दुई के के हुन् भने –



Downloaded from http://dhamma.digital/

(क) सांसारिक सुखलाई प्राप्त गर्नु नै मानिसको लक्ष्य हो भन्नु साह्रै नीच, मूर्खतापूर्ण र अज्ञानीहरुलाई मात्र सुहाउने कुरा हो।

(ख) केही नखाई, शरीर सुकाई कष्टकर र अलाभप्रद जपतपको अभ्यास गर्नु मूर्खजनले मात्र गरिने कार्य हुन्।

हे भिक्षुहरु, ती दुई अति (extremes) लाई त्यागेर मैले मध्यम मार्ग पत्ता लगाएँ। यो मध्यम मार्ग नै प्रज्ञा प्राप्तिको निमित्त र निर्वाण साक्षात्कार गर्नको निमित्त उचित र अनिवार्य छ।

मध्यम मार्ग कुन हो त ?

आर्यअष्टाङ्गिक मार्ग नै मध्यम मार्ग हो। ती मार्ग आठ अङ्गसहितको छ। ती हुन् –

(क) सम्यक दृष्टि (ख) सम्यक संकल्प
(ग) सम्यक वचन (घ) सम्यक कर्म
(ङ) सम्यक आजीविका (च) सम्यक व्यायाम
(छ) सम्यक स्मृति (ज) सम्यक समाधि

हे भिक्षुहरु, यही नै मध्यम मार्ग हो। यसैको अभ्यासले निर्वाण साक्षात्कार गर्न सकिन्छ।"

८. बुद्धले ती दुवै अति (extremes) लाई प्रयोग गरी हेर्नुभयो। राजकुमार छँदा सिद्धार्थले सबै प्रकारका सुखभोगको रसास्वादन गरि सकेका थिए। उनले बुझे ती सुख ऐश्वर्य सबै अनित्य हुन् र अन्ततोगत्वा ती सुखभोगले दुःख, चिन्ता र भय मात्र दिंदा रहेछन्। उनले उरुवेलमा रहँदा कठीन जप तपको पनि अभ्यास गरिसकेका थिए। उनले बुझे ती पनि कष्टदायक छन् र सत्य धर्मको साक्षात्कार गर्न अनुपयुक्त छन्।

९. त्यसैले उनले आफ्नो पहिलो धर्मदेशनामा साधकको लागि ती दुई अति त्याज्य छ भने। मध्यम मार्ग जसलाई आर्य अष्टाङ्गिक



Downloaded from http://dhamma.digital/

मार्ग पनि भनिन्छ त्यही नै उच्चतम शील, समाधि र प्रज्ञा प्राप्त गर्ने राम्रो मार्ग हो। यसैले मानिसलाई पूर्णता प्रदान गर्दछ र दुःखबाट पूर्ण मुक्ति दिलाउन सक्दछ।

## वास्तवमा मुक्ति के हो ?

१०. कसैले प्रश्न गर्न सक्दछ – "मुक्ति वास्तवमा के हो र मुक्ति पाउने के बाट ? त्यो वन्धन कुन हो जसबाट हामी मुक्ति चाहन्छौं अनि आर्य अष्टाङ्गिक मार्गले मात्र कसरी मुक्तिको रसास्वादन गराउन सक्छ ?"

## औषधि विज्ञानसँग तुलना गर्दा

११. सद्धर्मलाई औषधि विज्ञानसँग तुलना गर्न सकिन्छ। अनि बुद्धलाई नै अत्युतम बैद्य हुन् भनिएको पनि छ।

१२. औषधि विज्ञान यी चार प्रश्नहरुको उत्तर खोज्दछ र यी प्रश्नहरुको उत्तर विना औषधि विज्ञान पूर्ण छैन। यसले बताउनुपर्छ –

(क) रोग के हो वा कुन हो ?

(ख) त्यो रोगको कारण के हो ?

(ग) त्यस रोगको निवारण कुन औषधिबाट हुन्छ ?

(घ) व्यक्तिले प्राप्त गर्नुपर्ने राम्रो स्वास्थ्य के हो ?

## बुद्ध-धर्मको सबै विकारको पूर्ण उन्मूलन गर्ने लक्ष्य

डाक्टरलाई माथिका चार प्रश्नहरुको उत्तर राम्रो ज्ञान छैन भने उसले रोग निको नै पार्न सक्दछ भनेर आशा लिन सकिंदैन।

१३. औषधि विज्ञानको क्षेत्रमा लागु हुने यी चार कुरा बुद्ध-धर्मको चार आर्य-सत्यसँग ठ्याक्क मिल्न आउँछ।

१४. हामीलाई थाहा पनि छ र अनुभव पनि छ कि प्राणीहरुले



Downloaded from http://dhamma.digital/

दुःख पाइरहेका छन् । संसार दुःखमय छ । भोक, तिर्खा, जाडो, गर्मी, निराशा, हैरानी, नोक्सानी, रोग, बृद्धावस्था र मृत्यु सबैले ढिलो चाँडो भोग्नैपर्छ । गरिब हुन् वा धनी, राजा हुन् वा रंक जसजसले जीवन धारण गरेका छन् सबैले सानो वा ठूलो एउटा न एउटा दुःख भोग्नैपर्छ । मानव ती सबै दुःखबाट जति सकिन्छ त्यति टाढिन प्रयत्नशील छ र संघर्षरत छ । हामी सुख सुविधा भोग्न र अभाव वा दुःख हटाउन नै विभिन्न क्रियाकलाप गरिरहेका छौं । भोक लाग्दा खाना खान्छौं र जाडो महसुस हुँदा कोट लगाउँछौं । दुःख हामीलाई मन पर्दैन यसैले यसबाट टाढा रहन हरसम्भव प्रयत्न गर्छौं ।

१५. बुद्ध-धर्मले मानव दुःखलाई पूर्णतया निर्मूल पार्ने उद्देश्य बोकेको छ । त्यो उद्देश्य हो - मुक्ति अथवा निर्वाण । खाना र गरम कोटले भोक र जाडोलाई पूर्णरुपले सदाको लागि हटाउन सक्दैन किनकि भोलि फेरि त्यस्तै भोक लाग्छ र जाडोको सामना गर्नुपर्छ ।

१६. दुःखको अन्तिम र पूर्ण निर्मूल भनेको दुःखको लेस पनि बाँकी नभइकन भविष्यमा त्यस्ता दुःखले पुनः सताउन नसक्ने गरी निर्मूल गर्नु वा निर्मूल हुनुलाई भनिएको हो ।

१७. जसरी औषधि विज्ञानमा चार कुरा विद्यमान छन् त्यस्तै बुद्धले सिकाउँनुभएको दुःखमुक्तिको साधनामा पनि चार सत्य निहित छन् -

(क) दुःख ।

(ख) दुःखका कारणहरु ।

(ग) दुःखबाट बच्ने उपाय ।

(घ) दुःखमुक्ति वा निर्वाण ।

१८. यी चार कुरालाई बुद्ध-धर्ममा 'चार आर्य-सत्य' भनेर जानिन्छ ।



Downloaded from http://dhamma.digital/

## (क) दुःख : पहिलो आर्य-सत्य

१९. बुद्धले भन्नुभयो - " हे भिक्षुहरु ! दुःख एक आर्य-सत्य हो। जन्म दुःख हो, जरा, व्याधि, मरण, अप्रियसँगको संयोग, प्रियसँगको वियोग, इच्छित वस्तुको अप्राप्ति यी सबै दुःखै हुन्। संक्षेपमा भन्ने हो भने पञ्चस्कन्ध (नाम र रुप) का पाँच तत्वहरु सबै दुःखै हुन्।

२०. आजकाल बुद्ध-धर्मलाई 'निराशावादी' भनेर हेय-दृष्टिले हेरिने गरिन्छ। किनकि यसले दुःखको चर्चा गरेको छ र संसारलाई दुःखको खाडल भनेको छ। तर यो सत्य होइन, बुद्ध-धर्म निराशावादी कदापि होइन। निराशावादीहरु संसार दुःखमय छ र त्यसबाट बच्ने उपाय नै छैन भन्ने कुरामा विश्वास गर्दछन्। तर बुद्ध-धर्मले दुःखबाट पूर्ण मुक्ति पाउने र पुनः पुनः दुःखबाट पिरोलिन नपर्ने पक्का विधि बताइदिएको छ र त्यसलाई अभ्यास गर्न सिकाइदिएको छ।

२१. भौतिकवादीहरु भन्दछन् - हो, संसारमा सुख र दुःख दुवै छन्। एउटै कुरा के भने - हामीले सुख प्राप्त गर्न र दुःख हटाउन प्रयास गर्नुपर्छ। चामल भुसले छोपिएको छ। चामल पाउन चाहन्छौं भने भुसलाई अलग्याउने कष्ट उठाउनुपर्छ। त्यसैले दुःखलाई हटाऊ र बढी से बढी सांसारिक सुख पाउने कोसिस गर।

## सुख के हो ?

अब हामीले सदैव पाउन चाहने सुख के हो भन्नेबारे एकछिन चर्चा गरौं।

## दृष्टान्त

२२. मानौं एकजना धेरै दिनको भोको गरिब मानिसले दिनभरि मिहिनेत गरेर एक डलर कमाएछ। उ अत्यधिक खुशी भएर साँझ घर



Downloaded from http://dhamma.digital/

फर्किन्छ र आफू र बालबच्चालाई राम्रो खानाको प्रबन्ध गर्दछ। तर यदि एउटा डाक्टर वा न्यायाधिश जो दिनको सय डलर कमाउँथ्यो, त्यसदिन एक डलर मात्र कमाएर घर फर्कनु पर्दा ऊ कति दुःखी हुन्छ। त्यस्तो किन हुन्छ ? त्यही एक डलरले एक जनालाई सुखी बनाउँछ र अर्कोलाई दुःखी बनाउँछ। कसरी यस्तो हुन्छ ?

२३. वास्तवमा, सुख वा दुःख भनेको नै हुँदैन। सुख भनेको कम दुःख अनुभव भएकोलाई भनिन्छ। कडा मिहिनेत गरेर एक डलर कमाउनु कष्टप्रद छ तर यसले दुःखीलाई सुख प्रदान गर्न सक्दछ।

२४. जसले दिनको हजार डलर कमाउँछ यदि उसले सय डलर मात्र कमाउन पऱ्यो भने यसले उसलाई कष्ट दिन्छ। त्यसैले यही सुख हो, यही दुःख हो भनेर किटेर भन्न सकिँदैन। किनभने एकजनालाई सुख अनुभव भएको कुरा अर्कोको लागि दुःख अनुभव हुन सक्छ। यो सही हो कि सुख वा दुःखको पनि तह तह हुन्छ। तर छ्यानेर यही नै हो भनेर टिप्न सकिँदैन। गरिबसँग तुलना गर्दा मध्यमवर्गीय व्यक्तिले सुखाभास पाउँछ तर लखपति महाजनसँग दाँजिदा उक्त मध्यम वर्गीले आफूलाई गरिब वा दुःखी पाउँछ। यिनै सुख वा दुःखको क्रममा हामी घरीघरी सुखी र घरीघरी दुःखी भइरहन्छौँ। हामीले इच्छा गरेको वस्तु प्राप्तिमा हामी सुखानुभूति गर्दछौँ। तर त्यसैसँग सन्तुष्ट भएर रहन सक्दैनौं। हामी पुनः अर्कै वस्तुमा सुख खोज्दछौं। त्यसैको लागि मरिमेट्‌दछौँ। अतः सुखले सदैव हामीलाई अर्को स्टेशनमा पर्खिरहेको हुन्छ। हामी त्यसलाई प्राप्त गर्न भरमग्दुर प्रयत्न गर्दछौँ तर भेट्टाउन सक्दैनौँ किनकि त्यो सुख झन उता झन उता सर्दैजान्छ। हामी भेट्टाउन खोज्दछौँ तर सकिंदैन। हामी निराश हुनपुग्छौँ। त्यसैले सुख भनेको मृगतृष्णाझैँ हो भनिएको छ।

पहिलो आर्य-सत्य – दुःखअन्तर्गत भगवान बुद्धले हाम्रो



Downloaded from http://dhamma.digital/

जीवनको लाभ वा हानी आशा वा निराशाबारे बताउनुभएको छ। सुखको पछि पछि पागलझैं दौड्नेहरुको लागि बुद्ध-धर्म होइन। यो त सुखदेखि भाग्न चाहनेहरुको लागि हो। सुखको पछि भाग्नेहरु नथाकुन्जेल मात्र भाग्न सक्दछन्। कालान्तरमा थाकिहालिन्छ।

यो संसार एउटा यस्तो डनलप बिछ्यौना जस्तै हो जसमा तीखा काँढाहरु बिछ्याइएका छन्। त्यस डनलपको नरम स्पर्श गर्नेले काँढाको घोचाइ पनि सहनुपर्छ। हामी स्वतः अनुभव गर्नसक्छौं कि यस्तो बिछ्यौना सुखप्रद हुन्छ कि दुःखप्रद।

भगवान बुद्धले व्याधि-जरा-मरण-शोक-दुःखादिलाई काँढाको रुपमा लिनुभएको छ। यस कुरालाई कसैले पनि नकार्न सक्दैन किनभने जीवनमा दुःखको अस्तित्वबोध हामी अन्य कुराकोभन्दा ट्डकारोरुपले गरिरहेका हुन्छौं।

## (ख) दुःखको कारण - दोस्रो आर्य-सत्य

हाम्रो दुःखको कारण के हो ?

१. प्राचीन मानवहरु देवदेवीको प्रकोपमा विश्वास गर्दथे। शक्तिशाली शत्रुहरुको आक्रमण, प्रेममा असफलता, अनावृष्टि वा भूकम्प यी सबै ईश्वरको प्रकोपबाट सम्भव हुन्छन् भन्ने कुरामा उनीहरु विश्वास गर्दथे। प्रकोप शान्त गर्न उनीहरु देवदेवीको पूजाआजा गर्दथे र बलि समेत चढाउँथे।

२. अदामले निषेधित रुखमा फलेका फल खाएको कारणले मानिसहरु पापी र दुःखी भए। यस कुरामा क्रिश्चियनहरु विश्वास गर्दछन्।

३. मुहम्मदवादीहरु पनि यस्तै कुरा फलाक्छन् कि ईश्वर वा अल्लाहको इच्छाबाट सबै कुराहरु घट्दछन्।



Downloaded from http://dhamma.digital/

४. यस्ता प्रकारका व्याख्याले बुद्ध-धर्मको अभ्यास गर्नेलाई सन्तुष्ट पार्न सक्दैन । बुद्ध-धर्ममा आस्था राख्नेहरुलाई विज्ञान-सम्मत व्याख्या चाहिन्छ, अन्धविश्वासयुक्त होइन । यहाँ विज्ञान-सम्मत भन्नुको तात्पर्य तर्कसंगत हुनु हो, न्याय-संगत हुनु हो र धर्म-संगत हुनु हो । कोरा अन्धविश्वासमा आधारित काल्पनिक देवदेवीको विश्वासमा चल्नु कदापि होइन । धर्मको फल त यसै जीवनमा हामी आफैले देख्न वा अनुभूत गर्न सकिने हुनुपर्छ ।

५. तथागतले भन्नुभयो - हाम्रा दुःखका कारण त तृष्णा हो । तृष्णा भनेको सुखको लालसा, चाहना, आकर्षण र लगाव हो । मानिसले कुनै प्रिय वस्तु नपाउँदा साह्रै दुःख अनुभव गर्दछ - दुःख त्यतिकै अनुभव गर्दछ जति उसले त्यस वस्तुप्रति प्रेम गरेको छ । जब घरमा आगो लाग्छ, मानिस रुन्छ, कराउँछ र दुःखीत हुन्छ किनकि त्यो घरलाई उसले प्रेम गरेको छ । तर अरु अपरिचितको घर जल्दा उसले त्यति दुःख मान्दैन । जहाँ तृष्णा र उपादान हुन्छ त्यहाँ दुःखको उद्गम हुन्छ ।

६. बुद्ध भन्नुहुन्छ - " हे भिक्षुहरु ! दुःखका कारण पनि आर्य-सत्य नै हो । तृष्णाले नै पुनर्जन्म गराउँछ । यसैले संसारमा विचरण गर्न लगाउँछ र सुखको पछाडि अन्धाधुन्ध दौड्न लगाउँछ ।

## तृष्णाले नै पुनर्जन्म दिन्छ

७. अब बुझौं – त्यो के हो जसमा जीवन पलाउँछ ?

हामीले शेक्सपिएर, नेपोलियन अथवा सिद्धार्थको बारेमा पढ्दा थाहा हुनुपर्छ कि तिनीहरुलाई मार्ग निर्देशन गर्ने मूलभूत कुरा के रहेछन् ?

शेक्सपिएरको जीवनलाई गीत संगीतमा आवद्ध भएका प्रेमका



Downloaded from http://dhamma.digital/

सूक्ष्म स्पन्दनहरुले र मानव चरित्रको चित्रण गर्ने तृष्णाले मार्ग निर्देशन गरेको पाइन्छ । नेपोलियनको जीवन नयाँ नयाँ भूभागलाई जित्ने र ठूलो साम्राज्य खडा गर्ने इच्छाले मार्ग निर्देशन गरेको हामीले पाउँछौं । उनको जीवनमा उनले उक्त इच्छा पूर्ति गर्न के के गरे त्यसमा उनी कतिको सफल भए र कसरी विफल भए भन्ने कुरा पनि पढ्न पाउँछौं । सिद्धार्थको जीवनमा दुःखमाथि विजय प्राप्त गर्ने इच्छाले मार्ग निर्देशन गरेको पाउँछौं । हामी उनको जीवनमा उक्त इच्छा पूर्तिको लागि राज पाठ त्याग गरेको, कठीन तप-ब्रत गरेको, ध्यान गरेको र निर्वाण साक्षात्कार गरेको कुरा थाहा पाउँछौं ।

८. त्यसैले हाम्रो जीवन हाम्रै खास तृष्णा र त्यसप्रतिको आसक्तिबाट निर्देशित भएको हुन्छ । तृष्णा वा इच्छा नै नभएको मानिसको कल्पना गर्न सकिंदैन ।

९. जहाँ तृष्णा हुन्छ, त्यसको पूर्ति खातिर गरिने क्रियाकलापको सफलता वा असफलता, आशा वा निराशाको पनि सामना गर्नुपर्ने हुन्छ । यसरी जीवनको प्रक्रिया अगाडि बढि नै रहन्छ । तृष्णा नै छैन भने आसक्ति पनि हुँदैन, जीवन पनि हुँदैन, बुढ्यौली र मृत्यु पनि हुँदैन ।

१०. जबसम्म तृष्णारुपी ड्राइभरले जीवनरुपी गाडीलाई हाँक्छ, जीवन अगाडि गुड्दैरहन्छ । तृष्णा नै जीवन-संचालक हो । शारीरिक रुपको परिवर्तनले यसलाई अलिकति पनि छेकवार लगाउन सक्दैन । मृत्यु भनेको भौतिक शरीरको अनिवार्य परिवर्तन मात्र हो । यदि तृष्णा छ भने मृत्युपश्चात् पनि जीवनधारा रोकिंदैन । त्यसैले तथागतले भन्नुभयो - "तण्हा पोनोभविका" । तृष्णा नै पुनर्जन्मको कारक-तत्व हो । यसले मृत्यु भएपछि पनि जीवन प्रक्रियालाई निरन्तरता दिन्छ र हामीलाई बारम्बार जन्म दिई सुखको पछाडि भाग्न लगाउँछ ।



Downloaded from http://dhamma.digital/

११. अतः तृष्णा अथवा तण्हा नै दुःखको कारण हो । यदि हामीलाई दुःख चाहिंदैन भने, दुःखलाई हटाउने एक मात्र उपाय हो - आफ्नै तृष्णामाथि विजय प्राप्त गर्नु । तृष्णा नै छैन भने जीवन नै हुँदैन अनि दुःख, भय, शोक कहाँबाट हुन्छ । दुःखमुक्तिको उपाय, त्यसैले, तेस्रो आर्य-सत्य नै हो । (अन्यत्र चौथोमा)

## (ग) दुःखबाट मुक्त हुने उपाय - तेस्रो आर्य-सत्य

दुःखको कारण तृष्णा हो भन्ने कुरा थाहा पायौं । अतः तृष्णामाथि विजय गर, दुःख हुने नै छैन । तर तृष्णालाई निर्मूल गर्ने कसरी ?

भगवान बुद्धले तृष्णालाई बल्दै गरेको आगोसित तुलना गर्नुभएको छ । यस तृष्णारुपी आगोलाई निरन्तर बल्न दिन हाम्रो अकुशल कर्म वा पापकर्मको पेट्रोलको आवश्यकता पर्छ । जति बढी मात्रामा अकुशल कर्म हुनजान्छ, त्यतिनै बढी तृष्णाको आगो दन्किन्छ वा तेजिलो हुन्छ ।

एउटा केटाले कक्षामा अरु कुनै विद्यार्थीको राम्रो पेन्सिल देख्दछ र उसमा त्यस पेन्सिललाई हासिल गर्ने इच्छा जाग्दछ । उसले विचार गर्दछ, "चोर्नु पर्‍यो कि । होइन, होइन यो त अपराध हो । फेरि समातिएँ भने, साथीहरुले चोर भनेर हेलाँ गर्दछन् । गुरुले पनि मलाई ठूलो सजायँ दिनुहुन्छ ।" यति कुरा सोच्दा पनि उसले त्यस सुन्दर पेन्सिललाई लिने तृष्णालाई रोक्न सक्दैन र चुपचाप चोरी गर्दछ । अर्को दिन उसले एउटा साथीको 'पार्कर पेन' देख्दछ र त्यसलाई पनि लिने तीव्र इच्छा जाग्दछ । यसपालि पहिलेको भन्दा रोक्ने बिचार दृढ हुँदैन किनभने उसको तृष्णालाई पहिलो चोरीले बल दिइसकेको हुन्छ । उसले सजिलै त्यस 'पार्कर पेन' पनि चोर्दछ । यसरी जति ऊ चोरी गर्दै जान्छ, त्यति नै चोर्ने लालच र हिम्मत बढ्दै जान्छ । अतः



Downloaded from http://dhamma.digital/

पापकर्म गर्दै जाँदा तिनलाई पुनरावृति गर्दै जाने प्रवृति बलियो हुँदै जान्छ। यसले हाम्रो तृष्णालाई झन झन बलियो र गहिरो बनाउँदै लैजान्छ।

## (क) शील

१. पहिलो कुरा त हामीले आफूलाई पापकर्मबाट टाढै राख्नुपर्छ। यसलाई नै शील भनिन्छ। 'सब्ब पापस्स अकरणं' अर्थात कुनै पनि पापकर्म नगर्नु। शील पालन गर्‍यौं र पापकर्म गरेनौं भने हाम्रो तृष्णारुपी आगोले नयाँ नयाँ इन्धन प्राप्त गर्न सक्दैन र आगो तेजिलोसाथ बल्न मद्दत मिल्दैन। बुद्ध उपदेशमा शीलहरु सबै 'नकारात्मक' पारामा राखिएका छन्। जस्तै तृष्णारुपी आगोलाई नहम्क।

२. तर विगत अनेक जन्महरुमा हामीले गरेका अनेक पापकर्महरुले हाम्रो तृष्णालाई चट्टानझैं दृढ र दुष्कर पारेका छन्। अब पुनः यसमा अरु पापरुपी नयाँ इन्धन थपेर आगोलाई अझ प्रज्ज्वलित हुन दिनुहुन्न। त्यसै त हामीमा आगामी कैयौं जन्मसम्मको लागि पर्याप्त मात्रामा दुःखका कारण संचित भइसकेको छ। यसको शक्तिलाई अहिले हामीले सामना गरी कमजोर र निष्तेज पार्नुपर्छ।

## (ख) समाधि

१. यो काम हामी ध्यान वा समाधिमार्फत पूरा गर्न सक्दछौं। मैत्री भावनाद्वारा शत्रुता, घृणा, द्वेष र इर्ष्याजस्ता विकारलाई शक्तिहीन पार्न सक्दछौं। सांसारिक सुखको अनित्यतामा ध्यान गरेर हामी तिनको पछाडि पागलझैं दौड्नबाट आफूलाई रोक्न सक्दछौं।

२. चोरलाई पनि थाहा छ - चोर्नु ठूलो पाप हो। तैपनि उ चोरी गर्ने मौकाको ताकमा रहन्छ र मौका भेट्टिएमा चोरी गरिहाल्छ। यो



Downloaded from http://dhamma.digital/

किन र कसरी हुन्छ ? किन मानिसले यो अनुचित हो भन्ने कुरा जान्दाजान्दै पनि उक्त काम गर्दछ ? हुनसक्छ, यस्तो काम गर्दागर्दै बानी पर्‍यो होला र यस प्रवृतिमाथि नियन्त्रण गर्न सकिएन होला। मानिसले गरेका पापकर्महरुको फल भोग्नुपर्दा ऊ रुन्छ, कराउँछ, दुःखीत हुन्छ अनि पुनः त्यस्तो काम गर्नेछैन भनी प्रण पनि गर्दछ। तर समय बित्दै जाँदा उसले आफ्नो प्रणलाई पनि बिर्सिदिन्छ र पुनः त्यस्ता पापकर्महरु गर्न भ्याइहाल्छ। लोभ लालचको पकड हामीमा यति बलियो र कसिलो हुन्छ। यदि लोभ, लालचको पकडलाई खुकुलो पार्न चाहन्छौं भने, ध्यान समाधि एउटै मात्र उपाय छ। यदि अपराधीले अपराध त्याग्न चाहन्छ भने उसले अपराधको दुष्परिणाम वा खराबीउपर ध्यान गर्नुपर्छ। अनि मात्र लोभलाई कमजोर पार्न सकिन्छ अनि क्रमशः एकदिन सबै प्रकारका दुःखबाट मुक्त हुन सकिन्छ। यो कुरा सिर्फ इच्छा मात्र गरेर सफल हुँदैन।

३. ध्यानको सबभन्दा उत्तम आलम्बन - 'अनिच्चा वा दुःख' नै हो। संसारमा जे जति छन् ती सबै अनिच्चा वा अनित्य छन् र दुःखमय अनि अनात्म छन्।

४. राष्ट्रहरु खडा हुन्छन् र बिलाउँछन्, साम्राज्यहरु स्थापित हुन्छन् र विनष्ट हुन्छन्, महलहरु ठडिन्छन् र धुलोमा मिलेर जान्छन् - यस्तै छ यो संसार। सुन्दर सुवासित फूलहरु फुल्दछन् र बटुवाहरुलाई आकर्षित गर्दछन्। भोलिपल्टै ती वइलाएर जान्छन् र शुष्क भई झर्दछन्। तिनका सुवास र सौन्दर्य सदाको लागि लोप हुन्छन्। यस्तै किसिमले सबै प्रकारका सुख र समृद्धि एकैछिनका पाहुना हुन्। जसले त्यस्ता अनित्यधर्मीबाट सुख पाउने चाहना गर्दछ, उसले अन्ततोगत्वा दुःखी हुनुपर्छ र शोकसंतप्त हुनुपर्छ। जब ती कपूरझैं उडेर जान्छन्, उसलाई दुःखको मात्र अनुभूति हुन्छ। संसारमा केही पनि कोही पनि



Downloaded from http://dhamma.digital/

रहिरहँदैन । त्यस्ता अनित्यसहित कुरामा सुख खोज्नु सर्वथा अनुचित छ । हामीले क्षणभंगुरता र त्यसबाट उत्पन्न हुने विभिन्न प्रकारका दुःखहरुउपर ध्यान गर्नुपर्छ ।

## (ग) प्रज्ञा

१. अनित्यता र दुःखलाई यथार्थरुपमा देख्नु नै महान प्रज्ञा हो । यसको प्राप्तिपछि मानिस पुनः दुःखमा अल्भिन सक्दैन । थाहा नभएसम्म एउटा बच्चाले छायाँको पछाडि दौडी छायाँलाई पक्रन खोज्दछ । छायाँ हो भन्ने थाहा लाग्ने बित्तिकै, त्यसलाई वास्तै गर्दैन ।

२. उत्तम प्रज्ञाले दुःखको मूल स्रोतको रुपमा रहेको तृष्णालाई समूल नष्ट गरिदिन्छ ।

३. अतः बुद्धले भन्नुभयो - "तृष्णा नै दुःखको कारण हो । दुःख निमित्यान्न पार्न तृष्णालाई पूर्णतया क्षय गर्नुपर्छ । बारम्बार अकुशल कर्ममा लागी तृष्णाको शक्तिलाई बढावा दिनुहुन्न । शील पालन गरेर अनि ध्यानद्वारा तृष्णाको शक्ति क्षय गर्नुपर्छ । उच्चतम प्रज्ञाको विकास गरी तृष्णालाई निर्मूल गर्नुपर्छ ।

४. यही दुःखबाट बच्ने उत्तम उपाय हो । भगवान बुद्धले यसलाई मध्यम मार्ग भन्नुभएको छ । दुई अति (extremes) लाई पन्छाई बीचको सुरक्षित बाटो अपनाइने भएकोले मध्यम मार्ग भनिएको हो । ती मार्गका तीन हाँगा छन् - १) शील २) समाधि ३) प्रज्ञा । यसलाई अझ प्रष्ट र विश्लेषणात्मक दृष्टिले भन्ने हो भने यसमा आठ अङ्ग समाहित छन् । ती हुन् -

५. शील - (क) सम्यक बचन ।
(ख) सम्यक कर्म ।
(ग) सम्यक आजीविका ।



Downloaded from http://dhamma.digital/

समाधि - (घ) सम्यक ब्यायाम ।

(ङ) सम्यक स्मृति ।

(च) सम्यक समाधि ।

प्रज्ञा - (छ) सम्यक दृष्टि ।

(ज) सम्यक संकल्प ।

यही मध्यम मार्ग हो अर्थात बुद्धधर्मले बताएअनुसारको आर्य अष्टाङ्गिक मार्ग हो ।

## (घ) निब्बान - चौथो आर्य-सत्य (अन्यत्र तेस्रोमा)

१. तृष्णालाई समूल नाश गरिसकेपछि जीवन-चक्र अथवा दुःख-चक्र प्रवर्तन हुन सक्दैन । यही निर्वाण हो - सबै प्रकारको दुःखबाट विमुक्त रहेको अवस्था ।

२. जबसम्म करेन्ट प्रवाहित हुन्छ, पंखा घुमि नै रहन्छ । करेन्ट बन्द गरिदिएमा, पंखा पनि घुम्नबाट रोकिन्छ । कारण नभएपछि प्रभाव पनि हुँदैन ।

३. अतः तृष्णा रोकिएपछि, जीवन-चक्र पनि प्रवर्तन हुनबाट रोकिन्छ । अनि त यो प्रश्न सोध्नु नै मूर्खतापूर्ण हुनेछ - 'निर्वाण प्राप्त भएपछि मानिसको कुन अवस्था हुन्छ ?' किनकि यो प्रश्न पनि यो प्रश्न समान नै हुन्छ - 'यदि करेन्ट बन्द गरियो भने पंखाको के गति हुन्छ ?' पंखा त घुम्दैघुम्दैन किनभने करेण्ट नै छैन । त्यस्तै दुःख त हुँदैहुँदैन किनभने तृष्णा नै छैन ।

४. बुद्धले पाँच वर्गीय ब्राम्हणहरुलाई भन्नुभयो, "हे भिक्षुहरु, निर्वाण साक्षात्कार गर्नुअघि मैले भनेको थिइन कि मलाई निर्वाणको साक्षात्कार भयो । अब मलाई त्यो ज्ञान प्राप्त भएपछि र तृष्णा समूल नष्ट भएपछि, म बुद्ध भएँ, जरा मरणादि दुःखको कुचक्रबाट पूर्णतः म मुक्त भएँ भनी भन्दैछु ।"



Downloaded from http://dhamma.digital/

५. पूर्ण सन्तुष्ट भएर ती ब्राम्हणहरुले तथागतले भनेका सबै धर्म उपदेशको अनुमोदन गरे । यो धर्मदेशना पछि कौडण्यले सर्वप्रथम 'जुन उत्पन्न हुन्छ, त्यो निरोध पनि हुन्छ ।' भन्ने ज्ञान प्राप्त गरे ।

६. भगवानले कौडण्यको तेजिलो र प्रफुल्लित अनुहार देखे अनि भने - "कौडण्यले निर्वाण साक्षात्कार गरे, कौडण्यले निर्वाण साक्षात्कार गरे ।"

७. ती पाँच भद्रवर्गीय ब्राम्हणहरुलाई धर्मबारे सबै कुराहरुको बोध भयो । ती बुद्धका प्रथम शिष्य भए । तिनीहरु 'पञ्च भद्रवर्गीय भिक्षु' कहलिए ।

## ३) संघको संगठन

१. बनारसमा यश कुलपुत्र भन्ने एक धनी व्यापारीको छोरा थियो । उसलाई पनि सांसारिक सुखदेखि वाक्क लागेको थियो । एकदिन उनी बुद्धकहाँ मार्ग दर्शनको लागि गए । बुद्धले उनलाई धर्मका कुरा सुनाए, सम्झाए र बुझाए । यश पनि बुद्ध संघमा दीक्षित भए र शिष्य बने । अनि उनका चार मित्रहरु - विमल, सुबाहु , पूर्णजीन र गवम्पति - जो बनारसको धनी मानीका छोराहरु थिए - यश कुलपुत्रको अनुशरण गरे । उनीहरु गृहत्याग गरेर भिक्षुसंघमा प्रवेश गरे त्यसपछि उनीहरुका अन्य ५० जना साथीहरुले पनि उनीहरुकै अनुशरण गरी भिक्षुसंघमा प्रवेश गरे । यसरी बुद्धप्रमुख अर्हतत्व प्राप्त भिक्षुहरुको संख्या ६१ पुग्यो ।

२. संघको निर्माण र स्थापना भयो । बुद्धले संघलाई सम्बोधन गर्नुभयो - "हे भिक्षुहरु, बहुजन हिताय बहुजन सुखायको निमित्त, सत्व प्राणीहरुको दुःखमुक्तिको लागि, देव मनुष्यहरुको हित सुखको लागि जाऊ, दिशा विदिशा जाऊ, धर्मको घोषणा गर, शुद्ध शान्त र मैत्रीपूर्ण जीवन जिउन प्रेरित गर ।"



Downloaded from http://dhamma.digital/

३. संघका ६० जनालाई यसरी सबैतिर धर्म प्रचारको लागि पठाइसकेपछि बुद्ध उरुबेला जानुभयो । बाटोमा घनाजंगलको एउटा रुखको फेदमा ध्यानको लागि बस्नुभयो। त्यहाँ ३० जना जति राजकुमारहरु एउटी बेश्याको खोजीमा आइपुगे । त्यस बेश्याले उनीहरुको गहना लुगा कुम्ल्याएर भागेर आएकी थिइन् । उनीहरुले बुद्धलाई त्यस बेश्या त्यहाँबाट गएकी देख्नुभयो कि भनेर सोधे ।

बुद्धले नम्रतापूर्वक भन्नुभयो - "राजकुमार हो, त्यस स्वार्थी बेश्यालाई खोज्नु बेस होला कि आफूभित्र आफैलाई खोज्नु उचित होला ?"

राजकुमारहरु साह्रै उत्सुक भए - "यस साधुले के भनेको होलान् ।" उनीहरुले भने - "प्रणाम छ साधु महाराज, आफूभित्र आफैलाई कसरी खोज्न सकिन्छ ?"

बुद्धले उनीहरुलाई धर्मोपदेश दिनुभयो। उनीहरुका आँखा खुले । उनीहरुले महसुस गरे कि उनीहरु साह्रै मूर्खतामा परेका रहेछन् । उनीहरु उत्तिखेरै बुद्धका शिष्य भए ।

४. जटिल सम्प्रदायका नायक काश्यपले पनि बुद्धका उपदेश सुने र तुरुन्तै बुद्धको शिष्य बने ।

५. यी नयाँ शिष्यहरुको साथमा एकदिन भगवान बुद्ध राजगृह प्रवेश गर्नुभयो । राजगृह राजा बिम्बिसारको राज्यको राजधानी थियो । राजा आफ्ना भारदारहरु र राजपुरुषहरुसहित बुद्धलाई भेट्न आइपुगे । तिनीहरु सबै बुद्धका अनुयायी भए । राजाले बेलुवन विहार बुद्धलाई दान दिए र आफू पनि दुई महिनासम्म त्यहीँ बसे ।

६. सारिपुत्र र मोदग्गलान दुई प्रख्यात धर्मानुशासकहरु बुद्धलाई भेट्न आएका थिए । ६० जना अर्हतहरुमध्येबाट धर्मोपदेश सुनेर ती दुई बुद्धकहाँ आएका थिए । दुवैले बुद्धलाई श्रद्धा-सुमन चढाए र बुद्धको



Downloaded from http://dhamma.digital/

शिष्य बने। कालान्तरमा यी दुई बुद्धका दायाँ र बायाँ बाहुलीझैं भए। ती दुवै अग्र श्रावकहरु बने।

## ४) कपिलबस्तुतिर

१. राजा शुद्धोदनले आफ्ना मन्त्रीहरु लगायत हजार जना महाजनहरुलाई कपिलबस्तुमा बुद्धप्रमुखलाई निमन्त्रणा गरी ल्याउन पठाए। यिनीहरु राजगृह आइपुगे। बुद्धको धर्मोपदेश सुन्ने बित्तिकै सबै संघमा प्रवेश गरे। उनीहरुले आफूलाई के कामका लागि पठाइएको हो भन्ने कुरा समेत बिर्से। उनीहरु पुनः कपिलबस्तु फर्कदै फर्केनन्। त्यस्तै गरी बुद्धलाई लिएर आउन राजा शुद्धोदनको निम्तो लिएर अन्य १० समूह बुद्धकहाँ गए।

२. त्यसपछि बुद्धप्रमुख अर्हतहरु र भिक्षुगण राजगृहबाट कपिलबस्तु प्रस्थान गरे।

३. धेरै बर्षपछि आफ्ना प्यारा राजकुमारलाई पहेंलो चीवर धारण गरी हातमा पिण्डपात्र समाई कपिलबस्तु आगमन भएको उपलक्ष्यमा कपिलबस्तुबासीहरुले धूमधामसित खुशीयाली मनाए। राजा शुद्धोदनले बुद्धलाई भेट्न हस्याङ फस्याङ गर्दै तल ओर्ले। उनले सुखको साथै दुःख पनि अनुभव गर्दै थिए। उनले बुद्धलाई 'मेरो छोरा' भनी अंकमाल गर्ने हम्मेसी सकेनन्। बुद्धले उनको हृदय, स्नेहको सट्टा असीम श्रद्धाले भरि-दिए। राजाले बुद्धको पाउमा आँखाभरि आँशु राखी दण्डवत गरि दिए।

४. ज-जसले बुद्धका उपदेश सुने, ती बसै उनका शिष्य बने। बुद्धले आफ्ना भतिजा नन्द कुमार, छोरा राहुल कुमार सबैलाई भिक्षुत्वमा दीक्षित गराइदिएर चीवर वस्त्र पहिराइदिनुभयो।



Downloaded from http://dhamma.digital/

## बुद्धका अन्तिम दिन

बुद्धले ४५ वर्षसम्म नगर-नगर, प्रदेश-प्रदेश चहारी धर्म प्रचार गर्नुभयो । ८० वर्षको पाकेको उमेरमा आफ्नो परिनिर्वाणको समय नजिक आइपुगेको महसुस गर्नुभयो ।

कुशिनगरमा उहाँ दुई शालवृक्षको बीचमा खुल्ला ठाउँमा पल्टनुभयो । उहाँका शिष्यहरुले उहाँलाई वरिपरि घेरेर बसेका थिए । उहाँ बिस्तारै ध्यानमा प्रवेश गर्नुभयो र क्रमशः प्रथम, द्वितीय, तृतीय र चतुर्थ ध्यानमा पुगेर महापरिनिर्वाण प्राप्त गर्नुभयो ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# परिच्छेद - ४

## बौद्ध वाङमय

१. बुद्धको परिनिर्वाणपछि उनका शिष्यहरु राजगृहमा जम्मा भए। उनीहरु बुद्धका शिक्षालाई संगाल्न चाहन्थे ताकि ती शिक्षाहरु भविष्यमा पनि स्पष्ट रहिरहून् र विस्मृत नहोऊन्। भिक्षुसंघ ठूलो थियो। सबै अर्हतहरु यस पुनीत कार्यमा हात बाँट्न चाहन्थे। आनन्द, काश्यप र अन्य थुप्रै भिक्षुहरु जो बुद्धको नजिक रहेर सेवा गरिसकेका थिए र बुद्धका उपदेशहरुलाई आफ्नै कानले सुनिसकेका थिए, ती सबै त्यहाँ उपस्थित थिए।

२. सबै उपदेशहरु ताडपत्रमा लेखिए र डालोमा थुप्याइए। त्यस वृहत् परिषद्द्वारा तयार गरिएका लिखित सामाग्रीहरुलाई तीनवटा डालामा राखिए। पहिलो डालोमा बुद्धले विभिन्न स्थानमा विभिन्न मानिसहरुलाई दिइएका प्रवचनहरु र सूत्रहरु राखिए। दोस्रो डालोमा भिक्षुहरुको निम्ति र संघलाई सुचारुरुपले संचालन गर्न आवश्यक नियमहरु संकलित गरिए र तेस्रोमा अभिधम्म अर्थात चित्त चेत्तसिक विषयक कुराहरु राखिए।

३. ती तीन डालालाई 'त्रिपिटक' भनिन्छ। त्रिपिटकमा यी निम्न ग्रन्थहरु छन् -

(अ) सूत्रपिटक (सुत्तपिटक)

(क) दीघ निकाय (ख) मज्भिम निकाय

(ग) संयुक्त निकाय (घ) अङ्गुत्तर निकाय



Downloaded from http://dhamma.digital/

(ङ) खुद्दक निकाय

खुद्दक निकाय अन्तर्गत अरु १५ वटा ग्रन्थ छन् -

(क) खुद्दक पाठ
(ख) धम्मपद
(ग) उदान
(घ) इतिवुत्तक
(ङ) विनयवत्थु
(च) सुत्तनिपात
(छ) पेतवत्थु
(ज) थेर गाथा
(झ) थेरिगाथा
(ञ) जातक
(ट) निद्देस
(ठ) पटिसम्भिदा
(ड) अपदान
(ढ) बुद्धवंश
(ण) चरियपिटक

(आ) <u>विनय पिटक</u> / यसमा यी ग्रन्थहरु छन् -

(क) पारिजिका पालि } विभङ्ग
(ख) पचित्तिय पालि
(ग) महावग्ग पालि } खण्डक
(घ) चुलवग्ग पालि
(ङ) परिवार पालि

(इ) <u>अभिधम्म पिटक</u>/ यसमा यी ग्रन्थहरु छन् -

(क) धम्म संगानी
(ख) विभङ्ग
(ग) कथावत्थु
(घ) पुग्गल पञ्ञति
(ङ) धातुकथा
(च) यमक
(छ) पट्ठान

४. यी ग्रन्थहरु भगवान बुद्धले सिकाउनुभएको शिक्षा वा



Downloaded from http://dhamma.digital/

उपदेशका संगालो हुन् र यी पक्का छन् अनि जे जसरी उपदेश दिइएका थिए ती जस्ताका तस्तै छन् । समयको अन्तरालमा यिनै ग्रन्थहरुको आधारमा विभिन्न टिकाटिप्पणी भए अनि यिनकै आधार लिई अनेकन पुस्तकहरु लेखिए जसले बौद्ध वाङ्मयमा ग्रन्थहरुको वृद्धि भयो । पछिल्ला थपिएका ग्रन्थहरुमध्ये आचार्य बुद्धघोषले लेख्नुभएको 'विशुद्धि मार्ग' र 'मिलिन्द प्रश्न' लाई ठूलो आदरकासाथ अध्ययन गरिन्छ र यिनीहरुले बुद्धधर्मलाई ठूलो टेवा पनि दिएका छन् ।



Downloaded from http://dhamma.digital/

# परिच्छेद - ५

## बुद्ध-धर्मका विशिष्ट पक्षहरु

१. इसाइहरुले बाइबललाई, मुसलमानहरुले कुरानलाई र हिन्दूहरुले वेदलाई जसरी बुझ्दछन् र स्वीकार्छन् त्यसरी बुद्ध-धर्म मान्नेहरुले त्रिपिटकलाई समानुपातिक ढंगले बुझ्नु वा स्वीकार्नु उपयुक्त हुँदैन ।

२. एउटा बुद्धमार्गी त्रिपिटक ग्रन्थहरुका दास कदापि हुँदैन । ईश्वर प्रदत्त भनेर वा अन्धभक्तिको फलस्वरुप सद्धर्मलाई स्वीकार्न हुँदैन ।

३. बुद्धले आफूमाथि श्रद्धा राख भनेर कहिल्यै भन्नुभएन । बुद्ध-मार्गमा विश्वास गर्ने हुन् वा विश्वास नगर्ने दुवै थरीलाई बुद्धले स्वतन्त्र रहन सिकाए ।

## कालाम सूत्र

४. एकबाजी कालामहरु बुद्धकहाँ आए अनि भने - "भगवन् ! ब्राम्हणहरु र अरु सम्प्रदायका मानिसहरुले हामीलाई आ-आफ्ना उपदेश दिएर जान्छन् । उनीहरु भन्दछन् हामीले भनेका कुरा नै सत्य हो ।

भगवन् ! त्यसैले हामीले कसको कुरा सत्य हो भनेर स्वीकार्ने, कसको कुरा झुठा हो भनेर नकार्ने । हामीलाई अत्यन्त दुविधा भएको छ । कृपया स्पष्ट गरी सत्य कुरा बताइदिनुहोस् ।"

५. यसको जवाफमा बुद्धले तिनीहरुलाई कहिल्यै भन्नुभएन -



Downloaded from http://dhamma.digital/

"मैले भनेको कुरा मान, श्रद्धा राख, म नै ईश्वर पुत्र हुँ। म तिमीहरुलाई स्वर्ग लगिदिउँला।" उहाँले आफ्ना प्रतिद्वन्दीहरुको कुरालाई घृणा पनि गर्नुभएन, तिनीहरुलाई नसुन पनि भन्नुभएन।

६. तिनीहरु बुद्धले जे जस्तो कुरा जसरी भने त्यो मानवताले ओतप्रोत छन् र बुद्धियुक्त, तर्कयुक्त र न्यायोचित पनि छन्। उहाँले भन्नुभयो -

"सुनेकै भरमा कुनै कुरालाई पनि विश्वास नगर; पुस्तौंदेखि चलिआएको वा मानिआएको भनेर परम्परामा विश्वास नगर; हल्लाको कुरा वा बहुचर्चित कुरा भनेर विश्वास नगर; ठूला महात्मा र प्रभावशाली व्यक्तिले भनेको वा लेखेको भनेर पनि विश्वास नगर; कुनै कुरा तर्कसंगत छ भनेर पनि विश्वास नगर; आफ्ना गुरु वा मान्यजनले भनेको भन्दैमा विश्वास नगर। आफ्नो अनुभव र आफूले सोची, सम्झी, अन्वेषण र भाविता गरी प्राप्त सत्य तथ्य कुरालाई मात्र स्वीकार गर र तदनुरुप कार्य पनि गर।"

७. त्यसैले बुद्धले बताएका धर्मका कुरालाई अध्ययन गर्नुपर्छ, त्यसमा शान्त मनले गौर गर्नुपर्छ, ठीक लागेमा त्यसलाई स्वीकार्नुपर्छ र चित्त नबुझेमा त्याग्न पनि सकिन्छ। बुद्धले कसैलाई पनि अन्धश्रद्धावश बुद्ध-धर्म मान्न बाध्य गर्नुभएको छैन किनभने अन्धश्रद्धाले जीवनमा अघि बढ्न तगारो तेर्स्याइदिन्छ। बुद्ध-धर्म सही मानेमा शुद्ध स्वतन्त्र चिन्तनमा आधारित छ।

## 'ईश्वर' भन्ने अवधारणाको प्रादुर्भाव

८. जब सभ्यता बामे सरेको अवस्थामा थियो र विज्ञानको जन्म पनि भएको थिएन, प्राचीन मानवहरु प्राकृतिक भयले भयभीत हुन्थे र प्राकृतिक चमत्कारमा आकर्षित हुन्थे। फलस्वरुप तिनीहरुले विभिन्न आकार प्रकारका ईश्वर, भूतप्रेतादिको कल्पना गर्न थाले अनि



Downloaded from http://dhamma.digital/

आफ्नै किसिमका धर्म र मान्यताहरु प्रतिस्थापित गरे । उनीहरुको बौद्धिकता र मतानुसार राष्ट्रहरु निर्माण गरिए अनि विभिन्न देवदेवीहरु पनि प्रादुर्भाव भए ।

९. प्रारम्भमा, मानिसहरु अनेकन वस्तु वा घटनालाई देवताहरुका रुपमा मान्दथे - रुखलाई, खोलालाई, बिजुलीलाई, आँधिलाई, हुरीलाई, सूर्यलाई अनि विभिन्न ग्रह नक्षत्रादि घटनाहरुलाई । यी असंख्य देवताहरुलाई र प्रत्येक प्राकृतिक घटनाक्रमलाई बिचार्दा विश्व ब्रम्हाण्डको कार्य एउटै छ, अनेक छैन । त्यस एउटै देवताको मान्यता पनि राष्ट्र राष्ट्र, ब्यक्ति व्यक्तिको हिसाबले फरक फरक छन् । हिन्दू देवता मोहम्मद देवताभन्दा भिन्दै छ। फेरि इसाइहरुको फरक दृष्टिकोण छ। हामी देख्दछौं कि संसारमा सैयौं धर्महरु प्रादुर्भाव भएका छन् जुन एक अर्कामा पटक्कै मेल खाँदैनन् ।

## ईश्वर समाहित धर्मको असफलता

१०. यी सबै ईश्वर-समाहित धर्मका आ-आफ्ना धर्म-ग्रन्थहरु छन्। उनीहरु धर्म-ग्रन्थहरु सिधै ईश्वर प्रदत्त हुन् भन्ने दावी गर्दछन्। उनीहरु भन्दछन् कि ती धर्महरु ब्राम्हिक शान्तिको लागि हो, ब्राम्हिक भातृत्वको लागि हो र बृहत् उपलब्धिको लागि हो ।

११. तिनीहरुले आफ्ना धर्मलाई जतिसुकै ठूलो र महान भने तापनि विश्वको इतिहासले बताइरहेको छ कि आजसम्म जति पनि धर्महरु सृजित छन् तिनीहरुले अन्धविश्वास मात्र फैलाउन मद्दत गरि रहेका छन् , यथार्थ ज्ञानको विकास र वैज्ञानिक चिन्तनको विरुद्धमा ती स्वयं खडा छन् जसको कारणले पार्टी-भावना, झगडा, वैमनस्यता, साम्प्रदायिक दंगा, हत्या र युद्धलाई बढावा मिलिरहेको छ ।

१२. प्राचीन मेक्सिकोमा होस् , मध्यकालीन धर्म परिवर्तनका



Downloaded from http://dhamma.digital/

लागि चालिएका कदम नै होस् अथवा हालैको मुस्लिम धर्म जियादको पुनरुत्थानको लागि गरिएको प्रयास नै होस्, धार्मिक पागलपन वा धर्मका ठेकेदारहरु (पुरोहितहरु) को कट्टरता नै धर्म युद्धको पृष्ठपोषक हो । सुकरातलाई विष खुवाएर मारियो, सत्य कुरा बोलेकोले होइन, उनले बोलेका सत्य कुराले उनीहरुको धार्मिक आस्थामा ठेस पुऱ्यायो भनेर हो । भातृत्वका कुरा सबैले फलाक्छन् तर उनीहरु नै शत्रुताको तीतो ओकल्न उद्यत रहन्छन् । त्यस्ता कार्यमा तिनीहरु प्रायः सफल नै भएका छन् ।

## असफलताका कारणहरु

१३. उच्च आदर्शका कुराहरु (नाराहरु) जति बुलन्द भए पनि उनीहरुका तथाकथित धर्महरु किन निकृष्ट छन् ? ती धर्महरुमा केही न केही दोष वा कमी कमजोरी हुनैपर्छ । त्यो दोष अन्धभक्ति र अन्धभक्तिप्रतिको आकर्षण सिवाय अरु केही हुनै सक्दैन । यसै अन्धभक्तिले नै एक आपसमा भ्रान्ति फैलाइदिन्छ र मानिसहरुलाई पथभ्रष्ट पारि दिन्छ ।

१४. बुद्धले यो खतरायुक्त दोषलाई राम्ररी बुझ्नुभएको थियो । उहाँले भन्नुभयो - "हे भिक्षुहरु, मैले मेरो धर्म (उपदेश) लाई एउटा डुँगाको संज्ञा दिएको छु । डुँगा नदी तर्नलाई चाहिएको हो । जहाँ पनि बोकेर हिंड्न होइन ।

१५. धर्मको वास्तविक उपयोग नै डुँगाको काम लिन हो । डुँगाकै सहायताले नदी तर्न सकिन्छ । यो त व्यावाहारिक सदुपयोगको लागि हो । यदि कसैसँग डुँगा छ तर नदी तर्न उपयोग गर्दैन भने त्यो डुँगा केही कामको हुँदैन ।

१६. धर्म पनि त्यस्तैगरी हाम्रो व्यावहारिक जीवनसँग प्रत्यक्ष



Downloaded from http://dhamma.digital/

सरोकार राख्ने विषय हो। संसारमा बस्दा मार्ग निर्देशनको लागि र नीति नियमपूर्वक जीवन यापनको लागि धर्मको आवश्यकता पर्दछ। धर्मले हामीलाई थाहा पाउनुपर्ने कुराको ज्ञान दिन्छ र कुन काम कसरी गर्नुपर्छ भन्ने युक्ति पनि दिन्छ। यदि हामीलाई ठीक कुरा के हो र ठीकसित काम गर्नुपर्छ भन्ने ज्ञान दिंदैन भने धर्मको के अर्थ रह्यो र ? बुद्ध-धर्मलाई सिद्धान्ततः स्वीकार्दैमा कुनै पनि व्यक्ति बौद्ध हुँदैन। बुद्धले बताएअनुसार ठीकसित जीवन जिउनु नै बौद्ध भएको परिचायक हो। कर्ममा होइन भक्ति वा आस्थामा धर्म हुन्छ भन्ने विश्वासले मृतपायः कर्मकाण्ड र तथाकथित धार्मिक गतिविधिलाई मात्र प्रश्रय दिन्छ। यसले हामीलाई ठीकसित जीवन जिउनबाट वञ्चित गर्दछ। त्यस्ता स्वकथित धर्म जीवनोपयोगी हुँदैन बरु हाम्रो प्रगतिमा बाधक मात्र बन्दछ। यस्ता धर्महरुको असफलताको कारण यही नै हो कि यिनीहरुले मानिसहरुलाई विश्वास, श्रद्धा वा भक्ति मात्र राख्न भन्दछन् , ठोस कार्य गर्न भन्दैनन्।

१७. भक्तिमा आधारित धर्म नै सबै प्रकारका पापकर्मको आधारशिला हो। जुन धर्मले हामीलाई स्वच्छ र शुद्ध जीवन बिताउन मार्ग निर्देशन गर्दछ त्यही मात्र सच्चा धर्म हुन्छ।

१८. बुद्ध-धर्म भक्तिमा आधारित छैन। बुद्धलाई ईश्वर भनेर आस्था राखेको कारणले मात्र कोही पनि सच्चा बौद्ध हुँदैनन् र बुद्ध धर्म धारण गरेको ठहरिंदैन।

'कुनै कुरा यथार्थ हो भनेर विश्वास मात्र गरेर नबस्नु, कर्म नै गर्नु' यही नै बुद्ध-धर्मको सार हो।

## बुद्ध-धर्ममा बुद्धको स्थान

१९. बुद्ध स्वयंले भन्नुभएको छ - "हे भिक्षुहरु ! मलाई



Downloaded from http://dhamma.digital/

तिमीहरुले आफ्ना मार्गदर्शक वा गुरुको रुपमा लिन सक्छौं, ईश्वरको रुपमा होइन ।"

मार्ग दर्शकले देखाएको बाटोमा हामी हिंडेनौं भने हामीले अवश्य बाटो बिराउनेछौं । यसमा मार्ग दर्शक दोषी हुँदैन । उसको काम त सही बाटो बताइदिनु मात्र हो । पाइला चाल्नुपर्नेले पाइला चालिदिंदैन भने मार्ग दर्शकले मात्र के गरोस् ? भगवान बुद्धले हामीलाई दुःखमुक्तिको मार्ग 'निर्वाण' देखाउनुभएको छ । त्यस निर्देशित मार्गमा हिंड्ने नहिंड्ने जिम्मा हामीमाथि छोड्नुभएको छ ।

## फूल चढाउनु

२०. मार्ग दर्शकको गुणको अत्यधिक प्रशंसा गर्दा फूल पनि चढाइन्छ, उनको अगाडि नतमस्तक पनि होइन्छ, विभिन्न प्रकारले श्रद्धाञ्जली पनि दिइन्छ । तर यतिमै सीमित भएर उनले भने अनुसार चलेनौं भने हामी लक्ष्यनिर पुग्न अवश्य सक्दैनौं । त्यसैले तथागतले बताउनु भएअनुसार काम गरेनौं भने जतिसुकै फूल चढाए पनि वा प्रार्थना गरे पनि केही फाइदा हुँदैन ।

२१. बुद्धलाई फूल चढाइनु हुन्न भन्ने मेरो भनाइ होइन । यो त हाम्रो कर्तव्य पनि हो । आफ्ना शास्ता (गुरु) लाई फूल चढाउनु राम्रै कुरा हो । तर गुरुले सिकाएअनुसार काम गर्नु भनेको अर्कै कुरो हो । एउटा बुद्ध धर्मावलम्बीले मन्दिरमा गएर बुद्धले केही देला वा स्वर्ग लगि देला भन्ने आशाले फूल चढाउने काम गर्दैन । फूल त चढाइन्छ - गुरुप्रति कृतज्ञता पोख्ने उद्देश्यले प्रेरित भएर मात्र ।

## जाति-प्रथा

२२. जाति-प्रथाको विरोधमा आवाज उठाउने पहिलो व्यक्ति



Downloaded from http://dhamma.digital/

बुद्ध हुन् । जाति-प्रथा मानिस मानिस बीच उँच नीचको भावना उत्पन्न गरिदिन्छ। बुद्धले भन्नुभएको छ - "मानिस जन्मले चण्डाल वा ब्राम्हण हुँदैन, कर्मले नै कोही चण्डाल वा ब्राम्हण हुन्छन् ।"

२३. विभिन्न जाति वा सम्प्रदायका मानिसहरुलाई बुद्धले विना भेदभाव आफ्नो संघमा भित्र्याउनुभयो । नाइ, कामी, सार्की र अन्यले पनि संघमा प्रवेश पाए र ठूलो सन्मान र पद पनि पाए। धर्मको अभ्यास गरी अर्हतत्व समेत प्राप्त गरे ।

२४. बुद्ध-धर्मले वैचारिक स्वतन्त्रता र सहिष्णुताको पक्ष लिएको छ। आज बुद्ध-धर्म संसारभरि फैलिएको छ। आगजनी र अस्त्र शस्त्र प्रयोग गरेर होइन, वैमनस्यता जगाएर पनि होइन, बल प्रयोग वा क्रुरता प्रदर्शन गरेर पनि होइन - बरु मानवता, प्रेम, सद्भावना र प्रभावकारी शिक्षाको माध्यमद्वारा मात्रै यसको प्रगति सम्भव भएको हो ।



Downloaded from http://dhamma.digital/

# परिच्छेद - ६

## धर्म

### १. तीन मूल सत्य

भगवान बुद्धले प्रतिपादन गर्नुभएको धर्म यी तीन मूल सत्यहरुमा आधारित छन् ।

(क) अनिच्चा (सबै अनित्य छन् ।)

(ख) अनत्ता (सबै असारभूत छन् ।)

(ग) दुक्ख (सबै दुःखदायी छन् ।)

### (अ) सबै अनित्य छन्

१. यो विश्व ब्रम्हाण्ड निरन्तर परिवर्तनशील छ । कुनै पनि कुरा दुई क्षणसम्म एकनास भएर रहंदैन । सत्य पानी जम्ने खाल्डो जस्तो छैन तर निरन्तर अनवरत बगिरहने खोला जस्तै छ - विद्युतीय धारा झैं । व्यक्ति वा वस्तु भन्ने नै छैन । सबै बन्दै गरेका र बिग्रंदै अनि विनाश हुँदै गरेका मात्र छन् ।

२. बन्ने (उत्पाद) र विनाश हुने (निरोध) यी दुई कहिल्यै एक विन्दुमा स्थिर भएर रहंदैनन् । पोखरीमा ढुंगा फ्याँक्दा चक्का बन्दै किनारतिर बढ्दछन् र बिलाउँछन् । एक चक्काले अर्कोलाई उत्पन्न गर्दछ । यसरी यसले निरन्तरता प्राप्त गर्दछ । एक चक्काको विलयबाटै अर्को उत्पन्न हुने गर्दछ । फेरि एक चक्काको उत्पत्तिले अर्कोको विलय हुन्छ । यसरी यो धारा निरन्तर चलिरहन्छ ।



Downloaded from http://dhamma.digital/

३. एउटा वस्तु बन्ने बित्तिकै विलयतिर बढ्दछ । भर्खर नयाँ बनेको घर दिन प्रतिदिन पुरानो हुँदैजान्छ । एक दिन त यो पूर्णरुपले धराशायी बन्दछ । कालान्तरमा त्यस घरको नामोनिशान पनि रहँदैन । हाम्रो मुटुको प्रत्येक धड्कनले पनि हामीलाई मृत्युतिर घचेट्दै लगिरहेको हुन्छ ।

४. अनित्यता भनेको दार्शनिक मान्यता होइन बरु यो एउटा सत्य हो जुन हामी दैनिक जीवनमा प्रत्यक्ष अनुभव गरिरहेका हुन्छौं ।

५. हाम्रो अज्ञानताकै कारणले हामी सत्य कुरालाई बुझ्न असमर्थ हुन्छौं । यो एउटा त स्थायी हो भनेर औंल्याएर देखाउन सकिने कुनै पनि छैन । धेरै समयसम्म हाम्रो उपयोगमा छ भनेर नै हामीले स्थायी भन्ने गर्दछौं ।

६. एक मित्रले मलाई तीस वर्षसम्म उनले त्यही साइकल चढ्दैछु भनेर सुनायो । तीस वर्षसम्म कसरी त्यही साइकल चढ्न सकिन्छ ? ती तीसवर्षभित्र उसले कति पार्टपूर्जा फेर्नुपऱ्यो होला, कतिपल्ट मरम्मत गर्नुपऱ्यो होला र कतिपल्ट रंगरोगन गर्नुपऱ्यो होला । तैपनि उ भन्दैछ कि उसले तीस वर्षसम्म त्यही साइकल चढ्दैछ । यसको अर्थ - उसको साइकल चढ्ने उद्देश्य र रहर त्यस साइकलमार्फत पूर्ण हुँदै आइरहेको छ । त्यसैले उसले त्यही साइकल हो भन्दैछ । हामीमा यस्तो छाप जहाँ पनि जे मा पनि परेको हुन्छ तर सत्यतः वा परमार्थतः 'स्थायी' वा 'त्यही हो' भन्नु नै ठूलो अज्ञानता हो ।

७. त्रिपिटकमा भनिएको छ - कुनै साधकले धर्मको महत्तालाई बुझ्दछ अनि उसले महसुस गर्दछ - 'यं किञ्चि उप्पादधम्मं सब्बं तं निरोधधम्मं' अथवा 'जति पनि उत्पति हुने स्वभावका छन् ती सबै निरोध हुने स्वभावका हुन्छन् ।' यस सत्यको साक्षात्कार त्यसबेला मात्र हुन्छ जब हामी पूर्णरुपले सबै तृष्णाबाट विमुक्त हुन्छौं ।



Downloaded from http://dhamma.digital/

८. जबसम्म हामी 'तृष्णा' वा 'उपादान' लाई पूर्णतः त्यागदैनौं, 'त्यही नै हो' भन्ने अज्ञानता वा भ्रम रहिरहन्छ। यसैलाई 'सक्कायदिट्ठि' भनिन्छ। यसले हामीलाई यथार्थ ज्ञान प्राप्त गर्न नै दिंदैन। यसले व्यक्ति र वस्तुमा अनित्यता देख्ने अनुकूलता सिर्जना हुने मौका नै दिंदैन।

९. 'अभिधम्म - मनविभासा सास्त्र' ले भन्छ - एक दिनमा २४ घण्टा हुन्छ। त्यसमा ६४०००९९९८० क्षण हुन्छन् र पञ्चस्कन्ध अथवा नामरुप प्रत्येक क्षण बन्दै बिग्रदै गर्दछ।

१०. विशुद्धि मार्गमा आचार्य बुद्धघोषले भनेका छन् - "साँच्चै भनौं भने प्राणीमात्रको आयु ज्यादै छोटो छ। जसरी रथको पाङ्ग्रा गुड्दा टायरको एक विन्दुले मात्र भुईंमा छोएर गुड्दछ, त्यस्तै प्राणीको जीवन एउटा वैचारिक क्षण (thought moment) को गति मात्र हुन्छ। जब त्यस वैचारिक क्षण समाप्त हुन्छ, व्यक्ति वा जीव पनि समाप्त हुन पुग्दछ।

११. यसरी बितेका त्यस क्षणमा जीव बाँचिसकेको हुन्छ। त्यो जीव अहिले पनि बाँच्दैन न त भविष्यमा नै बाँच्न सक्छ। भविष्यको क्षणमा जुन जीव बाँच्छ, त्यो अहिले पनि बाँचिरहेको छैन न त पहिले नै बाँचिसकेको छ। अहिले बाँचिरहेको जीव न पहिले बाँचिसकेको छ न त भविष्यमै बाँच्नेछ।

## समय

यदि यथार्थ यही हो भने 'समय' लाई कसरी बुझ्न सकिन्छ ?

१२. भूत, वर्तमान र भविष्य भन्ने धारणा, कुनै वस्तु , व्यक्ति वा घटनालाई त्यही नै हो भन्ने अवधारणाबाट उत्पन्न हुन्छ - त्यो थियो, हेर त्यो अहिलेसम्म पनि छ। यो भविष्यमा पनि रहने छ।



Downloaded from http://dhamma.digital/

अथवा म त्यहाँ थिएँ, म यहाँ आएको छु र म त्यहाँ जानेछु । अर्को किसिमले भन्नुपर्दा यसरी पनि भन्न सकिन्छ - कुनै वस्तु वा व्यक्तिको बितेको र आउँदो अस्तित्वको हिसाबले नै 'समय' को अवधारणा बन्दछ ।

१३. अनित्यताको अनिवार्यता सम्बन्धमा उही हो भन्ने धारणा नै सबभन्दा गम्भीर अज्ञानता हो भन्ने कुरा हामीले बुझ्नुपर्छ । यसैलाई 'पहिचान' भन्ने अर्थ लगाउन सकिन्छ । यही पहिचानप्रतिको तृष्णा तथा उपादानलाई नै बुद्धले 'सक्काय दिट्ठि' भन्नुभएको छ । भूत, वर्तमान र भविष्य भनेर लिइने 'समय' को अवधारणालाई, 'सक्काय दिट्ठि' नटुटेसम्म दृढरुपमा लिइन्छ ।

१४. जब साधकले यस्तो अविद्यालाई निरोध गर्न सफल हुन्छ अनि उसले सत्यलाई यथाभूत देख्दछ । भूत, वर्तमान र भविष्यको धारणा उसले त्यागदछ । यस्ता साधकलाई बुद्धले 'अकप्पियो' अथवा 'समय र कल्पको बन्धनबाट छुटेको' भन्नुभएको छ ।

१५. दीर्घ निकायको ब्रम्हजाल सूत्रमा बुद्धले ६५ वटा मिथ्यादृष्टिको दोषलाई इंगित गर्दै भन्नुभएको छ - पुब्बन्त र अपरन्त (भूत र भविष्य) छन् भन्ने अज्ञानताको कारणले नै यी मिथ्या धारणाहरु उब्जिन्छन् ।

१६. मिलिन्द प्रश्नमा भिक्षु नागसेनलाई मिलिन्द राजाले सोधेका थिए - "समयको कारण के हो ?" यस प्रश्नको जवाफमा नागसेन भन्तेले प्रष्ट जवाफ दिएका थिए - "हे राजा, अविद्या नै समयको मूल कारण हो ।"

१७. श्रीमती Rhys Davids ले आफ्ना किताब 'राजा मिलिन्दका प्रश्नहरु' मा यस महत्वपूर्ण कुरालाई गलत ढंगले प्रस्तुत गरेकी छिन् । तिनको भनाइअनुसार अविद्याको अर्थ अज्ञानता होइन



Downloaded from http://dhamma.digital/

तर थाहा पत्तो पाउन नसकिनु हो । तिनी स्वयं आत्मा-वादी भएकीले सत्काय दृष्टिलाई छोड्न सकिनन् र तिनले अविद्याको अर्थलाई यसरी बंग्याइन् । यो भनाइ न त अर्थकथासँग मिल्छ न त नागसेन भन्तेको विचारसितै मेल खान्छ । 'थाहा पत्तो पाउन नसकिनु' कसरी समयको वा अन्य कुनै कुराको कारण हुनसक्छ । यो प्रश्नको स्पष्ट उत्तर त्यस लेखिकाले बताइनन् ।

## परिवर्तन

१८. यदि बुद्ध-धर्ममा 'समय' लाई आध्यात्मिक सत्यको आधारमा स्वीकार गरिंदैन भने 'परिवर्तन' को व्याख्या कसरी गर्न सकिन्छ ?

यसलाई बुझ्न परिवर्तन भनेको के हो र कहिले हामी यसको बारेमा सचेत हुन्छौं भन्ने कुरा बुझ्न जरुरी छ ।

१९. 'परिवर्तन' भनेको यसबाट त्यो रुपान्तरण भएको अथवा X बाट Y मा बदलेको भनिन्छ । आज हामीले सानो सुन्दर कोमल हातखुट्टा भएको बच्चालाई झोलुङ्गोमा गुटुमुटु भएर बसेको देख्दछौं, दश वर्षपछि उसलाई हलक्क बढेर उफ्रेर खेल्ने, कुरा गर्ने, दौड्ने केटाको रुपमा देख्दछौं । उसमा कस्तो परिवर्तन आएको भनेर हामी ताज्जुब हुन्छौं । 'परिवर्तन' को अवधारणा त्यस बालकको बाल्यकाल र दश वर्ष पुगेकोको अवस्थालाई तुलना गरेर हेरे थाहा पाउँछौं । बीचमा असंख्य परिवर्तनहरु भएका छन् त्यसलाई हामी वास्ता गर्दैनौं । बालकको आमा बाबुलाई यो परिवर्तनको त्यति हेक्का हुँदैन किनभने उनीहरुले त्यस बालकलाई दिनदिनै देखिरहेको हुन्छन् । त्यस बालक स्वयंलाई पनि आफूमा आएको परिवर्तनको पत्तै हुँदैन किनभने उसले आफैलाई भिन्दै व्यक्तिको रुपमा देख्दछ र जब दुई प्रमुख अवस्थालाई तुलना गरिहेर्दछ अनि मात्र केही मात्रामा आफू परिवर्तन भइएछ भन्ने



Downloaded from http://dhamma.digital/

कुरा महसुस गर्दछ । अतः त्यस व्यक्तिको निमित्त जसले यथार्थ घटनाको बहावलाई प्रत्यक्ष अनुभूत गरेको छ उसलाई भने परिवर्तनको महसुस हुँदैन ।

२०. परिवर्तन निसन्देह उसको लागि छ जसले दुई बिन्दु X र Y लाई मात्र हेर्दछ तर बीचमा आउने वा आएका परिवर्तनहरु जस्तै $X_1, X_{2}, _{3}, _{4}, _{5}$ . . . लाई वास्ता गर्दैन । जब बीचमा आएका सबै परिवर्तनका बिन्दुहरुलाई पनि हेरिन्छ, परिवर्तन भन्ने कुरा कहीँ देखिदैन । कुनबेला अन्त्य भयो र कुनबेला शुरु भयो यकीनसित भन्न असम्भव नै हुन्छ ।

माटो कुनबेला भाँडोमा परिणत भएछ, त्यो क्षण बताउन सकिंदैन ।

२१. सत्य वा यथार्थ एक बहाव हो जुन नदीको धारजस्तै निरन्तर बहिरहेको हुन्छ । अतः त्यो अनित्यः हुन्छ । जसमा कुनै पनि दुई बिन्दुलाई एकैचोटी पक्रन सकिंदैन । ती दुई दूरीमा घटित दुई घटनाहरुको कारणले नै परिवर्तनको आभास दिन्छ । यस कुरालाई बुझ्न नसकिनु नै अविद्या हो र अविद्यासहितको सोचाइ नै सत्काय दृष्टिको अर्को रुप हो ।

२२. कोही कोही दार्शनिकहरु अनित्यतालाई नबुझेर बुद्ध-धर्मलाई क्षणिकवाद भन्दछन् । आध्यात्मिकताको आधारमा हेर्दा क्षणहरु सम्भव हुँदैनन् । कुन बेला एउटा क्षण समाप्त भएर कुनबेला अर्को क्षण शुरु भयो भनेर ठ्याक्क भन्न सकिंदैन । हामी व्यावहारिकताको आधारमा मात्र त्यसो भन्छौं ।

२३. सत्काय दृष्टिरुपी अविद्यामाथि विजय प्राप्त गर्ने साधकले मात्रै प्रज्ञायुक्त दृष्टिले अनित्य स्वभावलाई देख्दछ र 'परिवर्तन' लाई उसले महसुस गर्दैन । उ 'निर्द्वन्द्व' अर्थात दुई विपरित धारणाको



Downloaded from http://dhamma.digital/

पकडबाट अथवा द्वैतभावबाट मुक्त हुन्छ। जस्तै प्रेम र घृणा, सुख र दु:ख, लाभ र हानी इत्यादि।

## आ) सारतत्व छैन : आत्मा छैन

'परिवर्तन' छ वा हुन्छ भन्ने धारणाले नै सारतत्व वा आत्मा छ भन्ने धनीभूत अज्ञानताको प्रजनन गर्दछ।

### सारतत्व

१. यदि 'परिवर्तन' सत्य नै हो भने त्यस्तो कुनै स्थिति हुनुपर्छ जसमा परिवर्तन हुन्छ जसमा केही आधार हुन्छ र सारतत्व हुन्छ। औंठी, कप, सिक्का - यी सबै अभिव्यक्ति मात्र हुन् - त्यही धातुका विभिन्न रुपान्तरण मात्र हुन्। सुन त्यही नै हुन्छ, सुनमा परिवर्तन आउँदैन। सुनबाट बनिने पदार्थ मात्र विभिन्न हुन्छन्। त्यसैले 'परिवर्तन' ले कुनै स्थायी वा अपरिवर्तनीय कुरालाई इंगित गर्दछ। एरिस्टोटलको प्रभावमा परेका दार्शनिकहरुले पहिलोलाई 'गुण' र दोस्रोलाई 'वस्तु' भन्ने संज्ञा दिए। यस विचारलाई अधि बढाउँदा कुनै स्थायी अथवा शाश्वत सारतत्व छ भन्ने कुरा देखिन आउँछ। यो एउटा सिद्धान्त वा मान्यता मात्र हो।

२. कुनै कुनै दार्शनिकहरुले यस स्थायी तत्वलाई परमाणु वा एटम, प्रकृति वा सर्वोच्च, पदार्थ वा यथार्थ, ब्रम्ह वा ब्रम्ह-संचेतना भन्ने नामाकरण गरे।

जब 'परिवर्तन' लाई सत्य हो भनेर स्वीकार गरिन्छ अनि सार तत्व वा स्थायी वा शाश्वत भन्ने कुरालाई स्वीकार गर्नैपर्ने हुन्छ। यो पनि सत्काय दृष्टिको एक रुप हो।

३ नर हामीले बुझ्नुपर्छ - अनित्यताको आधारमा हेर्दा 'समय'



Downloaded from http://dhamma.digital/

र 'परिवर्तन' दुवै अस्तित्वहीन छन् अनि जब परिवर्तन नै हुँदैन, अनि सारतत्व हुन्छ भन्ने मिथ्याधारण पनि स्वतः रहँदैन ।

४. जब हामी सुन (धातु) भन्दछौं, औंठी, कप र सिक्कामा सुन त त्यही हुन्छ तर यो कुरा व्यावहारिक दृष्टिकोणले मात्र हो । तर परमार्थ दृष्टिले हेर्‍यौं भने सुनको एक कण पनि दुई क्षणसम्म समान रहँदैन । सुन पनि अनित्यताको प्रक्रियाअन्तर्गत परिवर्तनशील भइरहेको हुन्छ । जबसम्म हाम्रो सम्बन्ध तृष्णा वा उपादानसहित भई सुनसित गाँसिरहन्छ, त्यतिबेलासम्म मात्र सुन, सुन भइरहन्छ । जब सुन खरानीमा परिवर्तन हुन्छ, त्यसलाई सुन भनिंदैन किनभने सुनसितको हाम्रो सम्बन्ध टुटिसकेको हुन्छ ।

५. जसले वस्तु र व्यक्तिमा सारतत्व छ भन्ने धारणा वा सक्काय दिट्टि (सत्काय दृष्टि) माथि विजय प्राप्त गरिसकेको छ, उसको निमित्त सुन भन्नु र खरानी भन्नुमा कुनै भिन्नता हुँदैन ।

## आत्मा

६. जब त्यस सुनको उपमा मानिस वा प्राणीमा प्रयोग गर्दछौं अनि 'आत्मा' को अवधारणा गलत साबित हुन्छ ।

७. वस्तु वा व्यक्ति एकछिन अगाडि जे जस्तो थियो, अहिले त्यस्तो हुँदैन । एकै निमेषमा पनि शारीरिक र मानसिकरुपमा हामी बदलिसकेका हुन्छौं ।

जीवनमा विभिन्न अवस्थामा मानिस शरीर र मनको धरातलमा धेरै रुपान्तरित भइसकेको हुन्छ । ती विभिन्न परिवर्तनको बावजूद पनि हामी त्यही व्यक्ति हौं, हाम्रो पुरानै पहिचान छ भनेर बलियो धारणा लिएर बसेका हुन्छौं ।

८. अब यो प्रश्न स्वाभाविकरुपमा उठ्न सक्छ - परिवर्तनको



Downloaded from http://dhamma.digital/

आधारमा हामी उही हौं भन्ने जुन पहिचान बोकेर आइरहेका छौं, वास्तवमा हामी त्यही नै हौं कि भिन्दै हौं ?

९. यस प्रश्नको जवाफ दिने क्रममा कोही दार्शनिकहरु मानिसभित्र स्थायीरुपमा रहने 'आत्मा' विद्यमान छ भन्ठान्छन्। मानसिक एवं शारीरिक परिवर्तन आए तापनि वा देखिए तापनि आत्मा, मन र शरीर दुवैमा अपरिवर्तन भई त्यहीरुपमा रहिरहन्छ भन्दछन् । यसैले भौतिकरुपमा परिवर्तन भए पनि आत्मा सदा उही रुपमा रहने भनिएकोले मानिस सोच्दछ कि ऊ उही पहिलेको हो ।

संक्षेपमा, आत्मामा विश्वास गर्नु भनेको व्यक्तित्वको व्याख्याको निमित्त अनिवार्य नै हुन्छ भन्न सकिन्छ ।

१०. अब माथिको चर्चालाई तर्कचित्र बनाएर हेरौं र यो कतिको सन्तोषजनक छ बुझौं ।

११. पहिचानको लागि एउटा स्थायी तत्व हुनैपर्छ भने, यो कुरा जहाँ पनि स्वीकार्य हुनुपर्छ - त्यो सामान्य कुर्सी नै किन नहोस् , घर नै किन नहोस् ।

मलाई थाहा छ - मेरो मेचको पनि आफ्नै पहिचान छ । यसलाई मैले एक वर्षअघि किनेको थिएँ। अहिले त्यो धेरै बदलिसकेको छ। त्यसको एउटा खुट्टा भाँचिइसकेको छ र रंग पनि उडिसकेको छ। मेरो मेचको पहिचानको वर्णन यो बाहेक के होला र ? अब के मैले मेरो मेचको स्थायी आत्मा छ भनेर मानूँ जसले जतिसुकै परिवर्तन भए पनि मेचको परिचय देओस् ।

त्यस्तै हो भने टेबुल-आत्मा, कलम-आत्मा वा जुनसुकै वस्तुको पनि आत्मा छ भनेर मान्नुपर्ने हुन्छ किनभने सबै वस्तुले आफ्नो परिचय वा पहिचान दिइरहकै हुन्छ चाहे ती वस्तुहरुमा जतिसुकै परिवर्तन आओस्। हामी तर्क गरेर यस किसिमले व्याख्या गर्न सक्दछौं जुन परिणामतः अर्थपूर्ण छैन ।



Downloaded from http://dhamma.digital/

१२. माथि भनिएअनुसार 'आत्मा' भन्ने शब्दको अर्थ मानसिक चेतना होइन तर 'स्थायी अपरिवर्तनशील अचल तत्व' हो भन्ने कुरा बुझिन्छ। एउटै वाक्यमा भन्ने हो भने - यदि मानिसको पहिचानलाई व्याख्या गर्न एउटा स्थायी तत्व आवश्यक छ भने (जसलाई आत्मा, जीव, मन, पुरुष इत्यादि पनि भनिन्छ) अरु वस्तुहरुको पहिचानको व्याख्यार्थ पनि यस्तै कुराको आवश्यक पर्दछ।

## त्यही नै हो कि भिन्दै ?

१३. कसैको मनमा शंका उठ्न सक्छ र भन्नसक्छ - यदि मानिसमा यस्तो कुनै स्थायी तत्व नभए जसले कर्म गरेको थियो त्यो उही हो कि भिन्दै हो अथवा त्यस कामको फल पाउने उही व्यक्ति हुन् कि भिन्दै व्यक्ति हुन् ?

१४. त्यस्तै प्रश्न राजा मिलिन्दले नागसेन भन्तेलाई सोधेका थिए जसको जवाफ यस्तो थियो - "उही पनि होइन, भिन्दै पनि होइन नागसेन भन्तेले राजा मिलिन्दलाई एउटा दृष्टान्तद्वारा यस कुरालाई प्रष्ट पारेका थिए।

१५. "हे राजा ! मानौं एउटा मानिसले दियो बालेछ। के त्यो दियो रातभरि बल्ने छ ?"

"हो, त्यो दियो रातभरि बल्न सक्छ।"

"अब भन्नुहोस्, रातको प्रथम प्रहरमा बलेको दियोको लप्को दोस्रो प्रहरमा बल्ने दियोको लप्को उही हो कि भिन्दै हो ?"

"होइन, त्यही लप्को होइन।"

"त्यस्तै त्यस दोस्रो प्रहरमा बलेको लप्को तेस्रो प्रहरमा बल्ने लप्को त्यही हुनेछ कि अर्कै।"

"होइन त्यही लप्को हुनेछैन।"



Downloaded from http://dhamma.digital/

"उसो भए प्रथम प्रहरमा एउटा, दोस्रोमा एउटा र तेस्रोमा अर्कै दियो बलेको वा बलिरहको हो त ?"

"होइन, त्यही दियोले रातभर प्रकाश दिन्छ।"

१६. "त्यस्तै नै हे राजा ! मानिस र वस्तु पनि त्यही रुपमा निरन्तर अगाडि बढ्छ। एकले प्रवेश पाउँछ, अर्कोले निकास पाउँछ। एकातिरबाट जान्छ अर्कोतिर प्रवेश पाउँछ। पुनर्जन्म पनि यसरी नै हुन्छ। 'त्यही पनि होइन, अन्य पनि होइन' भन्ने सिद्धान्तअनुसार पुनर्जन्म पाउने मानिसको संचेतनाको अन्तिम अवस्थासम्म पनि यसरी नै निरन्तरता पाउँदै जान्छ।"

१७. हामीले मोटामोटीरुपले मानिसलाई दियोसँग, चित्तलाई लप्कोसँग तुलना गर्न सक्छौं। ती पनि शिघ्रातिशिघ्र बन्दैबिग्रँदै बन्दैबिग्रँदै गर्दछन्। शरीर पनि अनि मन पनि स्थायी र अपरिवर्तनशील छैन। ती पनि अनित्यतामा प्रवाहित छन्।

१८. अतः त्यो मान्छे जसले कर्म गर्दछ र त्यो मान्छे जसले त्यस कर्मको फल भोग्दछ ती न त उही नै हुन् न त अर्कै हुन् तर त्यहाँ एक बहाव मात्र छ जसको एक छालले अर्को छाललाई जन्म दिंदै निरन्तर अगाडि बढ्दै जान्छ।

## दृष्टान्त

१९. खेतको एक छेउबाट लागेको आगो क्रमशः अर्को छेउसम्म फैलंदै जान्छ। अब खेतमा लागेको पहिलो आगोको झिल्को अर्को छेउसम्म फैलिएको आगोको झिल्को उही पनि होइन, अर्को पनि होइन। आगोको सल्काइ एक निरन्तरता हो, एउटा गति हो, एउटा प्रक्रिया हो, एक बहाव हो र विद्युत धाराझैं अनवरत निर्वाध चलिरहने एक धारा हो।



Downloaded from http://dhamma.digital/

२०. मानिसको चेतन-प्रवाह पनि यस्तै हो । कुशल वा अकुशल कर्मको प्रभाव कुनै अरु बेला अवश्य प्रकट हुन्छ। त्यो त्यसै खेर जाँदैन ।

मानिसमा सदा उस्तै भइरहने कुनै पनि तत्व छैन - आत्मा छैन तर मन (चित्त) बिना रोकटोक निरन्तर प्रवाहित भइरहेको हुन्छ ।

## आँखिर 'मानिस' के हो ?

२१. यदि हामीमा आत्मा छैन भने, त्यो के हो जसमा मानिसको व्यक्तित्व बसेको हुन्छ ? मानिस आखिर के हो ? जब 'म' भनेर भनिन्छ, यसले के कुरालाई इंगित गर्दछ ?

२२. यस्ता प्रश्नहरुको उत्तर दिने क्रममा मानिसभित्र निश्चित केन्द्र बिन्दुमा मानिसलाई चिनाउने केही न केही हुनुपर्छ भन्ने कुरामा विश्वास गर्दछन् । त्यसैलाई उनीहरु 'आत्मा', 'जीव', 'म' भन्ने गर्दछन् ।

२३. तर ध्यानपूर्वक सोच्यौं भने 'मानिस' भनेर चिनाउन यस्ता तत्वको आवश्यकता पर्दैन । मानिस 'चित्त' र 'शरीर' मिलेर बनेको हुन्छ। दुवै विश्रामै नगरिकन एक नासले निरन्तर व्यय भइरहेका हुन्छन्। एक चित्तले अर्कोलाई र अर्कोले अर्कोलाई उत्पन्न गर्ने र निरोध हुने क्रम अगाडि बढि नै रहन्छ। यो क्रम त्यसबेला मात्र टुङ्गिन्छ जब निर्वाणको अवस्थामा पुगेर सारा आगोको लप्का निभ्दछन् ।

२४. 'रथ' भनेको के हो ? जब 'रथ' भनिन्छ यसले के कुरालाई इंगित गर्दछ ?

रथमा कुनै केन्द्र-विन्दु वा आत्मा हुँदैन । पाङ्ग्रा, धुर, छत्र, डण्डी, नारा, लगाम आदि धेरै थरीका चीज मिलेर 'रथ' बनेको हुन्छ। यी चीजहरु बाहेक 'रथ' नामको कुनै वस्तु त्यहाँ हुँदैन । अनेक आवश्यक



Downloaded from http://dhamma.digital/

सामानहरु यथास्थानमा रहेपछि मात्र 'रथ' को अस्तित्व दृष्टिगत हुन आउँछ।

## पञ्चस्कन्ध

२५. एवं प्रकारले 'मानिस' पनि मन र शरीरभित्रै वा मन र शरीरसितै रहन्छ। 'आत्मा' भन्ने नै हुँदैन। बुद्धले भन्नुभएको छ - जब मानिसले 'आत्मा' छ भनेर स्वीकार्छन् - उनीहरु वास्तवमा शारीरिक र मानसिक अवस्थालाई बुझ्दछन्।

२६. 'म' भन्ने शब्दलाई कुन अर्थमा प्रयोग गरिन्छ भन्ने कुरा बुझ्न यी तल दिइएका तीनवटा उदाहरणहरुलाई मनन गर्न सकिन्छ।

(क) जब म भन्छु , 'म यहाँ छु', वा 'म त्यहाँ थिएँ', 'म' ले के बुझाउँछ ?

यहाँ 'म' ले मेरो शरीरको खास स्थितिलाई बुझाउँछ। म भन्दछु - 'किताब त्यहाँ छ, कलम त्यहाँ छ र म यहाँ छु।' यहाँ किताबको, कलमको र 'म' भन्नेको खास भौतिक स्थितिलाई बुझाएको छ। त्यसैले माथिको उदाहरणमा 'म' भनेको 'मेरो शरीर' लाई बाहेक अरु केहीलाई पनि बुझाउँदैन।

(ख) दोस्रो उदाहरण लिऔं - 'म विचार गर्छु'। यहाँ 'म' भन्ने शब्दले के कुरालाई बुझाउँछ ?

शरीरलाई त निश्चय पनि होइन। विचार गर्नु भनेको शरीर सित सम्बन्धित छैन। यो त चेतनचित्तसित सम्बन्धित छ किनकि विचार गर्ने त मनले नै हो।

(ग) तेस्रो उदाहरण - 'म भाषण दिन्छु'। यसमा 'म' ले शरीर मात्र वा मनमात्रलाई इंगित गर्दैन। यसले मन र शरीर दुवैलाई बुझाउँछ। विचार गर्ने मनको सहायता बिना जिब्रोले मात्र भाषण दिन सक्दैन।



Downloaded from http://dhamma.digital/

न त जिब्रोको सहायता बिना मन एक्लैले यो काम गर्न सक्दछ । भाषण दिने काम जिब्रो र मन दुवै मिलेर मात्र सम्पादन हुने क्रिया हो ।

२७. अतः हामी देख्दछौं कि 'म' भन्ने शब्दले कहिलेकाहीं मनलाई, कहिलेकाहीं शरीरलाई र कहिलेकाहीं शरीर र मन दुवैलाई इंगित गर्दोरहेछ । किनकि 'मानिस' भन्नासाथ शारीरिक र मानसिक दुवै अवस्थासहित भएको जीव भन्ने बुझिन्छ ।

२८. अझ विश्लेषण गरी हेर्ने हो भने, 'मानिस' वा 'जीव' भन्नेले पाँचवटा तत्वहरुलाई बुझाउँछ । यी पाँचलाई 'पञ्चस्कन्ध' भनिन्छ । ती पाँच हुन् - (१) रुप (चार धातु , काय् र इन्द्रियहरु) (२) वेदना (प्रिय, अप्रिय र प्रियाप्रिय संवेदना), (३) संज्ञा (पहिचा वा मूल्यांकन), (४) संस्कार (चेतना, स्पर्श र कर्म) र (५) विज्ञान (संचेतना, चेतना-प्रवाह) ।

२९. यी पाँचतत्व मिलेर नै 'मानिस' वा 'जीव' बन्दछ । यो 'पञ्चस्कन्ध' बाहिर 'मानिस' विद्यमान हुँदैन जस्तै निर्जीव बस्तुमा पनि 'टेबुल' भनेको बस्तु टेबुलको चार खुट्टा र फल्याकआदिको बाहिर हुँदैन ।

३०. यी स्कन्धहरु अलग अलग होइनन् । एक बिना अर्कोको अस्तित्व हुँदैन बरु एकै ठाउँमा मिलेर आ-आफ्ना काम सम्पादन गरेर मात्र ती पूर्णतामा प्राप्त हुन्छन् ।

३१. स्थायीरुपमा अचल भएर संश्लिष्ट कुनै वस्तु पनि हुँदैन । त्यसमा निरन्तरता र बन्ने बिग्रने क्रिया चलिरहेको हुन्छ ।

## पुनर्जन्म

यदि सदा उहीरुपमा रहिरहने आत्मा छैन भने, त्यो कुन कुरा हो जुन फेरि फेरि जन्मिन्छ ?



Downloaded from http://dhamma.digital/

३२. यस प्रश्नले धेरैलाई आकर्षित पनि पार्दछ र अचम्भित पनि तुल्याउँछ। बुद्ध-धर्मअनुसार बनारसको एउटा मानिस मरेर आफ्नो कर्मानुसार पटनामा कुकुर भएर जन्मन सक्छ। अब बनारसमा मर्ने त्यस मानिसको शरीरबाट कुन तत्व (कुरा) निस्की पटनामा सरेर जान्छ र त्यहाँ जन्मने नयाँ छाउरामा प्रवेश गर्दछ ? यदि सदा रहिरहने आत्मा छैन भने के कुरा यसरी सर्ने गरिन्छ ? कसैको मृत्युको अर्को जन्मसँग के र कसरी सम्बन्ध हुन्छ ?

३३. बुद्ध-धर्मले कुनै पनि प्रकारको संसरण हुने कुरामा विश्वास गर्दैन। एउटा शरीरबाट केही निस्की अर्को शरीरमा प्रवेश गर्ने त्यस्तो कुनै वस्तु वा जीव हुँदैन।

३४. प्रतीत्यसमुत्पादको सिद्धान्तअनुसार प्रकृति संचालित हुन्छ। कुनै तत्वमा आधारित भएर नै कुनै कुराको प्रादुर्भाव हुन्छ र त्यस्तै अन्य वस्तु वा घटनाको कारण पनि त्यस तत्व बन्दछ।

३५. प्रतीत्यसमुत्पादको परिच्छेदमा हामीले बुझिसकेका छौं कि तृष्णा नै उपादानको कारण हो। अनि भवको कारण उपादान हो र जन्मको कारण भव हो। मरणासन्न व्यक्तिको तृष्णाले उपादानलाई र उपादानले भवलाई र भवले जन्मलाई उत्पन्न हुने अवसर दिन्छ।

३६. मर्न लागेको मानिस र कुकुर भई जन्मने दुई जीवलाई त्यही तरिकाले बुझ्नुपर्छ - तृष्णाले उपादानलाई, उपादानले भवलाई, भवले जन्मलाई एकले अर्कोलाई उत्पन्न गर्दछ।

## दृष्टान्त

बेलायत र फ्रान्सबीच लडाईं भयो। त्यो लडाईं सय वर्षसम्म भयो। तर लगातार सय वर्षसम्म नरोकिकन त्यो लडाईं भइ नै रह्यो भन्ने कुरा चाहीं होइन। यो हुन असम्भव नै छ। विभिन्न मैदानमा त्यो



Downloaded from http://dhamma.digital/

लडाई विभिन्न समयमा लडेको हुनसक्छ तर रोक्दै नरोकी होइन ।

३७. त्यस सय वर्षभित्र धेरै मध्यान्तरहरु भए होलान् । त्यसरी नै शरीरमा आएका र आउने परिवर्तनको बहावलाई रोक्न सकिंदैन । मानिसको मृत्युपछि शरीरलाई जलाइन्छ तर तृष्णालाई आगोले जलाउन सक्दैन । लडाईंको प्रसंगमा पनि बीचबीचमा लडाईं रोके पनि सबैलाई मिलाएरै सय वर्ष भनियो ।

३८. एक लडाईं र अर्को लडाईंको बीचमा धेरै मध्यान्तरहरु भए । कुनै कारणवश दुई देशबीच शत्रुता पलाएको थियो र लडाईं भयो । शत्रुताको भावना अनि राज्य ठूलो पार्ने धोको एक सय वर्षसम्म रह्यो । यही सूत्रद्वारा नै बीचबीचमा धेरै लडाईंहरु घटित गराए ।

३९. त्यही प्रकारले, मानिसको शरीर र कुकुरको शरीर दुई क्षेत्रहरु हुन् जसमा उही एकै प्रकारको लडाईं जारी छ किनभने यो जीवनधाराको बहाव वा भनौं तृष्णा र उपादानको धारा अनवरत चलिरहेकै हुन्छ ।

४०. त्यही लडाईंको सिलसिला विभिन्न स्थान र समयमा चलि नै रह्यो । उही बन्दुक बोकेर होइन, उही सिपाही लिएर होइन । तर उही शत्रुताको भावले प्रेरित भएर ती लडाईंहरु ती दुई देशबीच भए ।

४१. जुन लड्ने जोस लिएर एक क्षेत्रमा लडाईं लडेको थियो त्यही जोस लिएर अर्को क्षेत्रमा गएर लडे । जोस त अटूटरुपमा रहेकै थियो । त्यस्तै मर्न लागेको व्यक्तिको चेतना अर्को जन्म लिने शरीरमा आफ्नो कर्मानुसार सर्ने गर्दछ । यस्तो कुनै तत्व छैन जुन एक शरीरबाट अर्को शरीरमा सर्दछ । जस्तै आगो लाग्दा निरन्तरताकासाथ एक छेउबाट अर्को छेउमा सल्केर अगाडि बढ्छ । बुद्ध-धर्मअनुसार यसलाई 'प्रतिसन्धि' भनिन्छ ।



Downloaded from http://dhamma.digital/

## जीवन-निर्देशक सिद्धान्त

४२. अब कसैले जिज्ञासा राख्न सक्दछ - कति समयसम्म यसरी यो निरन्तरता जारी रहन्छ ? के कुरामा भर परेर वा कसको इशारामा यो निरन्तरता कायम रहन्छ ?

४३. बुद्धले भन्नुभएको छ - यो तृष्णा वा उपादान हो जसमा निर्भर हुनाले जीवन-यात्रा चालु रहन्छ। जबसम्म तृष्णा रहिरहन्छ, यो निरन्तरता अगाडि बढि नै रहन्छ।

४४. जब हामी राम्रो वस्तु देख्दछौं, त्यसको प्राप्तिखातिर हामीमा तृष्णा उत्पन्न हुन्छ। अनि आकर्षण बढ्दै गएर उपादान पनि बन्दछ। अनि हाम्रो मनमा धेरै प्रकारका आशा र निराशा, शंका र उपशंका, सफलता र असफलताले गोता मार्छन्। यसरी हाम्रो सम्पूर्ण जीवनमा इच्छा-आकांक्षाको चेतन-धाराले निरन्तरता पाई जीवन-रथ अगाडि बढ्दछ।

४५. 'आत्मा' वास्तवमा छँदैछैन। हाम्रो व्यक्तित्व हाम्रो मनको प्रकृतिमा निर्भर रहन्छ - जुन निरन्तर गतिशील भइरहन्छ - यो गतिशीलता निर्माण हुन दिनुमा हामी नै जिम्मेदार छौं।

४६. धम्मपदमा बुद्धले भन्नुभएको छ - "जति पनि संस्कार उब्जिन्छन् त्यसमा मन नै कारण हो, मन नै तिनीहरुको मालिक हो, मनकै ती सन्तान हुन्।"

## मनको स्वभाव

४७. हामी एउटा नयाँ कुरा जान्ने क्रममा अर्को कुरा बिर्सिरहेका हुन्छौं।

बाटोमा हिंड्दाहिंड्दै हामी एकजना मान्छे भेट्छौं र यस्तो मान्छे रहेछ भनी मुल्यांकन गर्छौं। तर केही परसम्म पुग्दा नपुग्दै



Downloaded from http://dhamma.digital/

उसको स्मृति क्रमशः धमिलिंदै विस्मृतिमा पुग्दछ । त्यसैबेला अर्को कुनै वस्तु - गाडी वा घरले उसको स्थान ओगट्छ र त्यसप्रति हामी सजग हुन्छौं । अझ अगाडि बढ्दै जाँदा त्यस आकृति वा त्यसको स्मृति पनि हराएर जान्छ र अर्के नयाँ स्मृति मानसपटलमा उत्रिन्छ । यसरी स्मृति विस्मृतिको क्रम चलिरहन्छ ।

४८. यसरी हामी सदैव एउटा नयाँ आकृति वा स्मृति मनमा राख्छौं र बिर्सन्छौं । अर्कोलाई लिन्छौं, त्यसलाई पनि बिर्सन्छौं इत्यादि . . हामी जन्मेदेखि यसरी स्मृति र विस्मृतिको खेल निरन्तर विना रुकावट चलिनै रहेको हुन्छ ।

४९. बाहिरबाट कुनै स्मृतिजन्य प्रभाव लिन नसकेको अवस्थामा पनि यो प्रक्रिया रोकिंदैन । निदाउँदाखेरि पनि सपनामार्फत यो प्रक्रिया चल्दछ । त्यसबेला हाम्रो मनमा दबेर रहेका पुराना स्मृति (छाप) जाग्दछ र बिलाउँछ पनि ।

५०. तर सबैकुरा यसरी नै बिर्सदैनौं । कुनै वस्तु वा विषय जसमा हाम्रो ध्यान बलियोसित गाँसिएको हुन्छ त्यसलाई धेरैसमयपछि मात्र बिर्सन थाल्छौं किनभने यस्ता स्मृतिहरु मनमा धेरै समयसम्म प्रकम्पित भएर रहन्छन् । कुनै वस्तु वा विषय जसले हाम्रो ध्यान आफूतिर तान्न सक्दैनन्, ती छिटै हराएर जान्छन् ।

## दृष्टान्त

५१. यसरी नै, जब हामी बाटोमा गइरहेका हुन्छौं, हात्ती देखियो भने त्यसको छाप अलि धेरै समयसम्म मनमा रहन्छ तर एउटा सामान्य मानिस जसमा कुनै खास आकर्षण छैन, उसलाई ओझेल हुने बित्तिकै बिर्सिहाल्छौं ।



Downloaded from http://dhamma.digital/

## बिर्सिएको कुरा पनि हराएको हुँदैन

५२. हाम्रो जानकारीमा आएको कुरा ढिलो वा चाँडो हामीले बिर्से पनि ती हाम्रो मानसमा रहिरहन्छ। ती एकदमै हराएका हुँदैनन्। बिर्सेका जति पनि कुराहरु छन्, ती मनको ढुकुटीमा संरक्षित रहन्छन्। हाम्रो मन एक महान र गजबको भण्डार हो। त्यस भण्डारमा जन्मेदेखिन्को विचारहरु वा छापहरु एक एक गरी उचित स्थानमा मिलाएर राखिएका हुन्छन्। हामीले सोचेका, सम्झेका, अनुभव गरेका र कार्य सम्पादन गरेका कुराहरु त्यहाँ सुरक्षित रहन्छन्।

५३. हामीलाई चाहिएमा तिनीहरुलाई एक एक गरी पुनर्प्रयोग गर्न सक्दछौं।

अतः हाम्रो मनको दुई पक्ष हुन्छन्

(१) वर्तमानमा अनुभव गर्ने र काम गर्ने पक्ष र

(२) विस्मृतिमा पुगेका विचारहरु र छापहरुको भण्डारको पक्ष।

मनोवैज्ञानिकहरु पहिलोलाई सचेतन मन र दोस्रोलाई अर्द्धचेतन मन भन्दछन्।

## अर्द्धचेतन मन साह्है सक्रिय हुन्छ

५४. प्रायः मानिसहरु सोच्दछन् कि सचेतन मन जहिले पनि सजीव र सक्रिय हुन्छ। अर्द्धचेतन मनमा दबेर रहेका अथवा विस्मृत भएका स्मृतिहरु मृत वा निष्क्रिय हुन्छन्। यो गलत धारणा हो। अर्द्धचेतन मनमा रहेका विचारहरु सक्रिय हुन्छन् र सचेतन मनमा आउन तँछाड्मछाड् गरिरहेका हुन्छन्। मौका पाउने बित्तिकै ती आफ्नो धरातलबाट उठेर आउँछन्। बर्जसन भन्छन् - "जुन हामीले अनुभव गरेका थियौं, खोजेका थियौं, बाल्यकालदेखि इच्छा गरेका थियौं ती सबै वर्तमानतिर अग्रसर हुने ताकमा हुन्छन् जसले सचेतन मनको



Downloaded from http://dhamma.digital/

द्वारमा दवाव दिइरहेका हुन्छन् ।" बुद्धले पनि त्यस्तै भन्नुभएको छ कि हाम्रो वर्तमान व्यक्तित्व, हाम्रो आरम्भकालदेखि हामीले जे गर्‍यौं, जे अनुभव गर्‍यौं र सोच्यौं त्यसैको प्रतिफल हो ।

५५. चोरको व्यक्तित्व साधुको भन्दा फरक हुन्छ किनकि उनीहरुले भूतकालमा गरेका काम र विचार समान हुंदैनन् । जुन हामी बितिसकेको भन्दछौं त्यो वास्तवमा बितेका छैनन् । तिनीहरु अहिले पनि सचेत एवं जीवित रहेका हुन्छन् । हामीले गरेका पूर्वकर्महरु र विचारहरुले हामीलाई नजिकैबाट पछ्याइरहेका हुन्छन् जसरी गोरुको खुट्टानिरैबाट गाडाका चक्काहरु गुड्दछन् अथवा वस्तुलाई छायाँले पछ्याउँदछ ।

५६. अतः आफ्नो अर्द्धचेतन मनलाई आफूले के कस्तो रंगले रंगाएका छौं, के कस्तो विचारको संग्रहले भरेका छौं, समय पाएर तिनीहरु आफ्नै तरिकाले आफ्नै स्वभावले प्रकट हुने गर्दछन् । यी मनोमय भएको जीवलाई नै मानिस भनिन्छ । यही नै जीवन हो र यही नै स्वत्व हो । हामी आफैले आफूलाई जे बनाउन चाहेका थियौं त्यहीअनुरुप हामी हुन्छौं ।

५७. अब हामीले बुझ्नुपर्छ हामीभित्र सचेतन र अर्द्धचेतन मनको अतिरिक्त 'आत्मा' भनिने र एक जीवबाट अर्को जीवमा सर्ने तत्व केही कतै छंदैछैन् ।

५८. हाम्रो मन नै हामी स्वयं हौं । त्यो मानिस शुद्ध छ जसको अर्द्धचेतन मन शुद्ध विचार र छापले पूर्ण छ र त्यो मानिस अशुद्ध हुन्छ जसको अर्द्धचेतन मन अशुद्धि र पापले आच्छादित छ ।

५९. यस कुरामा कोही कोही विरोधाभास व्यक्त गर्दछन् र ती भन्दछन् - "यदि हाम्रा झिना र मसिना अनुभवहरु पनि अर्द्धचेतन मनमा संग्रहित रहन्छन् भने हामीले तिनीहरुलाई किन चाहिएको बेला याद गर्न सक्दैनौं ?"



Downloaded from http://dhamma.digital/

६०. त्यो त हाम्रो सचेतन मनको सबलता वा निर्बलताको कारणले हुन्छ । अर्द्धचेतन मनको विशाल भण्डारबाट क्रमशः झिकी प्रयोग गर्न सक्ने क्षमतामा भरपर्छ । जो ध्यानमा बस्दछ र लगातार सचेतनामा आफूलाई अभ्यस्त पार्दछ उसले राम्रोसित स्मरणशक्तिको जगेर्ना गर्न सक्दछ । अन्य सामान्यजनले मन चञ्चल भएको कारणले त्यसो गर्न सक्दैनन् । जति चेतनशील, स्थिर र एकाग्र हुन्छ त्यति नै बढि अर्द्धचेतन चित्तमा आफ्नो प्रभुत्व जमाउन सकिन्छ । बुद्धले आफ्नो चेतनशक्तिलाई पूर्णताका साथ यति राम्रोसित प्रशिक्षण दिनुभयो कि उहाँले आफ्नो अर्द्धचेतन भण्डारबाट असंख्य जन्मको कुराहरु पनि स्पष्टसित सम्झने क्षमता हासिल गर्नुभयो । यो अचम्मको कुरा पटक्कै होइन । अर्द्धचेतन मनमा सबैथोक हुन्छ र प्रशिक्षण प्राप्त गर्न सकिएमा तिनीहरुलाई हाम्रो स्मृतिपटलमा उतार्न सकिन्छ ।

६१. हाम्रो वर्तमान जन्मसँगै अर्द्धचेतन मनको प्रारम्भ भएको होइन । सृष्टिको प्रारम्भदेखि नै यो हामीसितै थियो पछि पछि त्यसको आकार र परिमाण बढ्दै आएको मात्र हो । एकबाजी यसमा दर्ता हुन आएपछि यसैमा समाहित रहन्छ ।

## इ) सबै दुःखमय हुन्

१. दुःख एक यथार्थ हो जुन अनित्यताको कारणले प्राप्त हुन्छ । स्थायित्व भएको र सारभूत कुरा कुनैमा पनि छैन जसलाई सुरक्षा र सन्तोषको दृष्टिकोणले स्वीकार्न सकिन्छ । तृष्णाको कारणले हामी संसारलाई नै हाम्रो मुट्ठीमा पार्न चाहन्छौं । तर होसमा आउनुभन्दा पहिले नै यो बिलीन भइसकेको हुन्छ अनि हात पर्छ सिर्फ शोक, दुःख र चिन्ता । यस विश्व ब्रम्हाण्डमा यस्तो ठाउँ कहीँ छैन जहाँ गएर सन्तोषको सास फेर्न सकिन्छ । सबै अनित्य छन् , अनात्म हुन् । केही पनि सदा रहिरहंदैन, केही पनि आफ्नो वशमा छैन ।



Downloaded from http://dhamma.digital/

२. बुद्ध भन्नुहुन्छ - "हावामा समुन्द्रको माझमा, पहाडको कन्दरामा, पृथ्वी र विश्व ब्रम्हाण्डको जहाँ कहीँ होस् त्यस्तो ठाउँ कतै छैन जहाँ मृत्युले तिमीलाई भेट्टाउन सक्दैन र निल्न सक्दैन ।"

३. दुःख नै पहिलो आर्य-सत्य हो । यसलाई बनारसको ऋषिपतनमा पाँच ब्राम्हणहरुलाई धर्मचक्र प्रवर्तन सूत्रअन्तर्गत बुद्धले सबिस्तार बताउनुभएको छ ।

४. विभिन्न भारतीय दर्शनशास्त्रहरुले दुःखको व्याख्या आफ्नै तरिकाले गरेका छन् । उनीहरुले आफ्नै किसिमले दुःखलाई महत्व पनि दिएका छन् ।

५. वेदान्त दर्शनमा बुद्ध-धर्मको पूर्णरुपले विरोधाभास छ । वेदान्तले सत्-चित्त-आनन्दको धारणालाई अघि सार्दछ । बुद्ध-धर्मको सिद्धान्त अनित्य-दुःख-अनात्मसँग तादाम्यता राख्दछ । वेदान्त नित्य-आत्मा-आनन्दसँग सम्बन्धित छ जुन बुद्ध-धर्मको पूर्णतः वा मूलतः विपरित छ ।

६. वेदान्तअनुसार सदा रहने, नित्य ध्रुव, शाश्वत आत्मा नै सत्य हो र संसार क्षण क्षणमा बदलिरहन्छ जुन 'माया' वा 'भ्रम' हो । परमात्मा नै सत्य हो र अनुभवजन्य मन र शरीर (पदार्थ) भ्रम हुन् । आनन्द नै सत्य हो र दुःख भ्रम हो । परब्रम्ह पिता र सच्चिदानन्दलाई ब्रम्हाको नाम दिइएको छ र दार्शनिकहरु यही ब्रम्ह स्वरुपलाई साक्षात्कार गर्न प्रयत्न गर्दछन् ।

७. सांख्य-योग दर्शनले संसार र दुःखलाई भ्रम मान्दैन तर यसले आध्यात्मिक वास्तविकता (सत्य) लाई प्रत्यक्ष सत्य भनेर अंगिकार गर्दछ । यसले भौतिक जगतको साथसाथै परमात्माको विविधतामा पनि विश्वास गर्दछ र मानिसको सारतत्वलाई मान्दछ । त्यस सार तत्वलाई स्वच्छ र शुद्ध भएकोले पुरुष भन्ने नाम दिइएको छ ।



Downloaded from http://dhamma.digital/

८. यो शुद्ध र स्वच्छ पुरुष कसरी पाप र दुःखद्वारा विकृत हुन्छ भन्ने कुरालाई एउटा सुन्दर उदाहरणद्वारा व्याख्या गरिएको छ। कुनै रातो फूलको छायाँ जब स्वच्छ सेतो काँचमा पर्दछ, त्यसको प्रतिच्छायाँ पनि रातै हुन्छ। त्यो काँच वास्तवमा रातो होइन तर त्यो रातो देखिन्छ मात्र किनभने त्यो फूलको रंगसित उसको सम्पर्क भएको छ। त्यस्तैगरी भौतिक जगतको अनित्यता जब पुरुषमा प्रतिबिम्बित हुन्छ अनि अज्ञानताको कारणले अज्ञानीहरु पुरुषलाई नै अनित्य ठान्दछन्। वास्तवमा पुरुषको चरित्र कहिल्यै धमिलिंदैन। सदा स्वच्छ हुन्छ।

९. त्यसैले साँख्यले वेदान्तलेझैं दुःखलाई भ्रमपूर्ण मान्दैन बरु यसले अस्पष्टसित वास्तविकतालाई प्रस्तुत गर्दछ। सांख्य दर्शनले शुद्धप्रकृतिमा कसरी अज्ञानताले प्रवेश गर्दछ भन्ने कुरा स्पष्ट गर्न सक्दैन। यसले गर्दा सत्य हो भनेर सत्यको प्रतिच्छायाँलाई समाउन पुगिन्छ। यसले प्रतिच्छायाँ पर्नुपूर्व नै पुरुषको स्वभाव विकृत भइसकेको हो कि भन्ने भान पर्न जान्छ। त्यसैले पुरुषको शुद्धरुप हुन्छ भन्नु नै अप्रामाणिक हुन्छ। सांख्यको विरुद्ध धेरै विरोधाभास तेर्स्याउन सकिन्छ जसको सन्तोषजनक उत्तर पाउन सकिंदैन।

१०. न्याय दर्शनले दुःखलाई आत्माको स्वभाव-प्रकटीकरण हो भनेर स्वीकार्दछ र जैनधर्मले दुःखलाई शुद्ध जीवलाई ढाक्ने आवरण वा पर्दा हो भनेर मान्दछ।

११. यी भिन्न भिन्न दर्शनशास्त्रहरुले दुःखलाई सत्य हो भनेर मान्दैनन् किनकि उनीहरु आत्मा छ भन्ने अज्ञानरुपी धारणाबाट मुक्त हुन सकेका छैनन्।

१२. हामीले बुझ्नुपर्छ कि अनित्यताको सच्चा प्रकाशमा आत्मारुपी अज्ञानता (अन्धकार) विलीन हुन्छ र दुःख नै सत्य हो भन्ने कुरा यथाभूत रुपमा छर्लङ्ग देख्न सकिन्छ।



Downloaded from http://dhamma.digital/

जब मानिसले दुःखलाई जस्ताको तस्तै यथार्थरुपमा देख्दछ अनि मात्र उसले यसबाट मुक्त हुने बाटो खोज्दछ ।

## २) मुक्ति के हो अथवा निर्वाण के हो ?

१. माथि व्याख्या गरिसकिएका केही कुराहरुको आधारमा अहिले यो विषयलाई अलि विस्तृतरुपमा बुझ्ने प्रयास गरौं ।

२. यो संसार प्रतीत्यसमुत्पादको सिद्धान्तद्वारा संचालित छ । केहीमा वा कसैमा निर्भर नगरी वा नभई कुनै कुरा पनि उत्पन्न हुँदैन र त्यस्तो निर्मित वस्तु पनि हुँदैन जसले अर्को कुनै वस्तुलाई उत्पन्न हुन मद्दत गर्दैन ।

### दृष्टान्त

३. चालकले डाइनमो चलाउँछ । त्यसको गतिले घर्षण उत्पन्न गर्दछ । घर्षणले विद्युत पैदा गर्दछ । विद्युतले पंखा घुमाउँछ ।

४. यदि चालकले डाइनमो नचलाएको भए डाइनमो घुम्दैनथ्यो । डाइनमो नघुमेको भए, घर्षण उत्पन्न हुँदैनथ्यो । घर्षण नै उत्पन्न नभएमा विद्युत पैदा हुँदैनथ्यो । विद्युत धारा नभएको भए, पंखा पनि घुम्दैनथ्यो ।

५. कारण र प्रभावको श्रृङ्खलालाई नियाल्दा हामीलाई थाहा लाग्छ कि विगत कारणको आधारमा एक घटना घट्छ र यस घटनाले अनागत घटनालाई घटित पार्न बल पुऱ्याउँछ । त्यस श्रृङ्खलामा एउटा मात्र घटना घट्न बन्द भएमा श्रृङ्खला अघि बढ्दैन । अतः प्रकृति पनि प्रतीत्यसमुत्पादको सिद्धान्तको आधारमा चल्दछ ।

६. भगवान बुद्धले यस प्रतीत्यसमुत्पादको नियमलाई जन्म, जरा र दुःखको व्याख्या गर्नमा प्रयोग गर्नुभयो ।



Downloaded from http://dhamma.digital/

## तृष्णालाई उपादानले पछ्याउँछ

७. तृष्णा भनेको इच्छा हो, लगाव हो र उपादान भनेको तृष्णालाई फलिफाप हुन दिनको निम्ति तन्मयताका साथ लाग्ने आसक्ति हो ।

हामी सुन्दर वस्तु देख्दछौं र त्यसलाई प्राप्त गर्ने लालसा जगाउँछौं - यो मलाई चाहिन्छ, मैले यसलाई जसरी पनि प्राप्त गर्नुपर्छ । यस्तो इच्छाले हामीलाई त्यो वस्तु प्राप्त गर्नतिर उद्यत गराउँछ । यही उपादान हो ।

## उपादानलाई भवले पछ्याउँछ

८. भवको शाब्दिक अर्थ हो - अस्तित्व । यहाँ भवको अर्थ हो हाम्रो जीवनको अस्तित्वको प्रक्रिया । अतः उपादानमा नै जीवन प्रक्रियाको अस्तित्व निर्भर रहन्छ ।

९. हाम्रो जीवन के हो भने यो एउटा उपादानै उपादानको माला हो जसको पूर्ति गर्न हामी सततः लागी पर्छौं अनि जसलाई घृणा गर्छौं त्यसलाई पन्छाउन उद्यत हुन्छौं । खानु , पिउनु , हिंडनु जस्ता सामान्य कामदेखि ठूलठूला कामहरु हामी सम्पादन गर्दछौं । ती सबै हाम्रै सुख सुविधाको लागि गर्दछौं । त्यसैले उपादानरहित जीवनको कल्पनै गर्न सकिंदैन । सारा जीवन उपादान पूर्तिमै खर्च गर्दछौं ।

अतः जीवन-प्रक्रियाको अस्तित्व, उपादानमा नै निर्भर गर्दछ ।

## भवलाई जन्म, जरा, मरणले पछ्याउँछ

१०. जीवन-प्रक्रिया चल्दछ । जीव जन्मिन्छ, बूढो हुन्छ र मर्दछ । उसले जीवनमा आशा वा निराशा, सफलता वा विफलता, सुख वा



Downloaded from http://dhamma.digital/

दुःख पाउँछ अनि यसरी नै सबै प्रकारका विकारहरु त्यस जीवमा उब्जिन्छन् ।

११. तृष्णालाई जित्न सकेमा उपादान बन्दैन । एउटा अर्हतले एउटा सुन्दर वस्तुलाई देख्दछ तर उसमा त्यसप्रति तृष्णा वा आसक्ति उब्जिदैन त्यसैले उसमा उपादान उत्पन्न हुँदैन ।

१२. उपादान बन्द भएमा भव उत्पन्न हुँदैन ।

जब भव बन्द हुन्छ - जन्म, जरा व्याधि मरण र अनेक प्रकार का दुःख पनि बन्द हुन्छन् ।

जब दुःख बन्द हुन्छ - सबै प्रकारका विकारहरु र तिनमा प्रतिक्रिया हुने काम पनि बन्द हुन्छन् ।

१३. सबै प्रकारका तृष्णाको निरोध हुनु (तस्सऐव तण्हाय असेस विराग निरोधो) लाई नै निर्वाण भनिन्छ ।

## अर्हतको जीवन

१४. अर्हतले सबै तृष्णालाई त्याग्दछ, त्यसैले उसमा उपादान हुँदैन । कसैकसैले यो कुरामा विरोध गर्दछन् - यदि अर्हतमा उपादान हुँदैन भने र उपादानमै जीवन-प्रक्रिया निर्भर हुन्छ भने उसको जीवनको अस्तित्व कसरी अगाडि बढ्छ ?

१५. यस प्रश्नलाई यसरी बुझ्नुपर्छ - अर्हतको जीवनलाई त्यस पंखासँग तुलना गर्न सकिन्छ जुन करेन्ट बन्द भएपछि पनि घुमिरहन्छ । पहिलेको आफ्नो वेगको कारणले स्वीच बन्द गरिएतापनि त्यो पंखा केही बेरसम्म घुमिनै रहन्छ । जब बेग पूर्णरुपले शान्त हुन्छ, पंखा पनि पूर्णरुपले घुम्न छोड्दछ ।

अर्हतले सबै तृष्णा बन्द गरिसकेको हुन्छ । त्यसैले उपादान उनमा हुँदैहुँदैन तर पूर्व तृष्णा र उपादानको प्रभावले उनको जीवन-



Downloaded from http://dhamma.digital/

प्रक्रिया चालु नै रहन्छ। उनले आफ्नो मृत्युपश्चात् परिनिर्वाण प्राप्त गर्दछ। उनको पूर्व कर्मशक्ति सबै क्षीण हुन्छन्। अब उसको जन्म हुँदैन।

उनमा तृष्णारुपी आगो भ्याप्प निभ्दछ र उ पूर्णतया ठण्डा हुन्छ। (सितिभूतो -परि-निब्बुतो)

## एउटा वाहियात प्रश्न

१६. कोही प्रश्न गर्दछन् - "तर परिनिर्वाणपछि त्यो मान्छेको के हालत हुन्छ ?"

यो प्रश्न वाहियात हो। जबसम्म तृष्णाले बल दिइरहेको हुन्छ, त्यसबेलासम्म मात्र मानिसको जीवन-प्रक्रिया चल्दछ। तृष्णा रोकिएपछि, जीवन-प्रक्रिया पनि रोकिन्छ। कारण नै नभएपछि प्रभाव कसरी पर्छ ?

## उच्छेद-वाद

१७. उसो भए निर्वाण भनेको उच्छेद हुनु हो ?

१८. बुद्ध-धर्मअनुसार उच्छेद-वाद सम्भव छैन। कुनै पनि कुरा त्यसै त्यसै उच्छेद हुँदैन। पानीको एक थोपा वा धुलोको एक कण पनि त्यसै उच्छेद हुँदैन। अस्तित्वमा रहेकोलाई अस्तित्वहीन पार्न सकिँदैन। अतः जीव कसरी उच्छेद हुन्छ ?

१९. माथिको शंका व्यक्त गराइको प्रमुख दोष 'त्यही नै आत्मा' हो भन्ने अवधारणामा निहित छ। बुद्ध-धर्मले यस्तो 'सदा उही रहने' भन्ने अवधारणामा विश्वास गर्दैन।

२०. जब करेन्ट बन्द गरिन्छ, पंखा घुम्न बन्द हुन्छ। यसको मतलब पंखाको घुमाइ उच्छेद भयो भन्न मिल्दैन। न त त्यस पंखामा



Downloaded from http://dhamma.digital/

उही गति नै रहिरहन्छ, न त त्यो उच्छेद नै भएको मानिन्छ। यसलाई यस वाक्यांशको आडमा बुझ्नुपर्छ - कारण छैन भने प्रभाव पनि हुँदैन।

यस्तैगरी निर्वाण पनि तृष्णाको पूर्णतः क्षय भई जन्म जरा इत्यादिको निवारण मात्र हो।

## के निर्वाण शाश्वत अवस्था हो ?

२१. विपक्षीहरु अझ पनि प्रश्न गर्ने जमर्को गर्दछन् - "यदि निर्वाण उच्छेद होइन भने के यो शाश्वत अवस्था हो ?"

२२. यो प्रश्न पनि दोषपूर्ण छ किनभने यसले शाश्वत-वाद जस्तो अर्को अतिमा पुऱ्याउँछ। बुद्धको उपदेशअनुसार शाश्वत (नित्य) छैन। उहाँको उपदेशअनुसार जति पनि पदार्थहरु यस संसारमा छन् ती सबै अनित्य हुन् , ती शाश्वत होइनन् , दुःखै हुन्। शाश्वतको अवधारणा र सुखको अवधारणा दोषयुक्त र अन्धविश्वासयुक्त छ।

२३. निर्वाण यसै जीवनमा प्राप्त गर्न सकिन्छ। यसको अर्थ सुखको अवस्था प्राप्त भयो भन्ने कदापि होइन। सुख प्राप्त भयो भन्ने धारणाले लौकिक सुखलाई मात्र इंगित गर्दछ। निर्वाणको सहज अर्थ मानिसले यसै जीवनमा अर्हतलेझैं तृष्णाको निःशेष क्षय भएको अवस्थालाई साक्षात्कार गर्दछ।

२४. वास्तवमा 'यो एक अवस्था' हो भन्ने कुरै आउँदैन। 'अवस्था' ले अहिले अस्तित्वमा रहेकोलाई इंगित गर्दछ। बुद्ध-धर्मअनुसार यस्तो 'यही हो भन्ने तत्व' मानिसमा हुँदैन जुन निर्वाणपछि पनि विद्यमान रहन्छ।

२५. निर्वाण प्राप्तिपछि जन्म, जरा मरण नै हुँदैन भने कुनै व्यक्ति वा वस्तुको अवस्था भन्ने नै हुँदैन। बुद्ध-धर्मको मूल मन्त्र हो - "यत सत, तत क्षणिकं' अथवा जे जति छन् , सबै अनित्य हुन्।



Downloaded from http://dhamma.digital/

२६. त्यसैले निर्वाण न त उच्छेद नै हो न त शाश्वत नै हो किनकि ती दुवै विकल्पहरु आफैमा असम्भव र अस्तित्वहीन छन् ।

त्यसैले निर्वाण भनेको जन्म, जरादिको निरोध हो अर्थात कारणशून्य भएर प्रभावशून्य हुनु हो ।

## के निर्वाण सर्वोच्च सुख हो ?

२७. बुद्धले भनेका छन् - 'निब्बानं परमं सुखं' अथवा निर्वाण परम सुख हो ।

तर निर्वाणलाई अस्तित्वसहितको कुनै अवस्था हो भनेर लिनु हुँदैन । नित्य आत्मामा मात्र परम सुख निहित हुन्छ भन्ने कुरा बुद्ध-धर्ममा विश्वास गरिंदैन किनभने बुद्ध-शिक्षामा 'आत्मा' भन्ने नै हुँदैन, सिर्फ जीवन-प्रक्रिया विद्यमान रहन्छ जुन सतत: परिवर्तन भइरहन्छ र निरन्तर अगाडि बढिरहन्छ त्यसैले यो जीवन-प्रक्रिया नै दु:खमय छ ।

२८. बुद्धले निर्वाणलाई परम सुख भन्नुभएको छ । उहाँले यो कुरा सर्बोपरी प्रीतिको कारणले मात्र भन्नुभएको हो ।

२९. बुद्धले भन्नुभयो - 'पञ्ञा नरानं रत्तनं' अथवा प्रज्ञानै मानिसको रत्न हो । यसको अर्थ यो होइन कि बुद्धले प्रज्ञालाई मूल्यवान रत्न वा मणी माणिक्य हो भनेका हुन् । यो त प्रज्ञाको सर्वोपरि प्रशंसा मात्र हो । यसको सोझो अर्थ हुन्छ - प्रज्ञाप्राप्ति सबै प्राप्तिहरुमध्ये सर्वश्रेष्ठ छ । योभन्दा बढी केही होइन ।

३०. त्यस्तैगरी 'निर्वाण' लाई परम सुख हो भन्नुको अर्थ यो हो कि यो मानिसले प्राप्त गर्न सक्ने सर्वोच्च आनन्द हो किनकि यही सम्पूर्ण विकारको स्रोत भएको तृष्णाको समूल क्षय हो साथै सबै प्रकारका दु:खहरु र यसका दोष र कारणलाई समेत निर्मूल हुने कुरा यसैमा सन्निहित छ ।



Downloaded from http://dhamma.digital/

## ३. दश बन्धनहरु

१. ती उत्साही धर्मप्रेमी साधकहरु जसले दुःखलाई पूर्णतः समाप्त पार्न चाहन्छन् मूलतः उनीहरुले दश बन्धनलाई चुँडाल्नुपर्छ। ती दश बन्धनहरुमध्ये अन्तिम बन्धन अविद्या हो। यो अविद्या नै जीवन-प्रवर्तक हो। यी दश बन्धनहरु नै मिथ्याधारणा हुन्। यी धारणाहरु विगत असंख्य जन्मदेखि हाम्रो अर्द्ध-चेतन मनमा बलियोसित गाडिएर रहेका छन्।

२. यी बन्धनहरुलाई ध्यान समाधिद्वारा मनलाई प्रशिक्षित गरी पारमितापूर्ण जीवनयापन गरी हटाउन सकिन्छ।

३. (क) जब कुनै साधकले यी तीनवटा बन्धनहरु जस्तै सत्काय दृष्टि (माथि नै उल्लेख गरिसकिएको छ), विचिकित्सा (धर्ममा शंका उपशंका) र शीलव्रत-परामर्श (कर्मकाण्ड र अन्धविश्वासी क्रियाकलापहरु जसद्वारा शुद्धता मिल्दछ भन्ने गर्दछन्) लाई चुँडाल्न सक्षम हुन्छ, उसलाई स्रोतापन्न भनिन्छ। उसले बढीमा ७ पटकसम्म जन्म लिनुपर्छ। यी जन्महरुमा आफूमा रहेका अविद्यालाई पूर्णतः हटाउन र दुःखबन्धनलाई समाप्त पार्न ऊ उद्यत हुन्छ।

(ख) जब उक्त साधकले अरु दुई बन्धनहरु जस्तै कामराग (काम-तृष्णा) र पटिघ (बदलाको भावना) लाई कमजोर पार्छ, उसलाई सकृदागामी भन्दछ। यदि उसले अर्हत पद प्राप्त गरिसकेको छैन भने एकबाजी मात्र जन्म लिन्छ।

(ग) जब उक्त साधकले माथिको दुई बन्धनहरुलाई पूर्णतः चुँडालिसकेको हुन्छ, ऊ अनागामी बन्दछ। अब ऊ पुनः फर्केर नआउने आर्य बन्दछ।

(घ) जब उक्त साधकले बाँकी रहेका अन्य पाँच बन्धनहरुलाई विनष्ट गर्दछ जस्तै रुपराग (रुपभूमिको तृष्णा), अरुपराग (अरुपभूमिको



Downloaded from http://dhamma.digital/

तृष्णा), मान (घमण्ड, अहंकार), उद्धच्च (चंचलता) र अविद्या (अज्ञानता), उसले अर्हतत्व प्राप्त गर्दछ।

'विशुद्धि मार्ग' मा आचार्य बुद्धघोष भन्दछन् –

"मानौं, कुनै एउटा मानिसलाई कुनै एउटा रुखमा फुल्ने फूल र फल्ने फल मन परेन छ। उसले त्यस रुखको चारैतिर विषालु कीलाले ठोकेछ यसो गर्दा त्यो रुखले जमीनबाट सोसेर लिने पौष्टिक पदार्थ पनि विषाक्त भएछ र रुखको आकार पनि विकृत भएछ। अब त्यो रुखले फल दिन असक्षम भएछ। यसै उदाहरणअनुरुप एक नवयुवक पञ्चस्कन्धको बन्धनदेखि वाक्क लागेर रुखलाई विषालु कीलाले ठोकेझैं चार स्मृति प्रस्थानमा ध्यान गर्न थाल्दछ। जब पुनर्जन्म दिने कारक तत्वलाई सतिपट्ठानरुपी विषले समाप्त पारिदिन्छ र भविष्यमा पुनर्जन्म हुनै नपर्ने अवस्थामा पुऱ्याइदिन्छ र अन्तिम चेतन चित्त पनि दाउरा सिद्धिएको आगो झैं झ्याप्प निभ्दछ र उपादानले शून्य भई ऊ निर्वाणमा प्राप्त हुन्छ।"

भगवान बुद्धले 'रत्तन सुत्त' मा भनेका छन् -

"खीणं पुरानं, नवं नत्थि सम्भवं,<br>
विरत्त चित्ता एतिके भवस्मि।<br>
तें खीणविजा अविरुल्हिच्छन्दा,<br>
निवन्ति धीरा यथयंपदीपो।<br>
इदम्पि संघे रत्तनं पणीतं<br>
एतेन सच्चेन सुवत्थि होतु॥

पुराना नष्ट भइसके, नयाँ उत्पन्न हुँदैनन्। जसको चित्त भविष्यको जन्मबाट मुक्त भइसक्यो, त्यस धीर वीर पुरुषले सबै प्रकारका विकारका बीउहरु भुटिसकेको हुन्छ। (यहाँ बीउको अर्थ पुनर्जन्मको कारण हो) अब उसमा इच्छा आकांक्षा जाग्दैनन् र बत्ती झ्याप्पै



Downloaded from http://dhamma.digital/

निभेझैं ऊ निर्वाणमा प्रवेश गर्दछ।

यो अत्युत्तम रत्न, संघमा विद्यमान छ। यस सत्य वचनको प्रभावले हाम्रो कल्याण होस्।

**समाप्त**

**भवतु सब्ब मंगलं**

**'चिरं तिट्ठतु सद्धम्मो'**

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

असार पूर्णिमा दिनमा (विशेष दिन)

1) गर्भमा बस्न आएको दिन
2) गृहत्याग गरेको दिन
3) बुद्ध भैसके पछि तिर्थंकरहरुलाई हराउन देखाउन भएको एउटा आँखाबाट पानी र अर्को आँखाबाट आगो निकालेर देखाउनु भयो। देवलोकमा धर्म देसना दिन जानु भएको दिन
4) असार पूर्णिमा दिनमा धर्मचक्र प्रवर्तन गरेको दिन अथवा धर्मचक्र सूत्र पाठ गर्ने दिन
5) आजको दिनमा चिवर दान गर्ने चलन
6) चार महिनामा एकनासले वर्षा बस्ने दिन
7) चिवर दान गर्नाले रुप वर्ण राम्रो हुन्छ।

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

## 'धम्मपद' का केही पंक्तिहरु

१. सेलो यथा एकघनो – वातेन न समीरति ।
एवं निन्दा पसंसासु – न समिञ्जन्ति पण्डिता ॥

**अर्थ**

जसरी ठूलो चट्टानलाई हावाले हल्लाउन सक्तैन त्यस्तै पण्डितजनलाई पनि सांसारिक निन्दा वा प्रशंसाले हल्लाउन सक्दैन ।

२. तञ्च कम्मं कतं साधु – यं कत्वा ना'नुतप्पति ।
यस्स पतीतो सुमनो – विपाकं पटिसेवति ॥

**अर्थ**

जुन काम गर्दा आफ्नो मनमा ताप उत्पन्न हुँदैन बरु प्रीति उत्पन्न हुन्छ, त्यस्तो काम गर्नु असल हो ।

३. पथब्या एकरज्जेन – सग्गस्स गमनेन वा ।
सब्बलोका'धिपच्चेन – स्रोतापत्ति फलं वरं ॥

**अर्थ**

सारा पृथ्वीमा राज गर्नुभन्दा, स्वर्ग जानुभन्दा, सबै लोकको अधिपति हुनुभन्दा स्रोतापति फल उत्तम छ ॥

४. यस्स पुरे च पच्छा च – मज्झे च नत्थि किञ्चनं ।
अकिञ्चनं अनादानं – तम'हं ब्रूमि ब्राम्हणं ॥

**अर्थ**

भूत, भविष्य र वर्तमानको बारेमा कुनैमा पनि आसक्त नभएको, परिग्रह-रहित भएको, 'म' 'मेरो' भन्ने मान (घमण्ड) नभएको व्यक्तिलाई नै म ब्राम्हण भन्दछु ।

**भवतु सब्ब मंगलं**

015260966

Downloaded from http://dhamma.digital/